# प्रकाशनबारे जानकारी

१. प्रहरी २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६७ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै नेपाल प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै यस कार्यालयको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४. रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिकका लागि लेखकहरूको बैंक खाता नम्बर र स्थायी लेखा नं. अनिवार्य यस नेपाल प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखाको इमेल ठेगानामा पठाउन हुन सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइटः www. nepalpolice.gov.np र nepol.cd मा राखिँदै आएको हुँदा सम्पूर्ण महानुभावहरूमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक प्रकाशन


**सम्पर्क**

**नेपाल प्रहरी प्रधान कार्यालय**

जनसम्पर्क शाखा, नक्साल, काठमाडौं

फोन नं.: ०१-५७१९८२८, एक्सटेन्सनः १९३

इमेलः phqrs@nepalpolice.gov.np/phqprs@gmail.com

वेबसाइट : www.nepalpolice.gov.np


प्रहरी PRAHARI भदौ - असोज २०८२

ISSN 2661 6122

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# प्रहरी PRAHARI

## द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६७, अंक ३ भदौ - असोज २०८२









# प्रहरी

मे.अ.द.न. ६४/१५८

## द्वैमासिक प्रकाशन

वर्ष : ६७ अंक : ३ २०८२ भदौ-असोज



**प्रमुख सल्लाहकार**

प्र.ना.म.नि.विनोद घिमिरे

**सल्लाहकार**

प्र.व.उ. गोपाल चन्द्र भट्टराई

**प्रधान सम्पादक**

प्र.उ. हरिहर नाथ योगी

**सम्पादक**

प्र.ना.उ. मिन बहादुर कुँवर क्षेत्री

प्र.व.ना.नि. सरस्वती बुढाथोकी

**आवरण**

प्र.नि. कल्पना अधिकारी

**कम्प्युटर**

प्र.व.ना.नि. संगीता कार्की

**आवरण छपाइ**

ओभा प्रिन्ट एण्ड ट्रेड प्रा.लि. बागबजार

**छपाइ प्राविधिक**

प्र.व.ना.नि. गोपाल ब.थापा

प्र.ज. चन्द्र भण्डारी

प्र.ज. चुडामणी भट्ट



**प्रकाशक**

**नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।**


## सम्पादकीय...

**प्रहरी दिवसको शुभकामना**

असोज मसान्तसँगै देश भरका सम्पूर्ण प्रहरी कार्यालयहरू र प्रहरी कर्मचारीहरूमा प्रहरी दिवसको रौनकले उत्साह छाएको छ । प्रहरी ऐन, २०१२ जारी भई नेपाल प्रहरीले वैधानिकता प्राप्त गरेको वि.सं. २०१२ असोज मसान्तको दिनलाई आधार मानेर वि.सं.२०५२ सालदेखि प्रहरी दिवस मनाउन शुरुवात गरिएको हो । प्रहरी दिवसमा प्रहरी कर्मचारीबीच आपसी शुभकामना आदान प्रदान, वीर तथा अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण एवम् विविध कार्यक्रमको आयोजनाको साथै वर्ष भरि गरेका कामको समीक्षा गर्ने गरिन्छ ।

प्रहरी संगठनलाई हालको अवस्थासम्म ल्याउन योगदान गर्ने अमर प्रहरीको वलिदान, अग्रज प्रहरीको योगदानको स्मरण र सम्मान गर्ने दिनको रुपमा प्रहरी दिवस मनाइन्छ । प्रहरी सेवामा रहेर आफन्त गुमाएको आश्रित परिवारसँग संयुक्त रुपमा श्रद्धा सुमन अर्पण गर्ने, प्रहरी संगठनमा वर्षभरि गरेका काममध्ये उत्कृष्टलाई पुरस्कृत गर्ने र नेपाल प्रहरीका लागि सहयोगी मनहरूलाई कदर र सम्मान गर्ने महत्वपूर्ण अवसरको रुपमा पनि प्रहरी दिवसलाई लिइन्छ ।

यस वर्ष ७०औं प्रहरी दिवस २०८२ **नागरिक प्रहरी सहकार्य:सुरक्षाको लागि अपरिहार्य"**

भन्ने विषयवस्तु(Theme) मा आधारित रही मनाइयो। प्रत्येक वर्ष जस्तै यो वर्ष पनि प्रहरी दिवसको अवसरमा प्रत्येक कार्यालयहरूले समयानुकूल र उपयुक्त हुने खालका जस्तैः रक्तदान, वृक्षारोपण, मन्दिर/विद्यालय सरसफाइ, अनाथ आश्रम/स्थानीय अस्पतालहरूमा खाद्यान्न तथा फलफूल वितरण लगायतका परोपकारी कार्यक्रमहरू गरी मनाइयो।

मुलुकमा समयसमयमा विभिन्न प्राकृतिक तथा मानवीय घटनाहरू भइरहेका हुन्छन्। यस्ता घटनाहरूमा नेपाल प्रहरी विचलित नभई आफ्नो स्रोत र साधनको प्रयोग गरी सदैव अग्रपंक्तिमा उभिई आफ्नो कर्तव्य निर्वाह गरिरहेको छ। हालै भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले देशमा अपुरणीय र अकल्पनीय घटना घटेको छ। नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, परिचालन कक्षको तथ्याङ्क अनुसार यस आन्दोलनमा ३ प्रहरी कर्मचारीको मृत्यु, २००० प्रहरी कर्मचारी घाइते र ४६५ वटा प्रहरी कार्यालयहरू पूर्ण र आंशिक रुपमा क्षतिग्रस्त भएका छन् भने ६६३२ जना कैदी र थुनुवा भागेका छन्। त्यसैगरी प्रहरीका हातहतियार पनि लुटिएका छन्। यसबाट प्रहरी संगठनलाई थप चुनौती थपिएको छ। यस आन्दोलनपछि प्रहरी संगठनले खस्किएको प्रहरीको मनोबललाई उँचो बनाउनु छ, क्षति भएको प्रहरीका भत्किएका संरचनाहरूको पुनर्निमाण गर्नुपर्ने छ, लुटिएका हतियार तत्कालै फिर्ता गराउनु पर्ने छ र जेलबाट भागेका कैदी बन्दीहरू कारागार फर्काउनु पर्ने छ। यस्तो परिस्थितिको बाबजुत आसन्न चाडपर्वमा विगतको भन्दा फरक सुरक्षा रणनिति अवलम्बन गर्नुपर्ने चुनौती पनि रहेको छ। त्यसैगरी अविरल वर्षाका कारण आएकोबाढी र पहिरोमा उद्धारको लागि पनि प्रहरी दिनरात खटिनै रहेको छ। यस्ता चुनौतीको बाबजुत पनि प्रहरी संगठन आफ्नो कर्तव्यमा अलिकति पनि विचलित नभई उभिएको छ। अतएवः हरेक चुनौतीको सामना गर्न, राज्यले सुम्पिएको दायित्व पूरा गर्न, राष्ट्र र आम नागरिकको हितमा काम गरी अधिकतम सकारात्मक परिणाम ल्याउन एवम् प्रहरी र नागरिकबीचको सम्बन्ध अझै उँचो बनाउन प्रहरी दिवसले थप प्रेरणा दिएको छ।

७०औं प्रहरी दिवस २०८२ तथा महान चाड विजयादशमी, दिपावली, छठ र नेपाल सम्वत्को पावन अवसरमा प्रबुद्ध लेखक वर्ग, शुभचिन्तक लगायत सम्पूर्ण नागरिकमा प्रहरी द्वैमासिक प्रकाशनको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं।

# विषयसूची

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ साक्षी परीक्षण | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | १ |
| ♦ प्रहरीको मनोबल उच्च बनाउन.......... | ✍ रत्नप्रसाद आचार्य | २८ |
| ♦ साइबर आक्रमणः घर भित्रकै रहस्य | ✍ सुमन बहादुर बस्नेत | ३७ |
| ♦ फौजदारी कानुनको परिचय २........... | ✍ प्र व ना नि सरस्वती बुढाथोकी | ६१ |
| ♦ एक सर्को दुनियाँ अर्को होइन साथी........ | ✍ प्र व ना नि बिष्णु थापा | ७९ |
| ♦ सहानुभूतिबाट जिम्मेवारीसम्मः आत्महत्या..... | ✍ प्र स नि जिवन बिष्ट | ९९ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ फिल्डिङको हाटबजार | ✍ युवराज नयाँघरे | ८ |
| ♦ तिजको गीतमा पर्यावरण चेत | ✍ बद्री प्रसाद ढकाल | १५ |
| ♦ सपना- मृत्य पछि | ✍ पूर्व प्र व उ बिक्रम गुरुङ | २० |
| ♦ छिमेकीको कुखुरो | ✍ पूर्व प्र ना उ भोजराज पाण्डेय | ३१ |
| ♦ हे कर्मयोद्धा प्रहरी ! तिमी कहिल्यै........ | ✍ प्र व ना नि प्रेमराज मिश्र 'अभीष्ट' | ४० |
| ♦ आश्रय | ✍ डा विश्वदीप अधिकारी | ४७ |
| ♦ पहिलो अन्तर्राष्ट्रिय यात्राः मिसन हाइटी | ✍ श्रीहरि के सी | ५१ |
| ♦ आहा बाल्यकालका ती दशैं ! | ✍ सीता कुमारी न्यौपाने धिताल | ६८ |
| ♦ रेडियो र रेडियो नेपालको इतिहास | ✍ त्रिचन्द्र प्रतीक्षा | ७४ |
| ♦ प्रिय फूल | ✍ डा छायादत्त न्यौपाने | ७७ |
| ♦ विकासको पर्खाइमा रहेको पाँचपोखरी | ✍ मुरारीराज मिश्र | ८३ |
| ♦ सकारात्मक सोच, सकारात्मक....... | ✍ रत्न प्रजापति | ८९ |
| ♦ उत्तिस र गुराँस | ✍ यशु श्रेष्ठ | ९३ |
| ♦ चिठी लेख्नुको अर्थ | ✍ दशराज शाक्य | ९७ |
| ♦ छोटुको जुक्ति | ✍ देवकी के सी | १०१ |
| ♦ अबको यात्रा कता ? | ✍ प्र स नि सुर्यध्वज तामाङ | १०३ |

## गीत / कविता /गजल


| | | |
|---|---|---|
| ♦ गजल | ✍ विवेक ढुलाल क्षेत्री 'दमक' | १९ |
| ♦ एकतामा बाँच्न पाछौं | ✍ लक्ष्मी प्रसाद मिश्र | ३० |
| ♦ नबोली नखोली हराएन प्यास | ✍ पदम दाहाल | ३६ |
| ♦ गजल | ✍ लीलाराज दाहाल | ३९ |
| ♦ पहिरोमा सगरमाथा | ✍ सानुराजा श्रेष्ठ 'अन्जान' | ४६ |
| ♦ मेरा तीन मोतीरत्न | ✍ हरिभक्त सिग्देल 'महेश' | ५० |
| ♦ गीत | ✍ दिपकराज विश्वकर्मा | ६७ |
| ♦ चरीको सन्देश | ✍ मित्रलाल पोखरेल | ७३ |
| ♦ बाआमाको आग्रह | ✍ माया बस्नेत थापा | ७६ |
| ♦ मुक्तक | ✍ हरिकृष्ण घिताल 'एच के' | ८८ |
| ♦ मुक्तक | ✍ घनबहादुर थापा | ९२ |
| ♦ खुसी | ✍ प्र स ह प्रेमा भुषाल | १०२ |
| ♦ मगमग मनको | ✍ बिन्दु अधिकारी ढकाल | १०९ |
| ♦ मुक्तक | ✍ रन्जना पराजुली लम्साल | ११२ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरु | संकलन : प्र व ना नि संगीता कार्की | १११ |
| ♦ रसबस | संकलन : प्र स नि रबिन्द्र कलौनी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | संकलन : प्र व ना नि प्रमोद उपाध्याय पण्डित | ११२ |


**प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।**

# साक्षी परीक्षण



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी°

## १. साक्षी परीक्षण

अदालतमा पेस भएका विवाद समाधान गर्नका लागि प्रमाणको आवश्यकता पर्छ । प्रमाणलाई भौतिक र जैविक दुई प्रकारले पनि विभाजन गर्ने गरिन्छ । भौतिक प्रमाण भनेको कुनै घटना र विवादका सम्बन्धमा घटनास्थलमा बरामद गरिने घटनासँग सम्बन्धित भौतिक चिजवस्तु जस्तै घटनामा प्रयोग गरिएका बन्दुक, खुकुरी, लाठी, भाला, गोली इत्यादि हुन् भने जैविक प्रमाणमा साक्षी (व्यक्ति) लाई लिन सकिन्छ । जसलाई मौखिक प्रमाण पनि भनिन्छ । मौखिक प्रमाण दिन आउने व्यक्तिले आफू स्वयंले प्रत्यक्ष रूपमा देखेको, सुनेको वा अनुभव गरेको कुराका सम्बन्धमा प्रमाण दिनु पर्छ । त्यस्तो व्यक्ति स्वयं प्रत्यक्ष रूपमा अदालतमा साक्षी सरह उपस्थित भई बक्न आउनु पर्छ ।[१] अदालतमा साक्षी बकपत्र गर्ने कार्यलाई साक्षी परीक्षण भनिन्छ ।

साक्षी भन्ने शब्दको खास अर्थ साक्ष्य अर्थात् प्रत्यक्ष रहेको, देखेको वा जानेको व्यक्ति जसले अदालतमा आफूले देखे जानेसम्मको कुरा व्यक्त गर्छ, त्यसलाई साक्षी भनिन्छ । साक्षीलाई अंग्रेजीमा Witness भनिन्छ । Wit भनेको बुद्धि र Ness भनेको इमान्दारी भन्ने अर्थ हुन्छ । यसरी हेर्दा बुद्धिले इमान्दारीपूर्वक घटनाको विषयमा जानकारी दिने व्यक्ति नै साक्षी हो । घटनासँग प्रत्यक्ष सम्बन्ध नरहेको मानिस साक्षी हुन सक्दैन । नेपालमा परापूर्व कालदेखि नै साक्षीको भनाई अनुसार मुद्दा वा विवादको छिनोफानो गर्ने प्रचलन रही आएको छ । साक्षीले ईमान धर्म सम्झी अदालत समक्ष सपथ लिई सत्य कुरा बोल्ने गर्छ भनी विश्वास गरिन्छ र साक्षीले गरेको बकपत्रलाई प्रमाणमा लिइन्छ ।[२]

प्रमाण ऐन, २०३१ ले कलिलो

---

°एलएल.एम., (फौजदारी र संवैधानिक कानून), सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

१. प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी, (२०७९), प्रमाण कानुनको परिचय, पैरवी बुक हाउस प्रा.लि., पृ. ३२२ ।

२. सोमकान्ता भण्डारी, कार्यविधि कानुनको परिचय, (२०७७), पैरवी बुक हाउस प्रा.लि., पृ. १८१- १८२ ।

उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरु त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहऱ्याएको व्यक्ति बाहेक मतियार वा सहअभियुक्त लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्ने उल्लेख गरेको छ।[३] बोल्न असमर्थ भएका व्यक्तिले अरुले बुझ्न सक्ने गरी लेखेर वा इशाराद्वारा गवाही दिन सक्दछ।[४] कुनै साक्षीले अदालतमा सोधिएको कुनै प्रश्नको जवाफ दिएमा सो जवाफले आफूलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा त्यस्तो प्रश्नको जवाफ दिन इन्कार गर्न पाउँदैन।[५]

साक्षीको भनाइ तौलिन्छ, संख्या गनिँदैन, प्रमाण विरोधाभास भएमा ती साक्षीहरूको विश्वासनीयतालाई तौली सत्यको खोजी गरिन्छ, संख्यात्मक प्रवलताको गणना गरिँदैन। (Witnesses are weighted not numbered. That is in case of conflict of evidence the truth is to be sought by weighting the credibility of respective witness not by the mere numerical pre-pondenance on one side of the another).[६] साक्षी कति जना भन्ने गणनाले प्रमाणको ग्राह्यता बढाउने हुँदैन। साक्षी प्रत्यक्षदर्शी हो होइन, उसले व्यक्त गरेका भनाइ अरु प्रमाणबाट समर्थन भए नभएको आदि आधारमा प्रामाणिक मूल्य रहेको मानिन्छ। साक्षीको योग्यता, विशेषाधिकार, साक्षी बुझ्ने प्रक्रिया, जवाफबाट झुट्ठा बके वापत कारबाही हुने बाहेक निजको जवाफलाई लिई मुद्दा नचलाउने व्यवस्था प्रमाण ऐन, २०३१ ले गरेको छ। साक्षीको परीक्षण न्याय प्राप्तिको मूल आधार हो। तसर्थ वादीको साक्षीलाई प्रतिवादीले र प्रतिवादीको साक्षीलाई वादीको तर्फबाट जिरह गरिन्छ। जिरहमा उठेका प्रश्न एवं उत्तरबाट नयाँ कुरा खुल्न आएमा अदालतको अनुमतिबाट पुनः सोधपुक्ष गर्ने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा ५० ले गरेको छ।

## २. साक्षी बकाउँदाको कार्यविधि

साक्षी बकाउँदा आफूले देखे, जाने वा सुनेको कुरा ईमान धर्म सम्झी साँचो बयान गरुँला भन्ने व्यहोराको शपथ लिन लगाई बकाउनु पर्छ। साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहबरमा बकाउनु पर्छ। तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारिख र समयमा कुनै पक्ष अदालतमा उपस्थित भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउनु हुन्छ। साक्षी

३. प्रमाण ऐन, २०३१ को दफा ३८।

४. प्रमाण ऐन, २०३१ को दफा ३९।

५. प्रमाण ऐन, २०३१ को दफा ४७।

६. Black's Law Dictionary page -१६४५.

बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्छ । एक पटक बकाई सकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरि नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ । साक्षीको बकपत्रमा मुद्दाका पक्षहरूको पनि सहिछाप गराउनु पर्छ । कुनै पक्षले सहिछाप नगरे न्यायाधीशले सो व्यहोरा जनाई आफ्नो सहिछाप गर्नु पर्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ देखि १०४, १०७ देखि ११५ सम्म तथा मुलुकी देवानी संहिता, २०७४ को दफा १७९ देखि १८९ सम्म साक्षी परीक्षण सम्बन्धी कानुनी व्यवस्था गरिएको छ । यी व्यवस्थाहरूमा मुद्दाका पक्षले प्रमाणको रूपमा उल्लेख गरेका साक्षीलाई साक्षी परीक्षणका लागि अदालतद्वारा तोकिएको तारिखका दिन आफैले उपस्थित गराउनु पर्दछ । तर कुनै खास मुद्दामा त्यस्ते मुद्दा दायर गर्दाकै बखत प्रतिवादी उपस्थित भई वादी वा प्रतिवादी वा दुवै पक्षले आ-आफ्ना साक्षी वा विशेषज्ञ उपस्थित गराउन बाधा नपर्ने कानुनी व्यवस्था गरिएको छ । तोकेको तारिखका दिन मुद्दाका पक्षले साक्षी उपस्थित नगराएमा त्यस्ता साक्षीलाई अदालतले खारेज गर्दछ । नेपाल सरकार वादी मुद्दामा नबुझ्ने नहुने साक्षीलाई अदालतले पन्ध्र दिनभित्र अदालतमा उपस्थित हुन आदेश गर्न सक्ने र साक्षी परीक्षण गर्न सक्ने व्यवस्था छ । साक्षी परीक्षण गर्दा पक्षको रोहवरमा गर्नु पर्दछ । साक्षीलाई तारिख तोकिएको दिनमा नै परीक्षण गर्नु पर्दछ । साक्षी परीक्षण गर्दा तोकिएको न्यायाधीशको इजलासमा गराउनु पर्दछ । साक्षीले अदालतमा उपस्थित भई बकपत्र गर्दा सत्य कुरा व्यक्त गर्ने कुराको उद्घोषण गरी न्यायाधीश समक्ष शपथ लिनु पर्दछ ।

**साक्षीको अदालतमा बकपत्र गराउँदा तीन चरणमा गरिन्छ । त्यसका चरण र प्रक्रिया देहाय बमोजिम उल्लेख गरिएको छः**

**(क) सोधपुछ**

सोधपुछ भनेको बकपत्रको क्रममा गरिने पहिलो चरण हो । यस प्रक्रियामा मुद्दाको पक्षले आफ्नो तथ्यलाई साक्षीको माध्यमबाट स्थापित गराउने प्रयास गर्दछ । जुन पक्षको साक्षी हो उसैले नै सोधपुछ गरिन्छ । सोधपुछ पक्षको तर्फबाट निजले नियुक्त गरेका कानुन व्यवसायीले आफ्नो पक्षको साक्षीलाई विवादको बारेमा सोध्ने कार्य हो । यसलाई प्रत्यक्ष परीक्षण पनि भनिन्छ । साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सोही पक्षले पहिला सोधपुछ गर्दछ । यस परीक्षणबाट मुद्दाको सन्दर्भमा पक्षलाई जे कुरा स्थापित गर्नुपर्ने हो त्यससँग सान्दर्भिक विषयमा

प्रष्ट र निर्विवाद प्रमाण व्यक्त गराउने प्रयास गरिन्छ। साक्षीबाट आवश्यक प्रमाण व्यक्त गर्न लगाइन्छ। तसर्थ साक्षीबाट के स्थापित गराउन खोजेको हो त्यस सम्बन्धी प्रश्न सोध्नु पर्छ । सोधपुछ गर्दा सूचक प्रश्न सोध्न पाइँदैन।

(ख) **जिरह**

जिरह जसलाई अंग्रेजीमा Cross Examination भनिन्छ । जिरहको मुख्य उद्देश्य सोधपुछबाट आएको तथ्य वा त्यसको प्रभावलाई निस्तेज पार्नु हो । सोधपुछको प्रक्रिया पूरा भए पछि लगतै मुद्दाको अर्को पक्षले सो साक्षीको जिरह गर्न पाउने कानुनी व्यवस्था रहेको छ । साक्षीको जिरह अनिवार्य प्रक्रिया होइन। मुद्दाका पक्षले आवश्यकता अनुसार अर्को पक्षको साक्षीको जिरह गर्ने गर्दछन्। साक्षीलाई जिरह नगरेको कारणबाट मात्र साक्षीको बकपत्र अपुरो भने हुँदैन। जिरह गर्न पाउनु पक्षको अधिकारको विषय भने हो । जिरहको प्रक्रियाले विवादको सत्य तथ्य कुरालाई प्रष्ट्याउने प्रयास गर्दछ । जिरह अत्यन्तै सिपमूलक प्रक्रिया हो । जिरह प्रभावकारी हुन सकेन भने आफ्नै विरुद्ध प्रतिउत्पादक हुन सक्ने प्रबल सम्भावना रहन्छ।

(ग) **पुनः सोधपुछ**

जिरह प्रक्रिया पछि पहिले सोधपुछ गर्ने पक्षले नै जिरहमा सोधेका र उठेका कुराहरूमा सिमित रहेर आफ्नो साक्षीलाई सोधपुछ गर्ने प्रक्रिया पुनः सोधपुछ हो । कुनै नयाँ प्रश्न सोध्नु जरुरी हुन आएको छ भनी पक्षले अदालतलाई विश्वास दिलाउन सकेमा अदालतले नयाँ प्रश्नहरू सोध्न अनुमति दिन सक्छ। पुनः सोधपुछ गर्नुको उद्देश्य विपक्षीले प्रश्न गर्दा र सोको जवाफ दिँदा कुनै कुरा प्रष्ट नभए जस्तो लाग्यो भने सोलाई प्रष्ट पार्ने मात्र हो । पुनः सोधपुछको क्रममा यदि कुनै नयाँ प्रश्नहरू सोधिएको छ र सोमा जिरह गर्नुपर्ने आवश्यक देखिएमा विपक्षीले जिरह गर्न पाउँछ।

### ३. बन्दसवालद्वारा साक्षी परीक्षण

बन्दसवाल भनेको मुद्दामा साक्षीसँग सोधिने प्रश्नहरू अदालतबाट पूर्व निर्धारित गरी साक्षी नै रहे बसेको स्थानमा गई बकपत्र गर्ने प्रक्रिया हो । अदालतमा आउन नसक्ने वा ल्याउन नसकिने साक्षीलाई मुद्दाका बारेमा निजलाई मुद्दाका बारेमा थाहा भएका विषयहरूमा प्रश्नहरू लिखित रूपमा तयार गरी साक्षी रहे बसेको ठाउँबाट नै बकपत्र गर्ने प्रक्रिया बन्दसवाल हो । बकपत्र गर्नुपर्ने साक्षी अर्को जिल्लाको बासिन्दा भई निजको शारीरिक अवस्थाको कारणले निजलाई मुद्दा रहेको अदालतमा उपस्थित गराई बकपत्र गराउन नसकिने भएमा वा उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षीलाई

बन्दसवाल मार्फत साक्षी परीक्षण गर्न सकिन्छ । यसरी साक्षी परीक्षण गर्दा बन्दसवालमा साक्षीलाई सोधिने प्रश्नहरू तयार गरी इलाकाको अदालतमा पठाइन्छ ।[७] सम्बन्धित अदालतले साक्षी परीक्षण गरी पठाउँछ । यसरी साक्षी परीक्षण गरिएकोमा मुद्दाका पक्षले साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न सक्दछ ।

**४. श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्ने**

बुझ्नु पर्ने साक्षी अति वृद्ध अवस्था, शारीरिक अशक्तता, अस्वस्थता वा नेपाल बाहिर रहे बसेको कारण वा बालबालिका भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने वा हुन नसक्ने अवस्था भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत त्यस्तो साक्षी बुझ्नको लागि अदालतमा निवेदन दिन सक्ने र अदालतलाई मनासिव लागेमा अदालतले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सक्दछ । श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) गर्दा अदालतको अनुमति लिई मुद्दाको सम्बन्धित पक्ष त्यस्तो संवाद स्थलमा उपस्थित भई सोधपुछ, जिरह वा पुनः सोधपुछ गर्न सक्दछ । यसरी साक्षी बुझ्दा त्यस्तो साक्षीले व्यक्त गरेको कुरा अभिलेख हुने व्यवस्था गर्नु पर्दछ र अदालतले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को अभिलेख राख्नु पर्दछ ।

**५. विशेषज्ञ साक्षीलाई बुझ्न सकिने**

"विशेषज्ञ" भन्नाले विशेष अध्ययन, तालिम वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरेको व्यक्ति हुन् । विशेषज्ञ साक्षी मुद्दाका पक्षका साक्षी होइनन् । यिनीहरू विशेष ज्ञान, अनुभव, सिप वा जानकारी भएका कारण विवादको विषयलाई न्यायिक निष्कर्ष निकाल्न मद्दत गर्ने विशेषज्ञ व्यक्ति हुन् । विशेषज्ञले आफूले व्यक्त गरेको विशेषज्ञ रायका सम्बन्धमा अदालतमा उपस्थित भई साक्षी सरह बकपत्र गर्नु पर्दछ । विशेषज्ञको बकपत्रका सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ५२ र ५२क तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०२ मा कानुनी व्यवस्था गरिएको छ ।

प्रमाण ऐन, २०३१ को दफा ५२ मा हस्ताक्षर, ल्याप्चे, विदेशी कानुन, विज्ञान, रीतिरिवाज, कला, वैज्ञानिक वा प्राविधिक रूपमा परीक्षण हुनु पर्ने विषय वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नु पर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा

७. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८९ / मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०७ ।

विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ भनी उल्लेख गरिएको छ। सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाका पक्षहरूलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनुपर्छ भन्ने व्यवस्था गरिएको छ।

साथै दफा ५२ (क) मा विशेषज्ञ साक्षीको बकपत्रको लागि तोकिएको दिन बकपत्र गर्न उपस्थित हुन नसक्ने भई सोही व्यहोराको लिखित जानकारी प्राप्त भएमा अदालतले त्यस्तो विशेषज्ञलाई उपयुक्त समयमा बकपत्रको लागि उपस्थित हुन आदेश दिन सक्ने र कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा अन्य कुनै कारणले निजलाई बुझ्न सक्ने अवस्था नभएमा र विशेषज्ञलाई नबुझी नहुने भएमा सोही विषयको अर्को विशेषज्ञबाट विशेषज्ञ राय बुझ्न सकिने कानुनी व्यवस्था गरिएको छ।

यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०२ मा “नेपाल सरकार वादी भएको जघन्य वा गम्भीर कसुर सम्बन्धी कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा निज लामो अवधि विदेशमा बसी नेपाल आउन नसक्ने भएमा वा अन्य कारणले निजलाई बुझ्न असम्भव भएमा त्यस्तो विशेषज्ञ सरहको वा सोभन्दा माथिको समान विषयको विशेषज्ञबाट विशेषज्ञ राय लिन सकिने” उल्लेख छ।

**६. सहअभियुक्तको जिरह गर्न सकिने**

सहअभियुक्त भनेको एउटै मुद्दामा प्रतिवादी बनाइका अभियुक्तहरू हुन् । कुनै कसुरजन्य कार्यमा संलग्न भएको भनी एक भन्दा बढी व्यक्तिहरू उपर अभियोग लगाइएको अवस्थामा ती अभियुक्तहरू मध्ये एक अर्काका लागि सहअभियुक्त हुन्छन्। कुनै मुद्दामा एकभन्दा बढी अभियुक्त भएमा एक अभियुक्तले अर्को अभियुक्तलाई दोषी देखाउन सक्दछ। कुनै अभियुक्तले आफूले गरेको बयानमा अर्को अभियुक्तलाई दोषी देखाई वा निज विरुद्ध प्रमाण लाग्ने गरी बयान गरेमा सो निजका विरुद्ध सो प्रमाण लाग्दछ। कुनै अभियुक्तले आफ्ना विरुद्धमा प्रमाण लाग्ने गरी पोल (बयान गर्दा कसुरमा संलग्न गरेको भनी उल्लेख गरेको) गरेमा सो पोल गर्ने सोही मुद्दाको अभियुक्त (सहअभियुक्त) लाई जिरह वा खण्डन गर्न पाउने पक्षको हक हुन्छ।

यस भन्दा अगाडिको कानुनमा साक्षीको बकपत्रमा जिरहको व्यवस्था भए पनि सहअभियुक्तको बयानमा जिरह गर्ने व्यवस्था गरिएको थिएन। यसबाट आफ्नो विरुद्धको प्रमाणको जिरह गर्न पाउने अधिकारबाट अभियुक्त वञ्चित हुन परेको अवस्था थियो । सर्वोच्च अदालतबाट सहअभियुक्तको बयानलाई शर्तात्मक

अवस्था उल्लेख गरी प्रमाणको रूपमा ग्रहण गर्न सकिने उल्लेख गरेको देखिन्छ। यसैगरी अभियोजनको सौदाबाजीको सिद्धान्तलाई आत्मसात गरी संहितामा गरिएको व्यवस्था समेतबाट सहअभियुक्तको बयानलाई अर्को अभियुक्तका हकमा प्रमाणमा लिनु पर्ने भएकाले त्यसरी प्रमाणमा लिने प्रमाणको सम्बन्धित पक्षलाई जिरह गर्न पाउने हक सुरक्षित गर्न प्रमाण परीक्षण गर्दा कुनै अभियुक्तले अर्को कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्ने व्यवस्था गरिएको छ। मुलुकी फौजदारी कार्यविधि संहितामा "प्रमाण परीक्षण गर्दा सोही मुद्दाको कुनै अभियुक्त विरुद्धमा प्रमाण लाग्ने गरी उल्लेख गरेमा अभियुक्तले कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्ने" व्यवस्था गरिएको छ।

**७. साक्षीको व्यवहार, मुखाकृति इत्यादि टिपोट गर्न सकिने**

न्यायाधीशले कुनै साक्षीलाई बकपत्र गराउँदा निजको व्यवहार र मुखाकृति कस्तो थियो, निजसँग सोधिएको प्रश्नहरूको जवाफ दिँदा निज उत्तेजित भएको, हडबडाएको वा डराएको थियो वा थिएन, निजको मुखाकृतिबाट निजले दिएको जवाफ साँचो वा झुठ्ठो के कस्तो झल्कन्थ्यो जस्ता कुरा र अन्य आवश्यक कुराको सम्बन्धमा आफूलाई लागेको कुराहरूको टिपोट बनाउन सक्दछ । सो टिपोटमा न्यायाधीशले सहिछाप गरी मिसिल संलग्न राख्नु पर्दछ । साक्षीको वकपत्रलाई प्रमाणको रूपमा मूल्याङ्कन गर्दा सो टिपोटलाई आधार लिन सकिन्छ।

**८. नेपाल राज्य बाहिर पनि साक्षी प्रमाण बुझ्न सकिने**

कुनै अदालतमा विचाराधीन रहेको कुनै मुद्दाका सम्बन्धमा नेपाल राज्य बाहिर रहे बसेको कुनै साक्षी वा प्रमाण बुझ्न परेमा वा बन्दसवाल गर्नु परेमा त्यस्तो विषयमा पारस्परिक कानुनी सहायता सम्बन्धी प्रचलित कानुन बमोजिम साक्षी वा प्रमाण बुझ्न सकिने कानुनी व्यवस्था छ। बुझ्न पर्ने वा बुझिएको साक्षी वा प्रमाण नेपाली भाषा बाहेक अन्य भाषामा बुझ्न पर्ने वा बुझिएको रहेछ भने सोको नेपाली भाषामा आधिकारिक अनुवाद गरी अदालतमा पेस गर्नु पर्दछ। कुनै कसुरको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा नेपाल राज्य बाहिर रहेको साक्षीलाई बुझ्न परेमा वा निजको बकपत्र गराउन परेमा त्यस्तो साक्षीलाई सो प्रयोजनका लागि तोकिए बमोजिम श्रव्य-दृष्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य यस्तै प्रविधि मार्फत बुझ्न वा निजको बकपत्र गराउन सकिन्छ। ◆◆◆

नियात्रा

# फिल्डिङको हाटबजार



✍ युवराज नयाँघरे

'तिमीलाई पर्खिबस्ने छु म !'

अघिल्लै दिन निरूलाई खबर पठाएको थिएँ ।

तर आफैँले पर्खेको दिन बिहानैदेखि अँध्यारो भयो । हावा बेतोडले लाग्यो । पानी पर्ला जस्तो भयो । जाडोले एक तह आफूलाई थप्यो ।

दुर्गा दिदी बोलेको सुनेँ- 'भाइलाई न्युजिल्याण्डले पानी मात्र देखाउने भो !'

मुस्काएर तातो पानी खाइरहेँ मैले । मन तातो पारिराखेर ऊर्जा बलियो पार्नु पऱ्यो नि । नत्र त हरेक कुरा चिसो भए– नमज्जा हुने नै भो ।

मिल्सन वरपरका रूखहरू भुइँ नै छुने गरी हल्लिएको देख्छु । फुल्न लागेका भुइँ घाँस पनि घरी उत्तरतिर सोत्राम्म पर्छ– फेरि हावाको फुइँकीमा परेर ढल्छन् दक्षिणतिर ।

म आँगनमा निस्केर यताउता हेर्छु–आफैँलाई लडाउला जस्तो छ हुण्डरी । फेरि बरण्डामा उभिएर समुद्रले पठाएको हावा हेरिरहन्छु । सिरिङ्ग-सिरिङ्ग भइरहन्छ ज्यान ।

ठूलठूला पानीका थोप्ला एक्कासि आँगनमा बर्सिन्छन् । फेरि समुद्रको हावाले कता पुऱ्याउँछ कता दर्किसकेको पानीलाई ।

हावा हुनसम्म चम्केको छ ।

'आज पनि घर बसेर फुलेका दाह्री ऐनामा हेर्दै बसे भो ।'

फुसफुसाउँछु म ।

'घुम्न जाने कुरा के पो होला ? जाने कि नजाने ? जाँदा रूझिन्छ कि ? भिजेर निथ्रुक्कै पो भइन्छ कि ? कपडा ल्याफल्याफी पो हुन्छन् कि ? थोरै कपडा छन्– फारू गरेर पुऱ्याउनु पर्छ ।'

मनमा कुरा खेलिरहेकै थिए ।

ढोकामा निरू क्षेत्री देखा परिन् ।

मन उज्यालियो तर दिन पो कालाम्मे भइरहेको छ । जाने पक्का भो– जाने पो के, कसरी होला ?

'भाइ, लु यत्ति खाएर जौँ । बाटा लागेपछि भरे भनेको के हो-के हो ?'

एभोकाडो र किबीका टुक्रा पाउरोटीमा कोचेर खाजा बनेछ । त्यै धमाधम खाएँ मैले ।

'तिमेरू जान्छौ भने म चैं नजानु ?'

दिदीले पटुकी कस्नु भयो ।

त्यसपछि उत्तरतिर गाडी हुइँकियो ।

कति सजिलो, सलल्ला गाडी हाकिन- निरूले । गाडी लस्करै आइरको घर नाघेर गइरह्यौं ।

'आइमाई धेरै बतुराउने होइन । पिँढी वरपर बसेर बच्चा पाउने, आँगनसम्म गएर छोराछोरी हुर्काउने, फेरि चुलोचौका सम्हाल्ने ।'

आमाकी सानिमाले यसो भनेको सम्झिरहेथैं ।

तर त्यसरी छेक्नेहरू आफैं छेकिए– बढ्ने, लम्कने र पर-परको संसार ताकेर हिँड्नेहरू निकै पर पुगिसकेका छन् । एउटा आँट, साहस र परिवर्तन निरूको यो गाडी हँकाइ पनि त हो नि ।

घाम लागेको छ मनमा ।

मिल्सन छोडेको आधी घण्टा हुनु पर्छ ।

एकाएक घरहरू बाक्ला देखापरे । आधा घरको संख्या थपियो । पुराना तर ३-४ तल्लेसम्मका घरहरू टुप्लुकिए । हामी फिल्डिङ पुग्न लागेछौं ।

पानी सिमसिम परिरहेछ । मज्जाले घुम्न नपाइएला भन्ने पीर परिरहेकै छ । तर त्यसलाई जित्नु छ मैले ।

आज शुक्रबारको दिन ।

१० नोभेम्बर ।

यो दिन मिलाउन खोजेको निकै अघिदेखि हो । एकातिर फुर्सदको कुरा, अर्कोतिर घुम्ने गाडी चाहियो, अझ घुमाइ दिने कर्ता पनि नभई भएन ।

सबै कुराले आज जोग जुरेछ ।

'म फिल्डिङ घुमाउँछु नि !'

निरूले सबैका अघिल्तिर दिएको वचनले आज यहाँ पुगेका छौं हामी । गाडी मूल बजारतिर पस्यौ ।

घरहरू पुराना, अग्ला र इतिहाससँग गाँसिएको सहर जस्तो भान भयो मलाई । यी बाटा देख्दा, अझ बेलायती पाराका घरको बनौटले भिक्टेरियाकालीन संकेत प्रष्टसँग पाइन्थ्यो ।

'गाडी पो कता थन्काउने होला ?'

स्टेरिङ मोडिरहेकी निरूको बोली सुन्दैछु । उनीसँगै बसेको हुनाले म उनका आँखासँगै चलेका हातको सक्रियता निहालिरहेको छु ।

पानी र हावा मिसिएरसँगै आइरहेका छन् । हो, हावाले मसिन्याएकोले हो कि पानी चैं निकै मिहीन छ ।

हामी पूरै फिल्डिङ भित्र पसिसकेछौं । यहाँ भित्रको चहलपहल पूरै मज्जाले देखियो । मान्छेहरूको हुलहाल निकै धेरै छ ।

सरसफाइका लागि यो सहरले

निकै नाम कमाएको रहेछ । १६ पटक त सरसफाइका लागि यो देशको प्रसिद्ध सम्मान हात पारेको रहेछ यो नगरले ।

'फिल्डिङले सरसफाइलाई विशेष महत्व दिन्छ । हरेक कुरा सफाइमा केन्द्रित छन् ।'

निरू बोलिरहेकी छिन् ।

फिल्डिङ सिटीको माझमा एउटा शान्त टावर थियो । टावरको चारै सुरमा कलात्मक घडीहरू राखिएथे । तीन तल्ले त्यो टावरको टुप्पामा गुम्बज शैली थियो । त्यसको टुप्पामा न्युजिल्याण्डको झण्डा फर्फराइरहेथ्यो ।

पहिलो तला खुल्ला थियो । चार वटा ढोका थिए । त्यसका सबैतिर फूलहरू ढकमक्क फुलिरहेथे । बीचका तलामा कलात्मक शैलीको लाम्चो झ्याल थियो ।

बेलायती महारानी भिक्टोरियाको शासन शैलीको कला र प्रस्तुतिले यो 'क्लक टावर' झकिझकाउ थियो । कला, इतिहास, शालीनता र सभ्यताको एउटा हार्दिक नमुनाको रूपमा अद्भूत हुन्थ्यो– यो घडी टावर ।

हामी यो टावरलाई फन्को मारेर देब्रे कुनातिर गयौँ । पानी र हावाले दिन पूरै ओसिलो पारेको थियो । बाहिरिँदा हामी रूझ्ने संकेत भइरहेथ्यो ।

गाडी थन्काएपछि निरूले हत्त न पत्त मलाई ज्याकेट दिइन्– 'पानीमा रूझ्दा ज्वरोले समात्ला तपाईंलाई । न्युजिल्याण्ड डुल्ने तपाईंको ज्यानमा ज्वरो डुलिपस्ला नि ।'

उनले हाँसी-हाँसी दिएको ज्याकेट मैले लगाएँ । कुरो काट्ने ठाउँ थिएन । पूरापूर सही ।

उनको स्कुलको ज्याकेट मलाई ठिक्क पनि भयो– सिरेटो, पानी छेक्ने, न्यानो र तातो दिने ।

'भिडभाड छ त । के हो आज ?'

निधारमा बर्सिएका पानी थोपा पुछपाछ पार्दै सोधैँ मैले ।

'आज त शुक्रबार । यहाँ बजार लाग्छ । बिहान ८ बजेदेखि १ बजे मात्रै ।'

'त्यै बजार भर्न मान्छेहरू दौडिरहेका !'

निरूले बाहुलाको पानी टकटकाएर भनिन् ।

'ओहो, गजब भो !'

दिदी दुर्गा मजेत्रोले पानी छेक्न थाल्नुभो । निरू र मैले काने टोपी तान्यौँ ज्याकेटको ।

'लु बजार पसौँ !'

निरू अगाडि लागिन् ।

मैले ३-४ फोटो घडी टावरको किलिक्क्याएँ । वरिपरि फूलैफूलले घेरिएको क्लक टावर निकै आकर्षक थियो । टुप्पोमा फहराएको न्युजिल्याण्डको झण्डा हावा र पानीमा रूझे पनि फर्फराउन छोडेन ।

पानी बिर्बिराउने र थामिने क्रम भइरह्यो ।

दक्षिणपट्टि एउटा सूचना पाटी थियो । त्यहाँ लेखिएको थियो– 'इट फ्रेस, लभ लोकल ।'

फिल्डिङ फार्मर्स मार्केट लेखिएको पाटीमा त्यहाँ पाइने फलफूल, तरकारी, चिया, कफीका नमुना उतारिएका थिए ।

म बिस्तारै बजार घुम्न थालेँ ।

'यही बजार देखाउन मन थियो । जे होस् तपाईँ के हुनु भो थाहा छैन । म चैं लास्टै ह्याप्पी ।'

निरू मेरै छेउमा फुसफुसाइरहेकी थिइन् ।

सानो चिटिक्कको गाडी थियो । चिनियाँ मूलकी पातलीले भारी बाँधिरहेकी थिइन् । अगाडिपट्टि अनेकौँ खालका मसला सजाएर राखिएका थिए ।

'चिनियाँ चिया खुब बिक्री हुन्छ । त्यै खान्छ मान्छेको यत्रो हुल ।'

निरू बोलेको म सुनिरहेको थिएँ ।

अर्कोतिर त्यस्तै चार चक्के गाडीलाई घर जस्तो बनाइएको थियो । त्यसमा केकका अनेकौँ थरी बेचिँदै थिए । मानिसहरू बयान गरी-गरी चिसो पानी, कोकसँगै केकमा रमाएका देखिन्थे– रमाई-रमाई ।

'चिसो दिनमा चिसै खाने कुरा !'

मैले जिब्रो टोकेँ ।

बेलायती सेनाका कर्नेल विलियम फिल्डिङ बिरामी भएपछि अस्ट्रेलिया र न्युजिल्याण्ड आए । उनी बिरामी भएर छुट्टी माग्दा सरकारले आवासीलाई जग्गा हेर्ने जिम्मेवारी दिएको थियो । उनले फिल्डिङमा त्यो काम गरेकैले यो ठाउँको नाउँ फिल्डिङ भएको देखिन्छ ।

सन् १८७१ मा विलिङटन आइपुगेका फिल्डिङले ७५ हजार पाउण्डमा मानवातुको १०७ हजार वर्गमिटर किनेर आवासीहरूका लागि घर बनाई लण्डन फिरेको इतिहास छ ।

बजारैभरि माओरी, चिनियाँ, कोरियाली, लेबनानीहरू थिए । त्यस्तै भारतीय, फिजी, टोगो, सानाना र अफ्रिकी मूलका महिलाहरू पसल थापिरहेका हुन्थे ।

युरोपियन मूलका बुढाहरू गीत गाइरहेका देखिन्थे–रूम्फी-रूम्फी । गोरे युवाहरू बाइबलका पुराना प्रति बेचिरहेका देखिन्थे ।

चिनियाँहरूले प्रायः स-साना गमलामा फलफूलका बिरूवा चार चक्के ठेलामा प्याज, लसुन, छ्यापी, पुदिना, धनियाँ र अनेकौँ रहर लाग्दा हरिया बिरूवा बेच्न बसेका देखिन्थे ।

'किन न । यता हेरेर पछि फार्ममा फोन गर्दा नि हुन्छ ।'

विनम्रतापूर्वक धनियाँवालीले

भनी मलाई ।

शुक्रबारे बजार भएकाले मानिसहरू बाक्लै थिए । सेता धर्के, निला र खैरा रङका छाना हालिएका सुकिला त्रिपालका घरहरू थिए । त्यहाँ काउली, बन्दा, गाजर, मुला, प्याज, ब्रोकाउलीका प्याकेट निकै राम्रोसँग सजाएर बेच्न राखिएथे ।

पश्चिमपट्टि अत्यन्तै लोभ लाग्दा फूल फुलिरहेका गमलाको लहर-लहर देख्न पाइयो ।

पानी रोकिने, चम्किने भए पनि बजार घुम्नेलाई मतलब थिएन । उनीहरू सामान किन्ने, खानेकुरा चाख्ने र गफ गर्न व्यस्त देखिन्थे । मैले कतै पनि मोलमोलाइ गरेको देखिनँ । लेखेको मूल्य हेर्‍यो, दियो, सामान बोक्यो । उल्टै धन्यवाद दियो, लम्कियो ।

शान्त बजार ।

'यो के हो ?'

'यो किम्ची हो । कोरियन किम्ची ।' एउटी पातली कोरियालीको पसलमा मैले सिसीभरि बन्दाकोभी थिचथाच पारेको हेरेर सोधेँ ।

उसले कम्प्युटर खोले किम्ची बनाउने तरिका देखाउन थाली । अर्को पसलमा मान्छेहरूको ताँती थियो । सुसी खाने ठुलै भिड थियो ।

पिठोका लाम्चा डल्लामा विभिन्न स्वाद राखिएको हुँदोरहेछ । त्यसमा पिरो, अमिलो राखी खाँदा विशेष स्वाद हुनाले जापानी परिकार खानेहरू निकै भेटिए ।

चेरीका परिकार चाख्ने, स्ट्रबेरीका जुस बनाएर खाने त्यो पसलमा झन् मान्छे धुइरेथे । सूचनामा लेखिएथ्यो– 'आफ्नो खाना आफैँ बनाऊ ।'

१६ डलर मूल्य रहेको त्यो खाना चेरीसँग सम्बन्धित थियो ।

एकातिर स-साना अत्याकर्षक गाडामा उसिनेका र तारेका फिजी, जापानी र चिनियाँ खानेकुराका ताँती थिए । अर्कातिर युरोपेली मूलका चकलेट, पेस्ट्रीज, केक र पिज्जाहरूको झन् बढी भिडभाड थियो । तर मैले किबीहरूको चाहना एसियाली खानातिर नै ढल्केको पाएँ ।

'केही खान मन छ ?'

निरूले सोधिन् ।

'म हेर्न चाहन्छु, खाने लोभ छैन ।'

म फेरि दक्षिणतिरको फूलैफूलको ताँतीतिर पसेँ । दिदी र निरू अल्याङ-तल्याङ गरिरहे ।

दक्षिणतिर जापानी, चिनियाँ र मलेसियाली मूलका युवतीहरू फूलैफूलका बिरूवा बेच्न बसेथे ।

अनेकौँ प्रजातिका राता, सेता, पहेँला, निला, कलेजी, गुलाबी र खैरा

फूल फुलेका साना पोथ्राले ती घेरिएथे । प्लास्टिकका गमलामा ज्यादै कलात्मकसँग हुर्काइएका ती बिरूवाहरू एकैनासे थिए ।

फिजी महिलाहरू त्यहाँ बढ्तै झुम्मिएथे ।

काउली, ब्रोकाउली, चम्सुर, पालुङ्गो, फर्सी, रायोका बिरूवा अँगालो भरि किन्दै झोलामा हाल्नेहरू मनग्गे थिए । मैले नचिनेका बीउ, बिजन र बिरूवा कति थिए कति ।

मैले बारीमा देखेका झुसे, काँडे, लहरे, तिते, खम्रे बिरूवा मसलाका रूपमा हुर्काएर यहाँ बेचेका पनि देखेँ । हामीलाई ठस्स गन्हाउने, पर्पराउने, कोक्याउने वा चिलचिलाउने बिरूवा यहाँ सजाएर राखिएथे राम्रा-राम्रा गमलामा । ती किन्ने फिजीहरू झन् धेरै देखिरहेथेँ म ।

बजारमा धेरैजसो बुढाबुढीहरू थिए ।

बेच्ने युवायुवती थिए । खरिद गर्नेको हुल वृद्ध-वृद्धाको थियो । हुन त फिल्डिङ बुढाबुढी बस्न पराउने ठाउँ हो भन्ने सुनेथेँ मैले । बुढेसकालमा सुख, शान्ति, ओखतीमूलोमा न्युजिल्याण्ड त्यसै पनि नामी । अझ फिल्डिङ झन् आकर्षणको केन्द्र रहेछ ।

अलिक ठुलो गाडीमा अण्डा निकै राम्रोसँग सजाएर बेच्न राखिएथ्यो । जंगलका चरादेखि कखुरा, हाँसका ती अण्डा अनेकौँ आकारका थिए । खाल-खालका थिए रङ पनि ।

साना-साना कुरा पनि मिलाएर, सजाएर बेच्न राखिएका थिए । खास गरी तरकारी, फलफूलहरू देखिए । आफ्नै घर छेउछाउ उमारिएका, फलाइएका, हुर्काइएका तरकारी र फूलहरू यहाँ देखिन्थे ।

ताजा तरकारी र फलफूल भएकैले होला धेरै नेपाली पनि यहाँ किन्न आउँदा रहेछन् । रायोका साग, पालुङ्गो, गोलभेंडा र हरिया खुर्सानी किन्ने ताँतीमा नेपालीहरू देखिन्थे ।

निरू चिनेजानेकालाई मुसुक्क हाँस्दै सोध्थिन्– 'अनि एक केजी टमाटरले पास्नी धानिन्छ ।'

यस्ता अरू के-के प्रश्न भइरहेका हुन्थे । तर म सुनिरहन अडिन्न थिएँ ।

दिदी हराउनु भएपछि हामी खोज्न लाग्यौँ ।

'कपडातिर पस्नु भो कि ?'

अनुमान निरूको थियो । अनि खोजखाज गर्‍यौँ । दिदी त्यहीँ भेटिनु भो । निकै लुगा उहाँले हेर्नु भो । यहाँ निकै महँगा थिए सबै लुगा ।

'किन यति चर्को मूल्यका यी लुगा ?'

मैले सोधेँ ।

एक पटक लगाएर दिइएका थिए लुगा । तैपनि बेस्सरी महँगा ।

'आधा विभिन्न संस्थालाई दान गर्ने, कमाइको अरू आधा भाग आफूलाई राख्ने देखें ।'

मैले अनुमानको कुरा गरेँ ।

खास गरी महिलाहरूका जाडो-गर्मीका परी-परीका लुगा थिए । साह्रै राम्रा भए पनि एकपटक लगाएर दान गरिएका हुनाले क्रेता केही ओइल्याउँथे । तर मूल्य भने भर्भराउँदा खालका थिए ।

मनग्गे लुगा हेरे पनि रित्तै फर्क्यौं हामी । दुर्गा दिदीले धन्यवाद भन्नुभयो । त्यसका लागि बिल काट्नु पर्दैनथ्यो ।

फर्कंदा एउटा स्मारक देखें ।

सिंगमरमरले बनेको त्यो स्तम्भ देशका लागि लड्ने न्युजिल्याण्डका सेनामा अर्पण गरिएको रहेछ । स्मारकको टुप्पोमा स्वतन्त्रताकी देवीको सुन्दर मूर्ति थियो । त्यसको चारपाटे भित्तामा कोरिया, मलाया, बोर्नियो, भियतनाम, अफगानिस्तान आदि देशका संयुक्त राष्ट्र संघको शान्ति सेनामा जानेहरूमा समर्पण भनिएको थियो ।

न्युजिल्याण्ड सरकारको यो श्रद्धा र सम्मान मैले अन्यत्र पनि देखेको थिए । अहिले नजिकैबाट जान्न, थाहा पाउने अवसर मिल्यो ।

केही तस्विर किलिक्क्याइन् निरूले ।

पानी बिर्बिराइरहेथ्यो । कतै पसेर कफी घुट्क्याउन मन थियो । तर मेरो खल्तीको अमेरिकन डलर कता साट्ने भेउ थिएन मसँग । कफी खुवाउन अरूलाई भनिहाल्न मन भएन । तर जाडोले कक्र्याउन भने छोड्दै छोडेन ।

दिदी र निरू गाडीतिर पसेपछि म फेरि शुक्रबारे हाटतिर परेँ । अघिदेखि बजारभरि छरिएका कलाकारहरू, पानी र तेल चित्रबाट चित्र कोरिरहेका । कोही कफी पसलमा थिए । कोही साग पसलमा, कोही च्याउ पसलमा ।

कलाकारहरू असिनपसिन भएर बजारलाई कलामा उतारिरहेथे, किनमेल गर्नेका तस्विर कोरिरहेथे । एउटी माओरी जातिकी कलाकारले मलाई सोधेकी थिइन्– 'तिमी मलाई एक घण्टा देऊ न ।'

'अर्काले बोकिएर आएको हुँ म । उसले गाडी स्टार्ट गरिसक्यो के गरूँ ?' मैले पनि खिन्न भएर भनें । उसको चित्रमा आफू उत्रिन मलाई मन थियो, तर क्यै गरी जुरेन ।

गाडीमा फर्किंदा मैले टेरीले भनेका कुरा सम्झिरहें– 'यो सहर पुरानो मेरा आँखामा छ, नयाँ त तिमीले देखिहाल्यौ । पुरानोको बयान गर्दा धेरैले पत्याउँदैनन् । पत्यार नलाग्ने कुरा किन भनिरहनु ? के लाग्छ तिमीलाई ?'

टेरीसँग फोटो खिचेको थिएँ । फोटो हेर्दै भनें– 'तिम्रो कुरा सही हो !'

मेरो कुरा निरूलाई अनौठो लागिरहेथ्यो सायद । ♦♦♦

# तिजको गीतमा पर्यावरण चेत



✍ बद्रीप्रसाद ढकाल

तिज हिन्दू नारीहरूको एक मौलिक पर्व हो । हिन्दू नारीहरूले गाउँठाउँको अवस्था र संस्कार अनुसार तिज पर्व मनाउने गरेको पाइन्छ । निराहार व्रत बसेर भगवान् शिवको पूजा तथा नाचगान गरेर तिजमा आफ्ना मनमा लागेका कुरा स्वच्छन्द रूपमा गीतमार्फत् व्यक्त गरिएको हुन्छ । हिन्दू नारीहरूले भगवान् शिवको आराधना आफ्नो तरिकाबाट गर्ने गरेको कुरा र भगवान्सँग आफ्नो व्यक्तिगत इच्छा चाहना भन्दा पनि समसामयिक पर्यावरणका विषयवस्तुलाई लिएर प्रस्तुत गरिएको पाइन्छ । जीवन र जगत्सँग जोडिएका विभिन्न कुरालाई सुधार गर्न पनि आह्वान तथा आग्रह गरिएको पाइन्छ। भगवान्लाई पुकार गरेको कुरा गीतमा पोखिएको हुन्छ। राम्रो काम गर्न र नराम्रो कुसंस्कार हटाउन भगवान् शिवसँग यसरी प्रार्थना समेत गरिएको पाइन्छ-

**स्वागत गर्छौं, स्वागत गर्छौं, सबैलाई स्वागत गर्छौं**
**वातावरण स्वच्छ पार्ने अभियान चाल्छौं**
**खाली भो खाली भो के खाली हुन्थ्यो बरै ।**
**अव्यवस्थित बसोबासलाई न्यूनीकरण गरौं।**
**पहिरो जान रोक्न हजुर वृक्षरोपण गरौं ।**
(स्रोतः सरोजा ढकाल)

यस वातावरणसम्बन्धी तिजे गीतमा आफ्नो वरपरको वातावरणलाई विषयवस्तु बनाएर तिज गीत गाइएको छ। वातावरण स्वच्छ राख्न बोट बिरूवाको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैले बोटबिरूवा लगाएर हरियाली बनाउन पर्छ भन्ने भाव अभिव्यक्त भएको पाइन्छ। भने बढ्दै गएको माटोको विकार र स्वास्थ्यको अवस्थालाई ख्याल गरेर अर्गानिक उत्पादनमा समेत पर्याचेत यसरी अभिव्यक्त भएको पाइन्छ -

**जैविक मल प्रयोग गरी रासायनिक मल घटाऊ**
**एउटा रूख कटाउ भने तीन चार रूख रोपाऊ।**
**आजकल धेरै मात्रा पानी दूषित भाछ**
**आऊ हैजा भाइरस ज्वरो जसलाई पनि लाग्छ।**
(स्रोतः सरोजा ढकाल)

यस गीतको मुख्य भाव वातावरणलाई स्वच्छ राख्न हामीले खेल्नुपर्ने भूमिका नै रहेको छ। वातावरणले मानिसको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष असर पारिरहेको हुन्छ । त्यसैले वातावरणलाई

स्वच्छ राख्न हामीले अग्रणी भूमिका खेल्नुपर्दछ । आफ्नो वरपर वा नाङ्गा पाखाहरूमा बोटबिरूवा सारेर हरियाली बनाउनु पर्छ । जथाभावी फोहर मैला फाल्न हुन्न, प्लाष्टिकहरू सुरक्षित तबरबाट राख्नुपर्छ, जथाभाबी बाल्न हुँदैन । विभिन्न किसिमका प्रदूषणले गर्दा ओजन तह घटेको छ भने मान्छेहरूमा अनावश्यक रोग बढेको छ । बाढीपहिरोबाट बचाउन सकिन्छ । बोटबिरूवा हुर्काएर वस्तुभाउ पालेर जैविक मल प्रयोग गरी खेती गर्नु पर्दछ भन्ने सामूहिक हितका लागि विचार प्रस्तुत गरिएको पाइन्छ ।

**हरियो यो वन हजुर नेपालको धन**
**मासियो नि कठै बरा जीवजन्तु र वन ।**
**वातावरण प्रदुषणले ओजन तह घट्यो**
**के गरेर बाच्ने अब रोगहरू बढ्यो ।**
**ओजन तह पातलिया छ प्लास्टिक बाल्दा**
**भविष्यमा खतरा हुन्छ यस्तो कदम चाल्दा ।**
(स्रोतः रोजा तिमिल्सिना)

रोग बढ्नुको कारण वातावरणीय चेत नभएर हो भन्ने निष्कर्षसहित वातावरण स्वच्छ र सफा भए रोगबाट बच्न सकिन्छ भन्ने भाव माथिका पंक्तिले अभिव्यक्त गरेको पाइन्छ । वातावरण शुद्ध भए, वनजंगल रोपिएर संरक्षण गर्न सके स्वच्छ पानी पिउन पाइन्छ । ओजनतह घटन पाउँदैन र जीव जन्तुहरूको विनाश हुँदैन । त्यसैले बोटबिरूवा लगाउनु पर्छ र जथाभावी रूखहरू काटनु हुँदैन भन्ने चेतनामूलक कुराहरूलाई विषयवस्तुका रूपमा लिइएको छ । यस गीतको मूल उद्देश्य वातावरण स्वच्छ राख्न पहल गर्ने तथा जथाभावी बोटबिरूवा नकाट्ने खाली ठाउँमा बोट बिरुवा रोप्न लगाउने, कृत्रिमताभन्दा प्राकृतिक वस्तुहरूमा ध्यान दिने र समाजलाई सकारात्मक दिशातिर डोऱ्याउन उत्प्रेरित गर्ने यसको मूल उद्देश्य रहेको देखिन्छ ।

पर्यावरणका लागि कृषि पेसालाई महत्त्व दिएर गाइएका गीत पहिले पहिले तिजको गीतमा महिलाहरू आफ्ना पीर-व्यथाहरू पाख्ने गर्दथे भने हिजो आज देशको बारेमा चेतनाका स्वरहरू हरेक समसामयिक विषयवस्तुमा आधारित रहेर तिजका गीत गाउने गरेको पाइन्छ । यस्ता गीतमा महिलाहरूले स्वास्थ्य, वातावरणसम्बन्धी जनचेतना फैलाउने गीतहरू गाइएका छन् । हरियो वन राष्ट्रको धन हो यसलाई जोगाउनु पर्दछ, वन जोगाउन सक्यौं भने वातावरण स्वच्छ रहन्छ बाढी पहिरोबाट बच्न सकिन्छ । त्यसैले रूखबिरूवा जोगाउने बानी बसाल्नु पर्दछ । वातावरणलाई स्वच्छ राख्नु हाम्रो कर्तव्य हो भन्ने कुराहरू यस्ता गीतमा पाइन्छ ।

तीजका गीतलाई सामाजिक सन्देश र पीरव्यथाको रूपमा भए गरेका कुरा

भन्दै सुन्न आग्रहसहित देशको अवस्थालाई प्रस्तुत गरिएको छः

**नयाँ तिज आयो नयाँ सन्देश लिएर**
**सुन्नुहोस् सबैले ध्यान दिएर ।**
**नेपाल र नेपालीका पीरव्यथा पोख्दछौं**
**यो तिजमा हाम्ले एउटा सन्देश छर्दछौं ।**
(स्रोतः गोमा ढकाल)

देशमै बसेर स्वरोजगारको काम गरौं । भएका जल, जग्गा र जमिनको उपयोग गरौं भन्ने राष्ट्रिय भावलाई समेटेर प्रस्तुत गरिएको यस तिजे गीतले विदेशिएका युवालाई समेत देश फर्कन आह्वान गरेको छ :

**विदेशीका दास बन्ने हाम्रो देशको युवाले**
**धिक्कार्दै छन् हामीलाई बाझो जग्गाले ।**
**छोराछोरी पढेलेखे अमेरिका लम्कन्छन्,**
**डलरका धाकले त्यसै चम्कन्छन् ।**
(स्रोतः सुस्मिता पौडेल)

कृषिप्रधान देशमा कृषिसम्बन्धी ज्ञान, सिप तालिम नभएका कारण बेरोजगारी बढ्दै गएको, कृषि पेसालाई हेयजन्य भावले हेरिने अवस्था तथा बढ्दो शहरीकरण तथा सुविधाभोगी विचारले झनझन् समस्या बढ्दै गएको अवस्थाप्रति सचेत गराउन चेतनाका कुरा यहाँ यसरी अभिव्यक्त गरिएको छ :

**कृषि प्रधान देशमा कृषि शिक्षा छैन ।**
**किसानहरूलाई सम्मान गर्ने बनाऊ कानुन ।**
**गाउँ छोडी सुख खोज्न शहरतिर जानाले**
**हाम्रो आयु घट्दै छ कृत्रिम खानाले ।**
**विकासको मूल फुटाऔँ गाउँमा सबै मिलेर**
**वनजङ्गल हरियाली कृषि प्रधान देशमा**
(स्रोतः गोमा ढकाल)

कृषि रोजगारसम्बन्धी प्रस्तुत गीतमा कृषि पेसालाई महत्त्व दिएर कृषि क्षेत्रमा सबैको ध्यान जानुपर्ने कुरालाई विषयवस्तुको रूपमा लिइएको छ । नेपाल कृषि प्रधान देश हो । ९०% जनताहरू कृषिमा आधारित छन् तापनि कृषि क्षेत्रमा उचित व्यवस्थापन गर्न नसक्दा किसानहरूको मनोबल गिर्दै गएको देखिन्छ । देशका युवा शक्तिहरू कामको खोजीमा विदेश पलायन भइरहेका छन् । त्यसैले सरकारले युवा शक्तिलाई कृषि क्षेत्रमा प्रोत्साहन गरी कृषि उत्पादनका लागि लगाउनुपर्ने देखिन्छ । उन्नत मल बिउको व्यवस्थापन गरी किसानबाट उत्पादित उपभोग्य वस्तुहरूको उचित बजार व्यवस्थापन समेत गर्नुपर्ने कुरालाई विषयवस्तुका रूपमा लिइएको पाइन्छ ।

**किसानलाई पशुपालन उत्साहित पार्नुहोस् ।**
**पशुपालन शिक्षणमा ध्यान दिनुहोस् ।**
**यही देशमा लोभ्याउनुस् विदेश जाने मनलाई**
**सदुपयोग गराइदिनुस् युवा जोसलाई ।**
**उत्पादनलाई बेच्ने बजार व्यवस्थापन गर्नुहोस्**
(स्रोतः गोमा ढकाल)

हामी ९०% नेपालीहरू यही पेसामा आधारित छौं तैपनि हामीले कृषि

पेसाप्रति हेलाको दृष्टिकोणबाट हेर्ने हाम्रो सोचाइ छ । युवाशक्तिहरू आफ्नो देशमा नै काम गर्न नलागी बिदेसिने प्रवृत्ति बढ्दो छ भने अर्कोतर्फ सरकारले आफ्नो देशको युवाशक्ति रोजगार दिन सकिरहेको छैन भन्दै कृषिलाई व्यवसायीकरण गर्न गीतले आग्रह गरेको छ ।

**ऋण दिनुस् तालिम दिनुस् सर्वसुलभ गरेर**
**कृषि पेसा सम्भव छैन शहर बसेर ।**
**हाम्रो ठुलो अनुरोध शिक्षित वर्गहरूलाई**
**गाउँ फर्क अभियान लाउनुस् बरिलै ।**
(स्रोतः सरोजा ढकाल)

कृषिमा उन्नत मल, बिऊ प्रयोग गराइ खेती गराउनुका साथै पशुपालनमा समेत ध्यान दिने हो भने एकातिर जग्गा जमिन उर्वर बनी बढी उब्जनी हुन्छ भने अर्को तर्फ दुध दही, घिउ, मासु खाएर स्वास्थ्य जीवन जिउन सकिन्छ। सरकारले कृषि पेसामा ध्यान दिन सक्ने हो भने युवाशक्ति बिदेसिनु पर्दैन । यही माटोमा सुन पनि फल्न सक्छ वा बहुमूल्य चीजहरू उत्पादन गर्न सकिन्छ भन्ने भाव अभिव्यक्त भएको छ। देशका युवा शक्तिहरू बिदेशिनु नपरोस् बाँझो बसेका जग्गा जमिनमा उचित व्यवस्थापन गरेर देशको मुहार मात्र नभई हाम्रो जीवनस्तर समेत उकास्न सकूँन भन्ने नै हो। यस गीतको माध्यमबाट देशका युवाशक्ति नबिदेसिउन र सरकारलाई युवाशक्ति परिचालन साथै कृषि पेसालाई आधुनिक रूपमा अगाडि बढाउनका लागि कार्यक्रम बनाउन सन्देश दिनु रहेको छ।

**वातावरण हरियाली अक्सिजन बढदछ ।**
**आर्थिक बाटो पनि माथि बढदछ ।**
**उर्वरा बनी हाँस्छ जग्गा गाईको मल हाल्नाले**
**छोराछोरी स्वास्थ्य हुन्छन् पशु पाल्नाले ।**
**दुध, घिउ, माछा, मासु, स्वस्थ जीवन चाहिन्छ**
**फलफूल हराभरा गाउँमा पाइन्छ ।**
(स्रोतः सरोजा ढकाल)

कृषि व्यवसाय गरौं आफ्नो र देशको आर्थिक विकासमा योगदान गरौं भन्ने सामूहिक भाव व्यक्त गर्दै मौसमी तथा बेमौसमी तरकारी बालीसम्बन्धी गाइएको तिजको गीतमा स्वावलम्बन र आत्मनिर्भरका कुरालाई यसरी अभिव्यक्त गरेको पाइन्छ :

**तरकारी लाउन जाऊँ कृषि तालिम लिएर**
**सुन्नुहोला दिदी बहिनी ध्यान दिएर ।**
**रातो रिबन बाटौ है यो कालो केशमा**
**कृषि गर्न सिकौं है हाम्रो देशमा ।**
(स्रोतः सरोजा ढकाल)

यस गीतको विषयवस्तु पनि कृषिलाई बनाइएको छ । कृषिमा विभिन्न किसिमको प्रवृत्ति अपनाएर तरकारी खेती गर्न सकेमा जीवनस्तर उठ्न सक्ने कुरालाई विषयवस्तुको रूपमा लिइएको छ । उन्नत जातको बिउ बिजनबाट तरकारी खेती गरी आम्दानी गर्न सकिने र त्यसको लागि पुरुषको मुख ताक्न नपर्ने महिलाहरूले मात्र

पनि गर्न सक्ने कुरालाई यहाँ लिइएको छ।

**अरूको भर होइन अब आफ्नै भर पर्न**
**उन्नत जातको बिउ ल्याई खेती गर्न।**
**तरकारी लाउनलाई जान्नै पर्ने भएछ**
**बेमौसमी खेती गर्दा फाइदा रहेछ।**
**बेमौसमी खेती गर्दा भाऊ पायौं बजारको**
**गोलभेडा मात्र बेच्यौं पचास हजारको।**
(स्रोतः सरिता बस्नेत)

पुरुषको भरमा मात्र बाँच्न हुँदैन आफैं स्वावलम्बी तथा आत्मनिर्भर हुन पनि पेसा तथा व्यवसाय गर्नुपर्छ भन्ने भाव यहाँ यसरी व्यक्त भएको पाइन्छ :

**पुरूषले हेपेर महिला तल झरेका**
**हाम्ले खेती गरेदेखि दङ्ग परेका।**
**भनौ भने महिलालाई कति आछ सुविधा**
**यो कुरालाई बुझिराख जान्छौं देउ बिदा।**
(स्रोतः उर्मिला बस्नेत)

प्रस्तुत गीतको मुख्य भाव आत्मनिर्भर बन्न सक्नुपर्छ भन्ने नै रहेको छ। कृषि पेसाअन्र्तगत बेमौसमी तरकारी खेती गर्न सकेमा मनग्ये आम्दानी हुने र महिलाले मात्र पनि गर्न सक्ने हुँदा परनिर्भर रहनुपर्ने कुरा समेत यस गीतबाट प्रस्ट पारिएको छ। थोरै लगानी गरेर आफ्नो घरमा बसेर नै प्रशस्त आम्दानी लिन सकिने हुँदा कसैको मुख ताक्नु नपर्ने र सजिलो पेसा भएकोले सबैले यसमा ध्यान पुऱ्याउनु पर्ने कुरा गीतको माध्यमबाट प्रस्ट पारिएको छ। महिला दिदी बहिनीहरूले आफ्नो खुट्टामा उभिएर हिँडन सक्नु पर्छ। परनिर्भर नभई आत्मनिर्भर बनेर बाँच्न सके महिलालाई कसैले हेप्न नसक्ने कथनलाई सामूहिक रूपमा महिलाहरूले तिजका गीतका रूपमा नै व्यक्त गरेका देखिन्छन्।

यसरी तिजका गीतका माध्यमबाट पर्याचेतका साथै कृषिलाई व्यवसायीकरण गर्दै स्वस्थ जीवनका लागि समेत गीतले जनचेतनामूलक सन्देश अभिव्यक्त गरेको पाइन्छ। ◆◆◆

## गजल



✍ **विवेक दुलाल क्षेत्री 'दमक'**

हर नयनले दृश्यलाई सपना झै बिर्सनु पर्छ
अब त हजुरले मलाई सपना झै बिर्सनु पर्छ

म्याद मात्र राखेपछि बाचाहरूको काम छैन
सबै झुटा मानिसलाई सपनाझै बिर्सनु पर्छ

फरक पर्छ कसैको उन्नतिले शिखर चुम्दा
पराइ रम्ने खबरलाई सपना झै बिर्सनु पर्छ

पशुले पनि घर र जङ्गल सजिलै छुट्याउछ
फटाहा र पतितलाई सपना झै बिर्सनु पर्छ

सजा'छु तिमीलाई यो मुटुको कुना कुना
तिमीले मेरो यादलाई सपना झै बिर्सनु पर्छ

# सपना-मृत्यु पछि



✍ पूर्व प्र.व.उ. बिक्रम गुरुङ

कडा प्रहारले ऐना फुटाउँदै कैलाश ठुलो स्वरमा करायो "के तँ पागल भइस्... कम्तिमा तैंले त मलाई हेर। ऐना मात्र कहिल्यै झुठो बोल्दैन भन्छन्। अनि तेरो पनि अनेक बहाना।"

"शशी दौडँदै आइन् र अचम्म मान्दै फुटेको ऐना हेर्दै आमालाई बोलाइन् आमा... कोठामा कोही छैन, तर यो ऐना कसरी फुट्यो।"

"बिरालोले हुनुपर्छ, यताउती लुकेको हुनुपर्छ, ध्यान दिएर हेर।" आमाले आफ्नो कोठाबाट भनिन्। बिरालोको नाम सुनेपछि शशी डराएर कोठाबाट भागिन्। कैलाशले हाँसो थाम्न सकेन।

शशी अचानक रोकिइन् र अनौठो किसिमले पछाडि फर्केर हेरिन्। मानौं उनले सबै सुनिसकेकी छिन्। कैलाश खुसी भयो। कैलाशलाई लाग्यो कि सबैले उसलाई सुन्न र देख्न सक्छ।

"शशी...! म हुँ, तिम्रो कैलाश। म तिम्रो कैलाश हुँ।" भन्दै कैलाश शशीको नजिक पुग्यो। शशी कैलाशको हाँसो सुनेर फर्किएकी होइन रहेछ। उनको सल ढोकाको ह्यान्डलमा अड्किएको थियो। उनी ढोकामा फर्कन अल्छी गरिन् र परैबाट झट्का दिएर ढोकाको ह्यान्डलमा अड्किएको सल निकाल्ने प्रयास गर्न थालिन्। ढोका नजिक गएर कैलाशले बिस्तारै सल निकालेर उनीतिर लैजान थाल्यो। तर कैलाश नपुग्दै उनी भान्सातिर दौडिन्। कैलाश पनि सलको अर्को छेउ समातेर उनको पछिपछि दौडिन थाल्यो।

शशी भान्सामा पुगिन। छिटो छिटो हतारिँदै आएको कारणले रोक्किन सकिनन् आमासँग ठोक्किइन्। कैलाश चिन्तित थियो। अब शशीले आमाको गाली सुन्नु पर्नेछ।

"पागल केटी, बिरालोसँग पनि कोही यति डराउँछन्? के भयो, किन आँखा चिम्लेर हिँडेको? त्यो बिरालो हो, बाघ त होइन होला।" बुहारीलाई सान्त्वना दिँदै आमा हाँस्न थालिन्।

"कसरी हो कुन्नी पूरै सिसा फुटेको छ। यो बिरालोले नै गरेको त होइन होला।" शशीले भनिन्।

"फौजीकी श्रीमती भएर पनि

किन यति डरपोक छौं ? छेपारो, साङ्लो र मुसा तिम्रो लागि आतंककारी जस्तै हुन् गोलीगठ्ठा लिएर तिम्रो पछि पछि दौडिरहेको जस्तो ... हा...हा... आज कैलाश आउँदा, उसलाई पहिला घरमा भएको आतंककारीहरूलाई समाप्त गर्न भन्नु ।" आमाले भनिन् ।

हल्का मुस्कानका साथ, शशीले पनि चुल्होमा पाक्दै गरेको खिर चम्चाले चलाउन थालिन् । कैलाश घर आउन लागेकोमा उनीहरू दुवै धेरै खुसी छन् । बिहानै देखि कैलाशले आएको छु भनेर उनीहरूलाई भन्दा भन्दा थाकिसकेको छ । धेरै बेरदेखि उनीहरूको वरिपरि घुमिरहेको छ, तर ... उनीहरूलाई उसमा रुचिनै छैन, उनीहरूलाई उसको मन पर्ने खाना बनाउनमा मात्र ध्यान छ ।

"त्यो चलाई राख्नु पर्दैन... कैलाशलाई फोन गर । हिजो राती हामीसँग कुरा गर्दा उसले भन्दै थियो, बिहान आठ बजेसम्म आइपुग्छु, नौ बजिसकेको छ नास्ता तयार गर ।" आमाले भनिन् ।

"मैले बिहानदेखि चार पटक फोन गरिसकेको छु । तर फोन उठिरहेको छैन, उसले मेरो म्यासेजको जवाफ पनि दिएन । आज आएपछि, म ऊसँग कुरा पनि गर्दिन ।" शशीले भनिन् ।

"ऊ गाडीमै निदाएको हुनुपर्छ, ट्राफिक जाममा परेको हुन सक्छ, उसले जानाजानी हामीलाई बेवास्ता गरेको होइन, एक पटक फेरि मेरो फोनबाट गर्नु, फोन गर ।" आमाले भन्नुभयो ।

शशीले फ्रिज माथिबाट आमाको फोन उठाइन् र कैलाशको नम्बर डायल गर्न थालिन् ।

कैलाश मुस्कुराउँदै सोच्न थाल्यो कि शशीकलालाई उसको नम्बर सम्झना होला ? उनले आफ्नो फोनबाट कैलाशको नम्बरमा डायल गर्छिन्, नम्बर सेभ गरिएको हुन्छ । घन्टी बजिरहेको थियो तर उठिरहेको थिएन । घण्टी बजेको सुनेपछि कैलाशले आफ्नो खल्तीमा हात हाल्यो तर उसको फोन खल्तीमा थिएन । उसलाई मन पर्ने रिंगटोन सेट गरेको थियो ।

सुनसान जंगलमा फोनको रिङटोन गुन्जिरहेको थियो । जमिनमा रहेको हल्का घाँसले ढाकिएको शीतका थोपाहरूमा मोबाइल कम्पन गरिरहेको थियो । अलि पर एउटा गाडीको ढोका आधा जलेको अवस्थामा थियो र सिसाका टुक्राहरू छरिएका थिए । अनि नजिकै एउटा पाङ्ग्रामा अझै पनि आगो बलिरहेको थियो ।

कैलाश मोबाइलको नजिकै पुगेको हुनाले रिङटोनको आवाज उसको कानमा गुन्जिरहेको थियो । मोबाइलको नजिकै जलिरहेको गाडी र झाडीमा केही लासहरू अड्किएको देखेर कैलाश

छक्क पऱ्यो । जब ऊ मोबाइलको नजिकै गएर हेऱ्यो, आमाको नम्बरबाट फोन आइरहेको थियो । उसलाई थाहा थियो यो उसकी श्रीमती शशीले गरिरहेकी छिन् ।

ती लासहरूको बीचमा आफूलाई देखेर, कैलाश बेस्सरी चिच्चायो- "होइन !" उसको आवाज सम्पूर्ण क्षेत्रमा गुन्जियो, तर त्यो पनि उसको लागि मात्र । कैलाशले चारैतिर हेर्दै बिस्तारै आफ्नै लास भएको ठाउँमा पुग्यो र उठाउन थाल्यो । उसले त्यसको छाती रगड्न थाल्यो ताकि त्यसले फेरि सास फेर्न सकोस् । तर यो सम्भव थिएन ।

कैलाशले हिम्मत गुमाइसकेको थियो । एकातिर शशी र आमा उसलाई पर्खिरहेका थिए भने अर्कोतिर ऊ चढेको गाडीमा विस्फोट भएको थियो । त्यो गाडीमा कैलाश र उसका अन्य पाँच-छ जना साथीहरू यात्रा गरिरहेका थिए । सायद गाडी सडकबाट तल खसेको थियो ।

कैलाशलाई रातको त्यो समय याद आउन थाल्यो जब उनीहरू बिदा स्वीकृत भएपछि नजिकैको प्रहरी पोष्टबाटसँगै फर्किरहेका थिए । उनका सबै साथीहरू बिदा पाएकोमा खुसी थिए । उनीहरू गाडीबाट अलि टाढा पुगेका थिए, अब्दुलको म्यासेजमा एउटा दुःखद इमोजी आयो - 'मिस यु यार' । कैलाशले पनि उसलाई मुस्कुराएको म्यासेज पठायो । अब्दुल लतिफ कैलाशको सबैभन्दा मिल्ने साथी थियो । उसले कैलाशलाई सबै भन्दा धेरै दुःख पनि दिने गर्थ्यो । उसले कैलाशलाई हरेक सानो कुरामा जिस्काएको र अरूसँग उसको मजाक उडाएको मन पर्दैनथ्यो । तर जब उसले कैलाशलाई हरेक समस्यामा साथ दिन्थ्यो, उलाई विश्वास थियो कि उसले सबैको मजाक उडाउँछ र मित्रता पनि कायम राख्छ । त्यो दिन जब हाम्रो पोष्टमा आतंककारीहरूले आक्रमण गरेको थियो, अरू सबै त्यहाँबाट लड्दै भागेर अर्को छेउमा पुगेका थिए, तर अब्दुल लतिफले कैलाश उम्किन नसक्दासम्म पर्खाल पार गरेन । जबकि ऊ सबैभन्दा फुर्तिलो थियो । पहिले उसले कैलाशलाई पर्खाल पार गर्न लगायो र त्यसपछि मात्र उसले हाम फाल्यो । त्यस दिन कैलाशले महसुस गऱ्यो कि अब्दुल लतिफ उसको सबैभन्दा विश्वासिलो साथी हो ।

हिजो साँझ अब्दुलले हाँस्दै उसलाई बिदाइ गरेर ठट्टा गर्दै भनेको थियो- "अब केही दिन श्रीमतीको अँगालोमा बाँधिएर बस, जसलाई मैले हिजो 'म तिमीलाई माया गर्छु' भनेर म्यासेज पठाइदिएको थिएँ ।"

सबैजना आश्चर्य चकित भएर अब्दुल लतिफलाई हेर्न थाले, त्यसैले कैलाशले उसलाई हाँस्दै भन्यो- "शशीसँग मेरो बोलाचाल बन्द थियो, मैले उसलाई

भनेको थिएँ, मलाई थाहा छैन कतिबेला उसले मेरो फोनबाट म्यासेज पठाएको रहेछ, यो बदमाश।" सबैजना हाँस्न थाले। कैलाश गाडीको अन्तिम सिटमा बसेर, मोबाइल हातमा लियो। शशीलाई म्यासेज पठायो "अब तिमी खुसी छौं, हैन र ? म बिदामा आउँदै छु, त्यो पनि एक महिनाको लागि।" त्यससँगै उसले अन्तिम सिटमा सुतेर सेल्फी खिच्यो र शशीलाई पठाएको थियो।

त्यतिबेला पनि शशीले पत्याइनन्, किनकि कैलाशले प्रायः शशीलाई यसरी जिस्क्याउँथ्यो...पुराना तस्विरहरू पठाएर। उनले तुरुन्तै भिडियो कल गरिन्। त्यतिबेला ऊसँग हेडफोन थिएन। कैलाशले कल काटेर झोलाबाट हेडफोन निकालेर फेरि फोन गर्न खोज्यो। त्यसपछि शशीको म्यासेज आयो- "मलाई थाहा छ तपाईं आउँदै हुनुहुन्छ, म भिडियो कल गर्दै थिएँ तर अब म आमासँग बजार जाँदैछु। ढिलो भएमा म बेलुकीपख कल गर्छु। यदि कुरा भएन भने पनि, तपाईँ भोलि जसरी पनि आइपुग्नुहुनेछ।"

शशीको म्यासेज हेरेपछि, कैलाशले फोन गरेन्, उसले आमालाई फोन गऱ्यो- "ढोग् गरे आमा।"

"तिमी गाडीमा बसिसकेको हो ? सावधान भएर आउनु ... है त।" आमाले भन्नुभयो।

"तर...तर तपाईँलाई कस्तो छ..."कैलाशले केही भन्नु अगाडि आमाले फेरि बोल्न थाल्नु भयो- "मलाई धेरै समयदेखि तिमीलाई भेट्ने आशा लागिरहेको थियो। जब बुहारीले खुसी भएर छोरा आउँदैछ भनिन्, मेरो त्यो दिनको सपना पूरा हुने भयो। दुई चार दिन अघि मात्र तिमी मेरो सपनामा घरमा आएका थियौ।"

"सपना त मैले पनि देख्छु आमा, तर धेरै अनौठा सपनाहरू देख्छु। यस्ता सपनाहरू कसैलाई भनौं भने पनि कसरी भन्नु ? सपनाहरू अनौठा तरिकाले सुरू हुन्छन् र अनौठा तरिकाले अन्त्य हुन्छन्।" कैलाशले भन्यो।

"तिमीले बच्चा हुँदादेखि नै अनौठा सपना देख्दै आएका छौं। तिम्रो सपनाको बारेमा लेख्यो भने एउटा सिङ्गो किताब बन्छ। अहिले ती सबै कुरा छोड् र भोलि बिहानको खानामा के खान्छौ भन।" आमाले सोध्नु भयो।

"जे पकाउनु हुन्छ त्यो मेरो लागि स्पेशल हुन्छ, जे पनि पकाउनुस् ... म आठ बजेसम्म आइपुग्छु।" कैलाशले भन्यो।

आमा बजार जानुपर्ने भएकोले उहाँले फोन काट्नुभयो। बाटोमा धेरै नेटवर्कको समस्या थियो। नेटले पनि काम गरिरहेको थिएन। उसले मोबाइलमा गीत बजाएर सुत्नु राम्रो ठान्यो। कैलाशको

अर्को विशेष कुरा थियो, जसको कारण साथीहरूले उसलाई जिस्काउने गर्दथे । त्यो विशेष कुरा यो थियो कि, ऊ जस्तो सुकै ठाउँमा पाँच मिनेट आँखा बन्द गर्दा निदाउन सक्दथ्यो। कहिले कुर्सीमा, कहिले ढुङ्गा माथि, कहिले पोष्ट भित्र म्याटमा सुत्ने गर्थ्यो। यो यति मिठो निद्रा हुन्थ्यो कि ऊ आँखा बन्द हुने प्रतीक्षा गर्थ्यो।

गीत सुन्दै गर्दा ऊ गाडीमै निदायो । त्यो निद्रा पछि उसलाई केही याद छैन। किन हो कुन्नी घर पुग्दा उसलाई कसैले देख्न सकेनन् । घरको सिसा पनि फुटायो किनभने उसको प्रतिबिम्ब त्यसमा देखिँदैनथ्यो । न शशीले उसलाई देखिन्, न उनको आमाले । शशीले आमाको फोनबाट फोन गर्दा कैलाशले आफूलाई कुनै जंगलमा बेहोस अवस्थामा पल्टिरहेको पाएको थियो।

उसको फोनको घण्टी तारन्तार बजिरहेको थियो। उसले गाडीका जलेका भागहरू र साथीहरूको शवहरू हेरिरहेको थियो। ऊ भित्र एउटा अनौठो डर भरिएर आएको थियो । किनभने उसले भर्खरै ऐनामा आफूलाई किन देखेन् भन्ने कारण पत्ता लगाएको थियो । शशीले उसलाई किन देखिनन् ? आमाले उसलाई किन महसुस गर्नुभएन ? कैलाशलाई सबै कुरा थाहा भइसकेको थियो । यी सबैको कारण ऊ मरिसकेको थियो । तर उसको आत्मा केवल घर जान चाहन्थ्यो, त्यसैले शरीरलाई छोडेर उसको आत्मा घर गएको थियो।

अब ऊ घुँडा टेकेर आफ्नो खसेको मोबाइल तिर लाग्यो । झाडी यति बाक्लो थियो कि उभिएर हिँड्न सकिँदैनथ्यो । मोबाइल समात्न खोज्दा उसले मोबाइलको नजिक कसैको खुट्टा देख्यो। खुट्टा देखेर उसले टाउको उठायो। उसको अगाडि एउटा घाइते सिपाहीलाई देख्यो जसले मोबाइल उठायो र आगमन कल बिच्छेद गरेपछि हेल्पलाइन नम्बर डायल गऱ्यो।

"जय नेपाल....सुर्खेतबाट नेपालगञ्ज जाँदै गरेको प्रहरीको जिप एम्बुसमा परेको छ। गाडीमा रहेका सबै मारिएका छन् । विद्रोहीहरूले आक्रमण गर्दा म गाडीबाट उछिट्टिएकोले म मात्र बाँचेको छु । गाडी विद्युतीय धरापले विष्फोट गरिएको थियो र यसको सन्तुलन बिग्रिएर पल्टिएको बेला गोली चलाइएको थियो । धेरै कठिनाइका साथ, म सबै साथीहरूको शवसम्म आइपुगेको छु।"

"ठिक छ, आफ्नो ख्याल राख्नु, हामी केही गर्छौं।" यति भन्दै उताबाट फोन काटियो।

"ओहो, यो त भवानी हो...।" कैलाशले आफैलाई भन्यो र झाडी हटाउँदै भवानीको नजिक पुग्यो।

उसले भवानीलाई केही भन्नै लागेको थियो। शशीको फेरि फोन आयो। भवानीले उनको नाम लिँदै भन्यो।

"मैले अब शशी भाउजुलाई के भनूँ, कसरी फोन उठाऊँ ?"

"ए ! प्लीज उठाउन, र कैलाश आउँदैछ भन्देउ।" उसले भनेको थियो। भवानी पनि बोल्यो- "कसरी भन्नु, मसँग हिम्मत छैन, तर कैलाश जान्छ, कैलाश घर जान्छ र त्यो पनि पूर्ण शानका साथ, चन्द्र सूर्य अंकित झण्डा ओढाएर। कैलाश चन्द्र सूर्यमा बेरिएर घर पुग्नु अघि, उसको कथा पुगिसकेको हुनेछ। यी आठ वर्षमा उसले विद्रोहीहरूको क्रियाकलापलाई निष्क्रिय बनाएको थियो। कैलाशले उनीहरूको आधार क्षेत्रमा प्रवेश गरेर महत्वपूर्ण दस्ताबेजहरू प्राप्त गर्न सफल भएको थियो। प्रहरी रत्न पदक पनि पाएको थियो। यति मात्र होइन, कैलाशले एक्लै विद्रोहीहरूको अपहरण गरि लगेको नागरिकहरूलाई उम्काएर ल्याएको हुनाले पूर्ण शान्ति पदक पनि पाएको थियो।" भवानीले आँखामा आँसु लिएर एक्लै कैलाशको प्रशंसा गरिरहेको थियो।

'ए साथी, नरोऊ, तिमी मेरो लागि रोयौ। मलाई त्यो आमाको चिन्ता छ जसले भोलि बिहान छोरासँगै खाना खानेछु भनेर सोचेर हिजो राती राम्ररी खाना पनि खाएको छैन होला। मेरी श्रीमती शशी... कति अभागी उनी, मैले वर्षमा एक पटक मात्र मायाले अँगालो हाल्छु। उनी पनि म आउने प्रतीक्षामा हुनुपर्छ। पहिले उनी धेरै गुनासो गर्छिन् र त्यसपछि उनले आफ्नो मनको कुरा मलाई भन्छिन्, म फेरि उनको हात समातेर औंलाले घुमाएर कुनै पुरानो नेपाली गीतमा रमाउने छु। जसरी हामी हरेक पटक रमाउथ्यौं। हाम्रो धेरै सपनाहरू चकनाचुर भएका थिए।'

कैलाश रोकियो र भवानी पनि त्यहीँ रोकियो। उसले फोन उठाएन तर आफ्नै मोबाइलमा फोन गर्न थाल्यो किनभने उसको मोबाइल पनि हराएको थियो। झाडीहरू छिचोल्दै सूर्यको प्रारम्भिक किरणहरू उनीहरू तिर आउन थाल्यो र झाडीहरूको शीत पनि कुहिरो बनेर उड्न थाल्यो। भवानी लासहरूको नजिकै बस्यो र मद्दत टोली आउने प्रतीक्षा गर्न थाल्यो। कैलाशलाई अब महसुस भयो कि ऊ मरिसकेको छ। त्यसैले यी झाडीहरूमा बस्नु भन्दा घर गयो। उनीहरूसम्म खबर पुगेको छ कि छैन भनेर हेर्नु बढी महत्वपूर्ण थियो। जब ऊ घर पुग्यो, उनीहरूलाई अझै पनि कुनै पत्तो थिएन। उनीहरू पक्कै पनि चिन्तित थिए कि साढे नौ बजिसकेको छ तर ऊ घर आइपुगेको छैन। न त उसले फोन उठाइरहेको थियो।

"तिमीसँग उसको साथीहरूको नम्बर होला। कसैलाई फोन गरेर सोध।"

आमाले शशीलाई भनिन् ।

"एउटा मात्र नम्बर थियो, अब्दुलको, तर ऊ बिदामा आएको छैन । मैले उसलाई फोन गरेको थिएँ ।" शशीकलाले भनिन् ।

"फेरि एक पटक सोध, उसले कैलाश बाहेक अरू कसैलाई फोन गरेर सोध्नेछ ।" आमाले भनिन् ।

आमाको जिद्दी देखेर शशीले फेरि अब्दुललाई फोन गरिन् । यसै बीच अब्दुलले भवानीसँग कुरा गरेको थियो । त्यसैले अब्दुललाई सबै कुरा थाहा भइसकेको थियो । अब्दुलले हिच्किचाउँदै फोन उठायो । "हेलो... दाइ... के तपाईंले ऊसँग कुरा गर्नुभयो ?" शशीकलाले भनिन् ।

अब्दुलसँग बोल्नको लागि कुनै शब्द थिएनन् । उसले काँपिरहेको स्वरमा भन्यो- "भाउजु... कृपया टिभी खोल्नुहोस् ।" मुस्किल यति भन्दै अब्दुलले फोन काट्यो ।

एकातिर अब्दुलको पीडादायी आवाज सुनेर शशी छक्क परिन् र थप उसले केही भनेन । शशीलाई टिभी खोल्ने हिम्मत थिएन । तर पनि उनी अगाडि बढिन् र टिभी खोल्दै सोफामा बसिन् ।

शशीलाई मौन देखेर, आमा चिच्याइन् । बिहानै ऐना फुट्नु पहिले नै अशुभ संकेत थियो । त्यसमाथि, बिहानै देखि उनको दाहिने आँखा फर्फराइरहेको थियो । यसलाई उनी बेवास्ता गर्दै थिइन्, किनभने सधैं राम्रो र सकारात्मक सोच्नुपर्छ ।

टिभीमा एकोहोरो समाचार आइरहेको थियो-

- कैलाश र उनका साथीहरू विद्रोहीहरूको एम्बुसमा ।"
- केही दिन अघि कैलाशले देखाएको कारबाहीबाट डराएका विद्रोहीहरूले रातको अँध्यारोको फाइदा उठाउँदै बदला लिए ।
- देशले फेरि छ जना प्रहरीको क्षति भोग्यो । नेपाल आमाका छ जना सपुतहरू फेरि एक पटक आफ्नी आमाको काखमा सदाको लागि सुतेका छन् ।
- सम्पूर्ण देशले छ जना सहिद प्रहरी कर्मचारीहरूलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

समाचार हेर्दा हेर्दै शशी बेहोस भइन् । आमा पनि आँखाभरि आँसु लिएर टिभी हेरिरहेकी भए पनि न त केही देखिरहेकी थिइन् न त केही सुनिरहेकी थिइन् । किनकि उनले जे सुनिरहेकी थिइन त्यो बाहेक संसारमा सुन्न लायक अरू केही थिएन ।

समाचार मन पराउने छिमेकीहरू पनि खबर सुनेपछि घरमा आउन थाले ।

'पिप....पिप....टिटिट....' एउटा गाडी लगातार हर्न बजाउँदै थियो र बारम्बार बजिरहेको मोबाइल । बसको

सिट मुनि झुण्डिएको हेडफोन र झोलामा टाउको अड्याइएको... सडकको अवस्था र बसको ढिलो गतिले उत्पन्न हुने कम्पनका कारण सबै हल्लिरहेका थिए । शरीर पसिनाले निथ्रुक्क भिजेको कैलाशको आँखाबाट आँसु बगिरहेको थियो । अनि अचानक ब्रेक लाग्दा कैलाश सिटबाट तल खस्यो । लज्जित हुने डरले ऊ तुरुन्तै उठ्यो र कसैले उसलाई लडिरहेको देख्यो कि भनेर हेर्न थाल्यो । धन्न सबैजना शान्तिपूर्वक सुतिरहेका रहेछन् । बस चालक मात्र जागा थियो । कैलाशले झ्यालबाट बाहिर हेर्दै लामो हाई गर्दै आफ्नो सिटमा बस्यो ।

'हे भगवान... यी सपनाहरूले पनि मलाई किन यति धेरै सताउँछन् । मैले उनीहरूको आधार क्षेत्रमा धावा बोलेर यति धेरै दस्तावेजहरू कसरी कब्जा गरें... अनि म आफैं पनि मरें... बेकार... आजको सपना पूर्णतया निरर्थक थियो ।' यति भन्दै कैलाशले कानमा हेडफोन राख्दै शशीलाई फोन गर्‍यो - "हेलो ... तिमी उठ्यौ कि अझै सुतिरहेकी छ्यौ ?"

"कसरी सुत्न सक्नु ? खै किन हो, तपाईं आउने भनेपछि निद्रा कहाँ हराउँछ मलाई थाहा छैन ।" शशीले भनिन् ।

"तर अहिले बिहानको ५ बजेको छ, म आईपुग्न अझै पूरा तीन घण्टा लाग्छ र बसको स्पिड हेर्ने हो भने चार घण्टा पनि लाग्न सक्छ ।" कैलाशले भन्यो ।

"तपाईंको लागि पनि ब्रेकफास्ट बनाउनु छ । आमा बिहानै देखि भान्सामा चलिरहनु भएको छ, सायद उहाँले आज केही विशेष बनाउन लाग्नु भएको छ ।" शशीकलाले भनिन् ।

"ठिकै छ ... बिस्तारै गर, म पनि बिस्तारै आउँदैछु र ...अनि घर आएपछि म तिमीलाई आजको सपनाको बारेमा भन्नेछु । आजको सपना यति खतरनाक थियो कि जब म ब्यूँझिएँ मेरा आँखा पूरै भिजेका थिए ।" कैलाशले भन्यो ।

"के देख्नुभयो ? घर आएपछि भन्नु होला । म पनि केही काम गर्छु ।" शशीले भनिन् । "हुन्छ ... बाइ " कैलाशले फोन काटेर आँखा बन्द गर्‍यो । अरू सबै साथीहरू पनि सुतिरहेका थिए । कैलाश निदाउन सकेन । ऊ त्यो अनौठो सपनाको बारेमा सोचिरहेको थियो ।

'आमाले ठिकै भन्नुहुन्थ्यो, मेरो सपनाको बारेमा एउटा किताब लेख्न सकिन्छ । अवकाश लिएपछि... म मेरा सबै सपना लेख्नेछु ।' यति सोच्दै कैलाशले पुनः सुत्ने प्रयास गर्‍यो ।

सडकको अवस्था बसको झट्का र यात्रा, अनि त्यससँगै एउटा नयाँ सपना । कैलाशको जीवन निद्रा र सपनामा अल्झिएको थियो । उसले जहाँ आँखा बन्द गर्दथ्यो त्यहीं सुत्थ्यो र एउटा नयाँ सपना देख्दथ्यो । ♦♦♦

# प्रहरीको मनोबल उच्च बनाउन संगठन सुधारको आवश्यकता



✍ रत्नप्रसाद आचार्य

नेपालमा हालै भएको जेनजी आन्दोलनले देशलाई गहिरो चोट पुऱ्याएको छ । गत भदौ २३ गते जेनजी समूहले भ्रष्टाचार विरुद्ध गरेको शान्तिपूर्ण प्रदर्शनमा झडप हुन गई १९ जनाको गोली लागि मृत्यु भयो। त्यसपछि आन्दोलन अझै आक्रामक बन्दै गयो । अभिभावक र जनतामा तीव्र आक्रोश फैलियो र अराजक तत्वहरूले यसको फाइदा उठाउँदै भदौ २४ गते मुलुकभर तोडफोड र आगजनीका घटना भए। हालसम्म २३ र २४ गतेको घटनाबाट ७६ जनाको मृत्यु भयो भने धेरै संख्यामा घाइतेहरूको उपचार भइरहेको छ । यस आन्दोलनमा सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालत, अख्तियार, प्रहरी र सरकारी कार्यालयहरूमा आक्रमण भयो। धरान, इटहरी, काठमाडौँ लगायतका भाटभटेनी सुपरमार्केटमा आगजनी र लुटपाट भए । कतिपय निजि सम्पत्तिहरूमा पनि तोडफोड र आगजनी भयो। यसले मुलुकलाई ठुलो भौतिक, आर्थिक र मनोवैज्ञानिक क्षति पुऱ्यायो । प्रहरीमाथि आक्रमण, प्रहरी कार्यालयमा आगजनी, जेल तोडफोड र कैदीहरूको फरार घटनाले कानुन र सुरक्षाप्रति जनताको भरोसा डगमगाएको छ।

प्रहरी कार्यालयमा आगजनी भएपछि धेरै ठाउँमा प्रहरी अस्थायी रूपमा विस्थापित भए । आगजनीमा प्रहरीका भवनदेखि सवारी साधन, पोसाक र हातहतियार सबै जलेका छन्, लुटिएका छन् । प्रहरी चौकी र कार्यालयहरू खाली हुँदा चोरी, डकैती, लागु औषध कारोबार, हत्या र बलात्कारजस्ता अपराधहरू बढ्न थाले । जेल तोडेर फरार भएका कैदीहरू पुनः आपराधिक गतिविधिमा सक्रिय हुँदै समाजमा अझै त्रास फैलाइरहेका छन् । यसले प्रहरीको मनोबललाई थप कमजोर बनाएको छ। आन्दोलनमा युवा विद्यार्थीहरूको मृत्यु हुनुमा प्रहरी संगठनलाई मात्र दोष दिनु न्यायोचित हुँदैन। प्रहरी एक चेन अफ कमाण्डमा चल्ने संगठन हो । प्रहरीले आफूखुसी कुनै पनि कार्य गरेको हुँदैन । प्रहरीलाई आदेश दिने नेतृत्वको जिम्मेवारी र भूमिका गम्भीर रूपमा

विश्लेषण गर्न आवश्यक छ । "गर्नेभन्दा गराउने ठुलो हुन्छ" भन्ने नेपाली उखानको अर्थ यतिबेला झन् सान्दर्भिक छ। आदेश दिने व्यक्तिहरूको कानुनी जिम्मेवारी तोक्न सकिएन भने भविष्यमा पनि त्यस्ता घटना दोहोरिने सम्भावना रहन्छ।

प्रहरी संगठनमा पनि केही कमिकमजोरीहरू छन् । केही प्रहरी अधिकृत र कर्मचारीबाट भएका नराम्रा कार्य वा घटनाले संगठनको छवि धुमिल बनाएको छ। यसले प्रहरीलाई जनताले हेर्ने दृष्टिकोणलाई नकारात्मक बनाएको छ । यद्यपि, केही व्यक्तिको गल्तीका आधारमा पूरै संगठनलाई दोष दिन मिल्दैन। प्रहरी संगठनलाई बलियो र विश्वासिलो बनाउन तत्काल आवश्यक सुधारहरू लागु गर्न जरुरी छ । प्रहरीभित्र अनुशासन र उत्तरदायित्व कायम गर्न गल्ती गर्नेहरूलाई तत्काल कारबाही गर्नुपर्छ। यससँगै संगठनभित्र "शुद्धीकरण" अभियान चलाउन आवश्यक छ जसले इमानदार र निष्ठावान प्रहरीलाई सम्मान र प्रोत्साहन दिनेछ।

प्रहरी संगठनमा बढुवा, सरुवा र नियुक्तिमा हुने राजनीतिक हस्तक्षेपलाई तत्काल अन्त्य गर्न आवश्यक छ । प्रहरीलाई आफ्नो पेसागत इमान र कानुनी दायित्व अनुसार मात्र काम गर्ने वातावरण सिर्जना गर्नुपर्छ। प्रहरीको मुख्य जिम्मेवारी जनतालाई सेवा र सुरक्षा दिनु हो । तर पछिल्लो घटनाले जनतामा प्रहरीप्रति डर र अविश्वास सिर्जना गरेको छ । अब प्रहरीलाई जनताको साथीका रूपमा पुनर्स्थापित गर्न आवश्यक छ । प्रहरी कार्यालयमा सेवाग्राहीलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्छ, मुस्कानसहित सेवा दिनुपर्छ र नागरिकमैत्री कार्यशैली अपनाउनुपर्छ।

अपराध नियन्त्रण र सामाजिक सद्भाव कायम गर्न समुदाय र प्रहरीबीच सहकार्य बढाउनु आवश्यक छ। प्रहरीले मात्र अपराध नियन्त्रण गर्न सक्दैन, त्यसका लागि नागरिकको सहयोग अपरिहार्य छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रम, जनचेतना अभियान र अपराध नियन्त्रणमा सामुदायिक सहभागिता बढाउने खालका क्रियाकलाप गर्नुपर्छ। दसैँ, तिहार, छठजस्ता ठुला चाड नजिकिँदै गर्दा समाजमा चोरी-डकैती र आपराधिक गतिविधि बढ्ने खतरा हुन्छ। प्रहरीको उपस्थिति, गस्ती र गुप्तचर सञ्जाललाई सुदृढ गर्न आवश्यक छ। प्रहरीको मनोबल उच्च बनाएर मात्र यी चुनौतीहरूलाई सामना गर्न सकिन्छ।

सरकार र प्रहरी नेतृत्वले संगठन भित्र सुधार, मनोबल वृद्धिका कार्यक्रम र राजनीतिक हस्तक्षेपको अन्त्यलाई प्राथमिकतामा राख्न जरुरी छ। जनतालाई "प्रहरी मेरो साथी" भन्ने अनुभूति दिलाउन प्रहरी चौकीहरूलाई जनमैत्री बनाइने, पीडितमैत्री प्रणाली विकास गरिने र बल प्रयोगका घटनामा पारदर्शिता ल्याइने खालका नीतिहरू लागु गर्नुपर्छ । नेपालमा

कानुनी शासन र शान्ति स्थापना प्रहरीको क्षमता र इमान्दारितामा निर्भर हुन्छ। पछिल्ला घटनाले प्रहरी संगठनलाई ठुलो चुनौती दिएको छ। तर यो संगठनलाई बलियो बनाउन अहिले नै सुधारका ठोस कदम चाल्न सकिए भविष्यमा प्रहरी अझ जिम्मेवार, प्रभावकारी र जनमैत्री बन्न सक्छ।

जेनजी आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधिहरू जस्तैः प्रहरी कार्यालय जलाइने, प्रहरीमाथि आक्रमण र हत्या हुने, हतियार र बर्दी लुटिने कार्यहरू प्रहरी संगठनका लागि गहिरो चोटको विषय बनेका छन् । यस्तो घटना केवल प्रहरी माथिको आक्रमण मात्र होइन, कानुन र सुरक्षामाथिको आघात पनि हो । प्रहरीलाई निराश र भयभीत बनाउने कुनै पनि गतिविधिले समाजमा शान्ति र सुरक्षा कायम गर्न गम्भीर चुनौती निम्त्याउँछ । अपराध नियन्त्रणमा प्रहरीको भूमिका अनिवार्य हुन्छ। उनीहरूको मनोबल घट्दा अपराधी तत्वहरू अझ हौसिन सक्छन् र सर्वसाधारण नागरिक नै जोखिममा पर्छन् । यसकारण अहिलेको आवश्यकता प्रहरी प्रति सहानुभूति र समर्थन देखाउने हो । प्रहरीलाई सम्मान, सुरक्षा र आवश्यक स्रोत-साधन उपलब्ध गराउन राज्य र नागरिक दुवै जिम्मेवार छन्। जब प्रहरी आत्मबल र हौसलाले भरिन्छन्, उनीहरू आफ्नो कर्तव्य निर्वाहमा अझ सक्षम हुन्छन् र समाज शान्तिपूर्ण बन्छ। त्यसले प्रहरीलाई गाली हैन माया गरौं। अपराध रहित समाजको निर्माणमा प्रहरी र नागरिक हातेमालो गरि अगाडि बढौ।

अब आवेगमा आएर होइन, संयमित र दीर्घकालीन दृष्टिकोणसहित प्रहरीको मनोबल उठाउन, राजनीतिक हस्तक्षेप अन्त्य गर्न र संगठनलाई पेसागत रूपमा बलियो बनाउन सबै पक्षले सहयोग गर्न आवश्यक छ। प्रहरी संगठन फेरि उठ्नेछ यदि हामीले उठाउन सहयोग गर्यौं भने। यसका लागि सरकार, राजनीतिक दल, प्रहरी नेतृत्व र नागरिक सबैको साझा जिम्मेवारी रहन्छ। ♦

कविता

## एकतामा बाँच्न पाछौँ



✍ **लक्ष्मी प्रसाद मिश्र**

माहाराजा तिमी थियौ र, यो देशमा बाँच्न पाँछु
मेचीदेखि महाकाली, झण्डा बोकी नाच्न पाँछु।

पृथ्वी नारायण तिमी, विश्वसामु बहादुर
तिम्ले लड्न सिकाएर, यो रगत साँच्न पाँछु।

छरिएका राज्यलाई, एकै सुत्र बाँधी दियौ
टुक्रा राज्य जोडिदेर, विश्वसामु हाँस्न पाँछु।

चार जात छत्तीस वर्ण, बगैंचाका फूल रैछन्
सयौँथरि फूललाई, माला उनी गाँस्न पाँछु।

भाग्यमानी ठानेको छु, नेपाली हुँ भन्न पाएँ
मेरो देशको चुच्चे नक्सा, यो छातीमा टाँस्न पाँछु।

कथा

# छिमेकीको कुकुर



✍ पूर्व प्र.ना.उ. भोजराज पाण्डेय

समय स्टार्ट गरेर अगाडि बढेको गाडी जस्तै हो । यो आफ्नो गतिमा अगाडि बढिरहेको हुन्छ । कथाकार इन्द्र बहादुर राईको "अविरल बग्दछ इन्द्रावती जस्तो" । यसलाई न त रोक्न सकिन्छ न त आफूले भने बमोजिम नै बनाउन ? हामी त केवल यसका अनन्त यात्री हौं । लामो यात्रामा निस्केका बटुवाको हुल जस्ता । बाटो साँघुरो होस् वा फराकिलो, बाटोमा हिंडेको बटुवाको हुल पनि एउटै गतिमा त कहाँ हिंड्छ र ? फेरि सबैको चाल पनि एउटै हुने कुरा पनि भएन, फरक फरक । कोही अगाडि, कोही पछाडि । समयलाई त झन् कसैको लागि पर्खिने फुर्सद पनि हुँदैन । न कसैको दुःखले उसलाई छुन्छ ? न कसैको बेदनाले ? वा भनौ कसैको खुसीका खातिर पनि त उसले खुसीमा खुसी साट्ने गरि एक छिन रमाइलो गरौं न भन्दै अडिएर आत्मसाथ कहाँ गर्छ र ? यसको मतलब ऊ कुनै पनि हालतमा कसैलाई पर्खँदैन भन्ने नै हो। यसको गतिमा गति मिलाएर जो दौडिन सक्छ, हिंड्न सक्छ वा पदचापको अनुशरण गर्न सक्छ उसले जिन्दगीमा आइपर्ने सबै बाधाहरू चिर्दै जान्छ ।

केही वर्ष पहिले काठमाडौं उपत्यका खेती योग्य जमिनको लागि उर्वर मानिन्थ्यो । त्यति बेला यहाँ उत्पादन भएको खेतीले काठमाडौं उपत्यकामा बसोबास गर्ने मानिसहरूलाई पुग्थ्यो । घर परिवारको लागि खाद्यान्न बाहिर खरिद गर्न पर्दैनथ्यो भन्ने बुढापाकाहरू अहिले पनि छन् । अब त उपत्यकामा खाली जमिन भेट्टाउन पनि मुस्किल पर्ने भइसकेको छ । प्रशस्त अन्न उत्पादन हुने खेतबारीहरू सबै प्लटिङ गरेर घडेरीको रूपमा परिणत भएका छन् । कतै गगनचुम्बी भवनहरू निर्माण भएका छन् भने कतै साना साना घरहरू । अचम्म लाग्ने कुरा त के छ भने घरमा बस्ने मानिसहरूको अभाव हुँदा पनि नयाँ घरहरू बन्न छाडेका छैनन् । हिजो रित्तो देखिने छिमेक आज बग्रेल्ती बनेका घरहरूले गर्दा भरिभराउ भएको छ । म यता बस्ने गरेको टोलमा आज भन्दा १७ वर्ष अगाडि नयाँ छिमेकी भएर आउँदा केवल दुई चार वटा घरहरू मात्र थिए । त्यतिबेला गाउँबाट मेरो घरमा आएका मानिसहरू अहिले आउनु

परेमा घर छिचोल्न हम्मे हम्मे नै पर्छ । टोल छिमेकमा हिजो बालक देखेका नानीहरू आज कति छिटो जवान भइसकेछन् जस्तो महसुस हुन्छ । हाम्रा आँखाले केबल अर्कोलाई मात्र देख्ने बानी परेको हुन्छ । ऐनामा त केबल साइत जुराएर चिटिक्क परेर कतै हिँड्दै गर्दा “म कस्तो भएछु ?” भनेर मात्र हेर्ने गरिन्छ। तर म बुढो भएँ कि जवानै छु ? भनेर कमै मात्रले हेर्छन् होला भन्ने लाग्छ। हुन त आजकल मोबाइलको कारण ऐनाको जरूरत पर्न छाडेको छ । विज्ञानको तीव्रतर विकाससँगै समाजमा पहिले चलनचल्तीमा रहेका धेरै कुराहरू विस्थापित भइसकेका छन् । घडी, रेडियो, टर्चलाइट जस्ता कुराहरू अब सहरमा त के गाउँमा पनि देखिन छोडेको छ । टिभी हेर्नको लागि मात्र पल्लो पल्लो गाउँसम्म जाने अवस्था अहिले फेरिएको छ। पहिले आवश्यकताले लगाउने घडी अहिले सोखिनको लागि मात्र मानिसले लगाउने गरेका छन् । नयाँनयाँ आविष्कारले गर्दा हरेक कुराहरू घरमै बसीबसी प्राप्त गर्न मुस्किल हुँदैन ।

गाउँमा जन्मे हुर्केको म, अहिले गाउँ कहाली लाग्दो भइसकेछ। आजकल गाउँघरमा एउटा कुरा चाहिँ खुब आवश्यकता पर्दो रहेछ त्यो हो “चाबी” । घर घरको मूलढोकामा अहिले गाउँमा देखिने भनेको यही एउटा चिज हो । पहिले खेतबारीमा उम्रिने बुकी झार अहिले घरको माथि दलिनमा समेत उम्रिन थालेछ। सदरमुकाममै रहेका घरहरूमा पनि ताल्चा ठोकेर मानिसहरू अझै पायक पर्ने सहर पसेका छन्। तलब दिएर घर कुर्ने मानिसहरू राख्न पनि गाउँमा मानिस पाइन छाडेको छ। गाउँमा सन्तान उत्पादनको दर अत्यन्त कम छ । राज्यले शिक्षामा होइन कि भवन निर्माणमा मात्र जोड दिएको कारण गाउँका कुनाकुनामा गगनचुम्बी विद्यालयहरू निर्माण भएका छन् तर विद्यार्थी छैनन् । कक्षामा शिक्षक र विद्यार्थी हाराहारीमा छन् । शिक्षा क्षेत्रमा आएको यो दुरावस्थाले के संकेत गर्दछ ? साच्चै कहाली लाग्दो अवस्था छ गाउँको । गाउँ वृद्धाश्रम बन्दै गइरहेका छन् । आफ्नो गाउँठाउँ छाडेर सहरमा बस्नु पर्ने बाध्यता सबैलाई आइलागेको छ।

सहरको छिमेक भरिलो, उताको गाउँ खाली। जमिनको खेतीबालीको त कुरै छाडौं । यता बस्न थालेदेखि समय बितेको पत्तै नहुने । मानिसहरू सबै आ-आफ्नो काममा व्यस्त । कसैलाई अरू कसैको कुनै मतलब भए जस्तो पनि लाग्दैन । कुनै न कुनै इलम गरेर यता बस्ने गरेका मानिसहरू यही दिनचर्यामा भुलेका छन् । हुन त देशको राजधानी, चरम महँगीले जरा गाडेको ठाउँ, त्यसै बस्दा जीउ धान्न पनि मुस्किल नै पर्छ । त्यसकारण पनि केही न केही त गर्नै पर्ने हुन्छ।

घरहरू गुजुमुज्ज परेर बनेको कारण अर्को घरमा के भइरहेको छ भन्ने थाहा पाउन गाउँमा जस्तो गाह्रो चाहिँ यता नहुने । गाउँमा अव्यवस्थित व्यवस्थापनको कारण एक घरबाट अर्को घरमा पुग्न कतै कतै त बिहान भरि हिँड्नु पर्ने पनि हुन्छ । म शान्त वातावरणमा बस्छु भनेर चाहाना गर्दा गाउँमा जस्तो सहरमा नहुँदो रहेछ । दिनभरिको कामको थकानको कारण मानिसहरू रातमा आनन्दसँग सुत्न चाहनु कुनै नौलो पनि होइन । त्यो चाहनाको हकदार म पनि हुँ भन्दा कसैले किन आश्चार्य मान्ने ? तर केही दिन देखि मेरो चाहनामा तुषारो लागिरहेको छ । बिहान एकैपटक मोबाइलको अलार्म बज्दा बिउझिने मेरा आँखा अचेल राति धेरै पटक खुल्ने गरेका छन् । मेरा आँखा निद्रा नलागेर खुलेका पनि होइनन् । यसो हुनुको मुख्य कारण भनेको अन्य केही नभएर मानिस जगतको लागि भोज भतेर, मोज मस्तीको लागि अति प्रिय प्राणी "कुखुरो" बनेको छ ।

कतिलाई लागेको होला "बाहुनको छोरो कुखुरो त समस्या हुने नै भो ? तर त्यस्तो पनि होइन । म गाउँघरमा सानो छँदा कुखुरो बिहान उज्यालो हुने बेला करिब चार, साढे चार तिर मात्रै कुखुरी काँ गर्दै बासेको सुनेको थिए । गाउँको स्कुल पढ्दै गर्दा आमाले "बाबु गाउँमा कुखुरो बासी सक्यो अब उज्यालो पनि हुन लाग्यो, उठेर पढ" भनेको धेरै पटक सुनेको थिएँ ।

मैले एक पटक आमालाई "कुखुरो किन बिहान मात्र बास्छ ? भनेर सोधेको थिएँ ।

आमाले "बाबु भाले कुखुरो बिहान उज्यालो हुने बेलामा प्राय जसो बास्छ, यसले उज्यालोको संकेत गर्छ, तर किन बिहान मात्र बास्छ ? थाहा भएन, तर रातिमा चाहिँ बास्दैन, "म उत्तरले सन्तुष्ट भइन । किनभने आमाले कहिलेकाहीँ घरमा कुराकानीको क्रममा बुबासँग 'फलानाको घरमा त आजकल पोथी बास्न थालेछ' भनेको पनि सुनेको थिएँ । तर पोथी पनि बास्छ र आमा ? भनेर प्रश्न गर्नु मन थियो तर कति कुखुराको मात्र प्रश्न सोध्ने भनेर सोधिन ।

त्यतिबेला सबैको हातमा अहिले जस्तो मोबाइलको त कुरै छाडौ, घडी पनि हुँदैनथ्यो । समय अनुमान गर्ने विभिन्न आधारहरू थिए । जिल्ला प्रहरी कार्यालय भन्दा करिब ५०० मिटरको दुरीमा घर भएको कारण रातिमा कहिलेकाहीँ सेन्ट्रीले प्रत्येक घण्टामा हानेको घण्टी पनि सुनिन्थ्यो । दिउँसोमा हल्ला हुने हुँदा सुनिदैनथ्यो । तर र ातीमा कहिलेकाहीँ भने सुनिदैनथ्यो । घण्टी हान्न बिर्सेर हो वा अरू कारणले हो त्यतिबेला थाहा हुने कुरा पनि भएन ।

आमाले घडी नहेरी बिहान कुखुरो बास्दा र दिउँसो तथा बेलुका

आकाशमा घाम र जुनको अवस्थिति हेरेर यति नै बज्यो होला भनेर समय अनुमान गर्नु हुन्थ्यो। घडी हेर्दा दुईचार मिनेटको मात्र फरक पर्दथ्यो । साच्चै अद्‌भूत अनुमान थियो आमाको । वातावरणमा व्यापक उथलपुथल भएको वर्तमान अवस्थामा पनि उहाँले गरेको अनुमान आज पनि मिल्ने गरेको छ।

धेरै जसोको खुसीको साथी, मोजमस्तीको साथी, तीन पानेको सीतनको प्रमुख हकदार मेरो लागि भने पीडाको अहिले भकारी बनेको छ । गाउँमा बिहान उज्यालो हुने बेलामा मात्र बास्ने गरेको भाले यता रातभरि किन बास्छ ? एकदिन एकजनालाई छिमेकमा पालेको कुखुरो रात भरि बासेर हैरान भएँ, केही उपाय छैन ? भनेर सोधेको "ह्या सर पनि ! च्याप्प समातेर सिरूपाते खुकुरीले काटेर तेलमा परर भुटेर सितन बनाएर तीन पानेसँग लाउनु पर्छ, सबै ठिक हुन्छ ।" जवाफले समाधान दिन्छ जस्तो लागेन । अर्काको घरमा पालेको कुखुरो कसरी होला सिरूपातेले उछिट्याउने ?

कुखुराको मुख्य पीडित म मात्र त पक्कै होइन होला। छिमेकमा अरू पनि घरहरू बग्रेल्ती भएको हुँदा उहाँहरूलाई पनि केही न केही त पक्कै भएको होला भन्ने सोचेर एक दिन यसो एउटा छिमेकीलाई "सर आजकल राम्रै छ नी ? निद्रा त राम्रै परेको होला ? सिधैं कखुराको कुरा के गर्नु भनेर प्रश्न घुमाएको "के राम्रो हुन्थ्यो सर ? म त आजकल रातिमा ट्वाइलेट जाँदा बत्ती पनि बाल्न छाडेको छु" भन्नुभयो।

उत्तरमा कुखुराको भाव नदेख्दा खोतल्ने प्रयास गर्दै मैले "किन सर ?" भन्दै जिज्ञासायुक्त नजर उहाँ प्रति तेर्स्याएको मात्र के थिएँ उहाले झन् पीडाको भारी नै बिसाउदै यताउता हेरेर साउतीको श्वरमा "त्यो छिमेकीको कुखुरो छ नी सर, मेरो घरको ट्वाइलेटको बत्ती बाल्दा झ्यालबाट बाहिर छिरेको प्रकाशले गर्दा उज्यालो भो भन्ठादो रहेछ, नबिसाई बास्छ" भन्नु भयो। "लौ न सर केही उपाय छैन यसलाई परमधाम पुर्याउने ? उहाँको पीडा मिश्रित प्रश्नले म रन्थनिए।" जुलुस निकाल्ने कुरा भएन, अरू उपाय त म देख्दिन त सर "मेरो उत्तरले उहाँ बहुत निराश भएको महसुस गरेँ। कुखुरो घरको छतमा पालेर राखेको छ, तल पनि झर्दैन, गाउँघरमा भएको भए त चराउन बाहिर छाडेको बेलामा चारो हाल्दै अलि पर पुर्याएर च्याप्प समातेर अगि उहाँले भने जस्तो गरि स्यालले कुखुरो लग्यो भनेर हल्ला पिटाए पनि हुने। "तर यहाँ त तँलाई स्यालले लैजानु पर्ने" भनेर सराप दिने बाहेक अरू विकल्प थएन। किनभने कुखुरो छतमा थुनेर राखेको खोरबाट भुइँमा फिटिक्कै झर्ने होइन।

मैले मनमनै सोच्न थाले

मानिसलाई खुसी होइन पीडा दिन सक्ने कस्तो अजिवको प्राणीले हाम्रो टोलमा बास लिन पुगेछ। मैले मानिसले कुखुराको शिकार गरेको देखेको थिएँ। तर कुखुराको कारण मानिस मानसिक रूपमा शिकार हुनु परेको सायद यो नौलो नै होला।

म सानो छँदा बुबाले भन्ने गरेको "बाबु मर्दा पर्दा चाहिने भनेको छिमेकी नै हो, छिमेकीसँग सदैव राम्रो व्यवहार गर्नु पर्दछ, सानोतिनो कुरामा मतलव गर्नु हुँदैन, सहनु पर्दछ ।" मेरो कानमा अहिले पनि गुञ्जिरहेको छ । हुन पनि हो, परिवारमा बेमेल हुँदा पारिवारिक भिन्नता हुन सक्ने नेपालको कानुनमा नै व्यवस्था छ । तर छिमेकी भनेको त्यस्तो चिज हो, न आफूले चाहेर अलग हुन सक्छ ? न मन नपर्दा फेर्न नै सकिन्छ ? हजारौं अवगुण भए पनि दुवै पक्षले चुपचाप सहनुको विकल्प हुँदैन । "तपाईँको कुखुरो बासेर रातभरि सुत्न दिएन" कसरी भन्नु ? उहाँको घरमा पालेको पंक्षी। मिनेटै पिच्छे आउने "कुखुरी काँ" आवाज त उहाँले पनि सुन्नु भएको होला। आफ्नै घरको छतमा खोर बनाएर पालेको कुखुरा पटकपटक बासेको नसुन्ने कुरा पनि भएन।

एकदिन बिहान कुखुराको घरबेटी समेत टोल छिमेकमा रहेका हामी अनौपचारिक रूपमा भेटघाट भएको बेला कुरैकुरामा कुखुराको कुरा निकालेको उहाँको मुखबाट "खित्का छाडेर हाँस्दै, मैले त यो दसैँमा लोकल कुखुराले मनाउने बिचार गरेको छु" भन्ने वाक्यले मेरो निधारमा मात्र दशवटा मुज्जा पार्यो कि भनेको अन्य छिमेकीको पनि त्यही हाल रहेछ। अरूले नदेख्ने गरि औंला भाँचेको, "दसैं आउन अझै पाँच महिना बाँकी रहेछ", मनमा आँधी नै आउला जस्तो अनुभूति भयो । तत्काल कुनै समाधान निस्कने उपाय पनि देखिएन । कहिलेकाहीँ त कानमा कपास हालेर पनि सुतेँ। तर कानमा कपास राखेको कारण कान दुखेर झण्डै अस्पताल जानु परेको । कतिसम्म भने, पारी बाटोमा मोटरसाइकलको आवाज सुने पनि कुखुरो बास्ने, टोलमा कसैले बत्ती बाल्यो भने पनि बास्ने, उज्यालोमा पनि बास्ने, अँध्यारोमा पनि बास्ने, अब त हुँदाहुँदा हावा लाग्दा बाटो छेउमा रहेको रूखका पातहरू बज्दा पनि बास्ने ।

केही दिनदेखि त झन् "झिकि दे गांड भन्दा थपि दे गांड" भने जस्तो पो हुन थाल्यो । अस्तिसम्म छिमेकीको कुखुरो मात्र रातिमा बासेको सुनेको थिएँ। अहिले त छिमेकमा पालेका अन्य कुखुराहरू पनि "हो मा हो मिलाउदै" बास्न सुरू गरेका छन् । अब त क्रान्ति पो हुन लाग्यो कि जस्तो भान महसुस हुन थालेको छ । मुख्य नाइके पो भएर निस्कियो त्यो कुखुरो। साच्चै कुखुराको भाषा हामीले

बुझ्ने कुरा पनि भएन । कसोकसो उसले छिमेकमा रहेका अन्य कुखुराहरूलाई पनि प्रशिक्षण दिन भ्याई सकेछ ।

राजधानीमा बस्ने यति धेरै छिमेकीहरूलाई पीडा दिन सक्ने पंक्षी कस्तो होला ? भन्ने पनि लाग्यो । एक दिन कुरैकुरामा छिमेकीको घरको छतमा गएर कुखुरो हेरेको "कल्कलाउँदो, शिरमा रातो रङको ठुलो शीउर, आकर्षक । मानौ क्रान्तिको बिगुल फुक्न तम्तयार योद्धा जस्तो । कसैले शिकार बनाउने चाहाना गरेन भने आठ दश वर्ष नै केही हुँदैन कि भन्ने लाग्यो ।

"भाले हेर्दा त यसो काटकुट पारेर रमाइलो गर्ने खालको रहेछ, कि एक दिन रमाइलो गर्ने सर ?" भनेर खिस्स दाँत देखाएर हाँस्दै घरबेटीलाई सोधेको, टमाटर जस्ता आँखा बनाउदै "अस्ती भनेको बिर्सनु भो र सर ? पीडा माथि उल्टै प्रति प्रश्नको सामना मैले गर्नु पर्यो ?

अब त मसँग दर्सैं छिट्टै आइदिए हुन्थ्यो भन्ने चाहना गर्नु बाहेक अरू कुनै विकल्प बाँकी थिएन, तर मैले भनेर दसैं कहाँ छिट्टै आउथ्यो र ? ♦♦

गीत

# नबोली नखोली हराएन प्यास



✍ **पदम दाहाल**

नबोली नखोली हराएन प्यास
सजियौ दिलैमा सदावर्ती बास ।

लुकाएर भित्रै मनै बाँधिराखैं
टुसाएर प्यारो भयौ साथ राखैं
मनैको मभ्रेरी बनै बन्नु छैन
खुनी जन्म कस्तो जुनी भन्नु छैन ।

नखोलूँ कि पोको भन्यो पीर बढ्छ
नपोखूँ म धोको भनूँ भित्र गड्छ
कहाँ भेटूँ र धौ फुकाएर बोलूँ ?
कता देखूँ लाग्ने पूरै आँत खोलूँ !

कठै ! जन्महारा जुनी कल्पना भो
नभै रम्यशाला गुनी सम्भना यो
कहाँ पोखू लाग्ने कथा वेदनाको
सधैं भोक जाग्ने तृषा जिन्दगी यो ।

# साइबर आक्रमणः घर भित्रकै रहस्य



✍ **सुमन बहादुर बस्नेत**
(**Ethical Hacker**)

एक दिन अचानक बुबाको मोबाइलमा जेठो छोराको What's app सन्देश आउछ- "म तिमीलाई हेरिरहेछु ।" बुबा अचम्मित हुन्छन् । त्यसपछि बुबाले छोरालाई सोध्छन्, "आफ्नै बुबालाई यस्तो के म्यासेज पठायौ तिमीले ?" बुबाको कुरा सुनेर छोरा छक्क पर्छन् किनभने उनले आफ्नो बुबालाई आफ्नो मोबाइलबाट केही पनि म्यासेज पठाएका थिएनन् । शंका लागेपछि दुबै बाबु छोराले आ-आफ्नो मोबाइल टेबल माथि राख्छन् ।

एक छिनपछि फेरि अचानक अर्को सन्देश आउछ । "I am watching you".

दुबैको शरीर काँप्न थाल्दछ । छोराले मोबाइल छोएको थिएन तर म्यासेज भने आएको थियो । त्यसैबेला आमा पनि रिसाउदै कोठाभित्र छिर्छिन् र भन्न थाल्छिन्, "तपाईँले यो के म्यासेज पठाएको ? तपाईँ ठिक त हुनुहुन्छ ?" बुबा अचम्ममा परे, किनभने आमाको मोबाइलमा गएको म्यासेज बुबाको नम्बरबाट थियो जसमा लेखिएको थियो- "तिमीहरूको सबै गतिविधि म लाइभ हेर्छु ।" एकैछिनमा घरको वातावरण तनावपूर्ण भयो । केही समयपछि छोराले बुबालाई भन्यो, बुबा हामी ह्याक भयौं, हाम्रो नेटवर्क compromise भयो । अब हामी तुरुन्त साइबर ब्यूरो जानुपर्छ ।

त्यसपछि बुबाले साइबर ब्यूरोमा निवेदन दर्ता गर्दछन् । साइबर ब्यूरोमा आमा, बुबा र छोरा तिनै जनाको मोबाइल जाँच हुन्छ । तिनै जनाको malware, Trojan, Pegasus र घरको नेटवर्क समेत clean भेटिन्छ । साइबर ब्यूरोको अनुसन्धान टोलीले केही सुराक भेट्याउन सक्दैनन् त्यसैले उनीहरूले Ethical Hacker लाई बोलाउने निर्णय गर्दछन् । Ethical Hacker ले सबै रिपोर्टको अध्ययन र परीक्षण गर्दछन् । यस मुद्दामा कतै न कतै केही कुरा छुटिरहेको थियो । सामान्य malware नभएको देखेर उनले बाह्य ह्याक छैन भने यो काम कुनै Legitimate app बाट भएको हुनुपर्छ, यस्तो app कसैले परिवारमै बसेर इन्सटल गरेको

हुनुपर्छ भन्ने अनुमान लगाए । त्यसपछि Ethical Hacker ले निवेदकलाई परिवारमा को को हुनुहुन्छ भनेर सोधे। निवेदककले श्रीमती, दुई छोरा र म भनेर जवाफ दिए। ठुलो छोरा त बाबु आमासँगै थिए तर कान्छो छोराको बारे त्यहाँ सुरु देखि नै कसैले सोधपुछ गरेको थिएन । Ethical Hacker ले अनुमान लगाई हाले, पक्कै सानो छोरासँग यस सम्बन्धी केही clues भेटिन्छ।

अनुसन्धान टोली निवेदकको घरमा पुगे। कान्छो छोराको मोबाइल जाँच भयो । Ethical Hacker ले विशेष गरी legitimate apps खोजे किनभने कहिलेकाहीँ यिनैबाट misuse हुन्छ । अनुसन्धानकै क्रममा उनले parallel space app भेटे जहाँ बुबा, आमा र दाजुको सम्पूर्ण फोनको प्रतिलिपि virtually बनेको थियो । पठाइएका सबै म्यासेज, गतिविधि र निगरानी सबै यहीबाट सम्भव भएको थियो। Ethical Hacker ले सानो छोरालाई आफ्नै परिवारलाई किन यस्तो गरेको भनेर प्रश्न सोध्दा उनी टाउको झुकाउदै भन्छन्- "मैले YouTube मा एउटा mobile repair video हेरेको थिए। त्यहाँ यस्तो app देखेपछि उत्सुक लाग्यो । सुरुमा मजाकमै गरेको थिए तर पछि सधैँ बुबाआमाले दाइसँग तुलना गर्ने, पढाइमा सधैं दाइ अगाडि, म कहिल्यै notice नहुने कारणले गर्दा दाइलाई हराउन सक्छु, म पनि दाइ भन्दा smart छु भनेर देखाउन मैले यस्तो काम गरेको हुँ, पैसा कमाउन गरेको होइन, attention पाउन र thrill अनुभव गर्न यस्तो गल्ती गरेको हुँ भन्छन् ।

माथिको घटना त एउटा प्रतिनिधि घटना मात्र हो। हाल यस्तो घटना दिनदिनै धेरै मात्रामा घट्ने गर्दछ। हामीले धेरैजसो बाहिरी मान्छेले मात्र मोबाइल ह्याक गरेको सुनेका र पढेका थियौ । यस प्रतिनिधि घटनाबाट हामीले साइबर आक्रमण सधैँ बाहिरबाट मात्र हुँदैन । कहिलेकाहीँ आक्रमणकारी आफ्नै घर भित्रै पनि हुन सक्छ भन्ने कुरा बुझ्न सक्छौ। सानो जिज्ञासा, सामान्य प्रयोग वा असावधानीले पूरै परिवारको गोपनीयता धरापमा पनि पर्न सक्छ।

**साइबर अपराध के हो ?**

साइबर अपराध भनेको इन्टरनेट वा डिजिटल प्रविधि प्रयोग गरी गरिने गैर कानूनी गतिविधि हो जस्तैः identity theft, financial fraud, scam वा अनधिकृत निगरानी आदि ।

**साइबर अपराधबाट कसरी सुरक्षित रहन सकिन्छ ?**

♦ कुनै इन्टरनेट वा डिजिटल प्रविधि सम्बन्धी सन्दिग्ध गतिविधि देखे वा भए तुरुन्त साइबर ब्यूरोमा जानकारी दिने।

♦ official app मात्र प्रयोग गर्ने।

♦ अनधिकृत वा अज्ञात app डाउनलोड नगर्ने।

♦ Strong password/multi Factor Authentication प्रयोग गर्ने।

♦ बालबालिकाहरूलाई Digital Awareness दिने आदि।

**Ethical Hacking सम्बन्धी केही शब्दावलीहरू निम्नानुसार रहेको छः**

**Ethical Hacking-** Ethical Hacking भनेको कुनै पनि कम्पनिको स्विकृति लिएर system मा Unauthorized access गर्नुलाई Ethical Hacking भनिन्छ। Ethical Hacker ले कुनै पनि system मा भएको कमिकमजोरीहरूलाई पत्ता लगाएर system लाई साइबर सुरक्षा दिने काम गर्दछ।

**Malware:-**Malware भनेको malicious software हो जसले कम्प्युटर, नेटवर्क अथवा प्रयोगकर्तालाई हानि गर्दछ। जस्तैः ransom viruses, spyware आदि।

**Trojan:**-Trojan भनेको बाहिरी रूपमा सामान्य देखिने तर भित्र लुकेको हानिकारक programme हो जसले system लाई झुक्काई system मा प्रवेश गरेर data चोर्ने र गोप्य जानकारी अरुलाई transfer गर्ने वा system मा बाधा पुऱ्याउने काम गर्दछ।

**Pegasus:**-Pegasus भनेको advance spyware हो, जसले मोबाइललाई गुप्त रूपमा नियन्त्रण गरेर फोटो, म्यासेज, call आदि चोरी गर्नु हो। ♦♦

गजल



✍ **लीलाराज दाहाल**

कालो अतित सम्भिएर रुन्छ्यौ कहिले सम्म
हत्तेरिका यादको माला उन्छ्यौ कहिले सम्म !

भित्रैसम्म हल्लाई जान्छ धोकाको त्यो कम्पन
यस्तै झड्का मनमनै गुन्छ्यौ कहिले सम्म !

मिलन बिछोड भन्नु पनि घाम छाया रैछ
आँसुले ती नयनलाई धुन्छ्यौ कहिले सम्म !

भित्रैसम्म घोची गयो घृणाको त्यो सुइरो
उसलाई सम्झी एकोहोरी हुन्छ्यौ कहिले सम्म !

कहाँ हुन्छ मन खाली दुनियाँमा अचेल
स्मृतिको त्यो पछ्यौरी तुन्छ्यौ कहिले सम्म !

कति आए मित्रताको साइरन बजाउँदै
धोकै दिने परदेशी चुन्छ्यौ कहिले सम्म !

आकाश जस्तै खुला हुन देऊ मनलाई
उर्लेका ती चाहानालाई थुन्छ्यौ कहिले सम्म !

संस्मरण // अनुभूति

# हे कर्मयोद्धा प्रहरी! तिमी कहिल्यै थाक्न पाउनेछैनौ !



✍ **प्र.व.ना.नि. प्रेमराज मिश्र 'अभीष्ट'**

प्रहरी मालिक होइन, सेवक हो ।
धूलो धूँवा सहन्छ ऊ थाकैं भन्दैन कहिल्यै ।
पानी ,झरी, चर्को घाम पार्कैं भन्दैन कहिल्यै ......!

**सम्बन्धित विषयमा प्रवेश गर्नुपूर्व** !

**प्रसङ्ग– बाग्लुङ नगरपालिका –१ मालढुंगा खुदुर्केमा अवस्थित इस्कोन गण्डकीको ।**

नेपाल अधिराज्यका सदरमुकाम तथा प्रमुख सहरहरूमा स्थापित '**इस्कोन सेन्टर**' हरूमा सप्ताहव्यापी कार्यक्रमका रूपमा '**श्रीकृष्णजन्माष्टमी–२०८२**' भव्यताका साथ मनाउने/मनाइने शालिन आवाजहरू सामाजिक सञ्जालहरूमा घनिभूत भइरहेको थियो । हुन सक्दछः एउटा विराट तथा महत्वाकांक्षी योजनाका रूपमा '**इस्कोन गण्डकी**' परियोजनाद्धारा बाग्लुङको मुख्य प्रवेशद्वार मालढुंगास्थित खुदुर्केमा आकर्षक '**राधाकृष्ण मन्दिर तथा सभाहल निर्माण**' गरिएकोले खुसीको लहर सर्वत्र गुञ्जयमान थियो ।

प्राप्त जानकारी अनुसार दानमुठीकै भरमा सयौं वर्ष पुरानो लक्ष्मीनारायण मन्दिर जीर्णोद्धार गर्नुको साथै लक्ष्मीनारायण गुठीको १७ रोपनीको जग्गामा कृष्णगण्डकी परियोजनाद्धारा तीन वर्ष अघि नै विस्तृत परियोजना प्रतिवेदन (**डिपिआर**) तयार भइसकेको थियो । भक्तजनहरूको यथेष्ट सुविधाको लागि निकट भविष्यमा ४३ करोडको भौतिक संरचनाहरू समेत निर्माण गर्ने लक्ष्य अन्तर्गत शाकाहारी भोजनालय, अतिथिगृह, धर्मशाला, गंगाआरतीका लागि विशेष मञ्च, शालग्रामको भगवानको दर्शन एवं महत्व झल्किने कालीगण्डकी स्नानगृहसहित नदीतटमा ध्यानस्थल निर्माण हुने कुराले सबैको ध्यान खिचिरहेको थियो । स्थानीय सञ्चार माध्यमहरूले पनि विशेष चासोकासाथ समाचार संप्रेषण गरिरहेका थिए ।

ठहाक मेरो कान टाठो भयो । मनभित्र एउटा हुटहुटी पैदा भयो । सञ्चार माध्यमहरूले ढोल पिटेअनुसार खुदुर्केको समग्र भौगोलिक वस्तुस्थिति अवलोकन गर्नु र पवित्र कालीगण्डकी नदीको प्रवाहमा डुबेर एकै छिन भए पनि आनन्द लिनु / सैर गर्नु मेरो इरादा थियो । यही सिलसिलामा म खुदुर्के पुग्दो भएँ जहाँ मुख्य आकर्षणको

केन्द्र थियो- **श्रीकृष्णजन्माष्टमी समुद्घाटन** ! **बिहानको प्रथम प्रहर** !

इस्कोन नेपालका क्षेत्रीय सचिव परमपुज्य महाविष्णु स्वामी महाराज र ऐ.क्षेत्रीय सुपरीवेक्षक श्रद्धेय पत्रीदासज्यूको सान्निध्यतामा एक भव्य/सभ्य समारोहबीच '**श्रीराधावेणी माधव मन्दिर**' समुद्घाटन कार्य सुसम्पन्न भयो, जो विगत लामो समयदेखि समुद्घाटनको तीव्र प्रतीक्षामा थियो ।

कुनै समय मालढुंगा खुदुर्के भौगोलिक हिसाबले एउटा निर्जन ठाउँ थियो । पूर्वमा कुश्मा बजार, पश्चिममा बेनी (म्याग्दी) र दक्षिणमा बाग्लुङ्ग बजारलाई एक छिन बिर्सने हो भने खुदुर्के नितान्त ओझेल परेको ठाउँ थियो । तर खुदुर्के यसपाली चर्चाको उत्कर्षमा थियो । खुदुर्केको खुसीको कुनै सीमा नै थिएन ।

म आश्चर्यचकित थिएँ कि यो एकान्तस्थल खुदुर्केमा सजिएको सुन्दर मन्दिर परिसरमा अथाह संख्यामा मानिसहरू कहाँबाट आएका हुन् ? सलह झैं कहाँबाट सुसाइरहेको छ मानव सागर ? यो सब कसरी सम्भव भइरहेको छ ?

बिस्तारै दिन ढल्कियो । साँझ पर्‍यो । झ्याउँकिरीहरूको तिखो आवाजले भगवान् श्रीकृष्णको जन्म हुने महायज्ञको साङ्केतिक निमन्त्रणा एवं आव्हान गरिरहेको थियो । रातको प्रहरसँगै मानिसहरूको घुइँचो बढ्दो थियो । मानिसहरू श्रीकृष्णको जन्म हुने शुभ-समयको व्यग्र प्रतीक्षामा लोलाइरहेका थिए । सम्पूर्ण वातावरण नै श्रीकृष्ण जन्माष्टमीमय भइरहेको थियो ।

मध्यरातको घण्टी बज्न केही मिनेट मात्र बाँकी थियो ।

**ठिक मध्यरात** !

अहो ! आकाशमा चारैतिर अप्रत्याशित उज्यालो छायो । विभिन्न पड्का र आतसबाजीको उज्यालोले सम्पूर्ण आकाश चम्किलो भयो । ताराहरू मुस्कुराउन थाले । मध्याकाशमा चन्द्रमाको उज्यालो प्रतिविम्ब देखिन थाल्यो । सहनाई, करताल र मृदङ्गहरू बज्न थाले । शंखध्वनिले सम्पूर्ण धर्ती र आकाश एकैसाथ गुञ्जायमान हुन थाल्यो । चारै तिर विभिन्न रङका पुष्पहरूको वर्षा हुन थाल्यो.......!

**अनयासै मन्दिरभित्रको पर्दा खुल्यो** !

**शून्य आकाश** !

पर क्षितिजमा कालो र निलो मिश्रित रङले पोतिएको एउटा मध्यम कदको आकृति पूर्ण उल्लासका साथ देखा पर्‍यो र क्रमशः अगाडि सर्दै आयो । अत्यन्त अलौकिक एवं दिव्य थियो त्यो आकृतिः शिरमा मयुरको प्वाँख । हातमा बाँसुरी । श्यामवर्णको शरीर । सुन्दर मुहार । गलादेखि कम्मरपेटीसम्म सजिएको वैजन्ती

माला । घुँघुँरिएको कपाल । निला आँखा ..........! उर्फ

अनयासै मानिसहरू जोडले चिच्याउन थाले - "ऊ कृष्ण प्रकट हुनुभयो। कृष्ण ! कृष्ण .....कृष्ण..!"

वास्तवमा भगवान् श्रीकृष्ण करूणासिन्धो नै हुनुहुन्छ । कृष्णले उपस्थित सबैलाई आफ्नो अलौकिक स्वरूपको साक्षात् दर्शन दिनुभयो । हेर्दाहेर्दै त्यो दिव्य आकृति आँखाको नानीबाट विस्तारै ओझेल पर्दै गयो र लोप भयो। मानिसहरूको लामो प्रतीक्षा र धैर्यता एकैसाथ अन्त्य भयो ।

समग्रमा यस्तो लाग्दथ्यो कि भगवानको विग्रहसामु नझुक्नेको होला र । भगवान कृष्णलाई देखेर भावुक नहुने को होला र ! कृष्णलीला, राधाकृष्णको निश्चल प्रेम र भक्तहरूको समर्पण देखेर नतमस्तक/ मुर्छित नहुने को होला र ! चाहे मानिसहरूले जतिसुकै घोर नास्तिकताको अभिनय किन नगरून् ? घुर्की किन नलगाउन् ?

**भोलिपल्ट** !

सभाहलमा समीक्षात्मक बैठक आयोजना भयो । श्रद्धेय महाविष्णु स्वामी महाराजज्यूको सान्निध्यतामा समसामयिक विषयमा छलफल भयो । विशेष गरी वैकुण्ठ जगतका राजदूत कृष्णकृपामूर्ति श्रीमद् अभयचरणाविन्द भक्तिवेदान्त स्वामी प्रभुपादको 'आभिर्भाव दिवस' परेकोले सम्पूर्ण ध्यान यसैमा केन्द्रित थियो जसले सन १९६६ मा संयुक्त राज्य अमेरिका (न्यूयोर्क) मा पहिलो पटक **अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ** (**इस्कोन**) को स्थापना गर्नुभएको थियो ।

समग्रमा प्रभुपादजीले गर्नुभएको आध्यात्मिक संघर्ष तथा योगदानका बारेमा चर्चा गर्ने क्रममा महाविष्णु महाराज, इस्कोन नेपालका केन्द्रिय अध्यक्ष एवं इस्कोन गण्डकी बाग्लुङ्गका संस्थापक अध्यक्ष परमेश्वर अच्युतदास, इस्कोन बाग्लुङ, म्याग्दी र कुश्मा (पर्वत) का अध्यक्ष क्रमशः जगतगुरु गिरिधारीदास, गडाई गौराङ्ग दास, रामशरण निताइ लगायत भागवद् सेवादास, कृपामय कृष्णदास, दीनबन्धु जनार्दन दासकासाथै माताजीहरू भुवना, राधिका, स्वस्तिका तथा प्रतिनिधि वक्ताका रूपमा कृष्णनाम दास, केशव गोविन्ददास एवं उपस्थित अन्य भक्तहरूले समेत आ-आफ्नो आध्यात्मिक अनुभव र अनुभूतिहरू पस्कनु भएको थियो । ती दिव्य वाणीहरू सुन्दा यस्तो लाग्दथ्यो कि प्रभुपादजीले संसारलाई दिनुभएको आध्यात्मिक योगदानको चर्चा गरेर कहिल्यै सकिने छैन ।

ठहाक मेरो आँखा अचानक एउटा दृश्यमा गएर टक्क रोकियो ।

भक्तहरूको भिडले सभाहल पूर्णतया खचाखच थियो । हलको उत्तर

पूर्व दिशातर्फ पहेँलो वस्त्रमा सजिएका गेरूवस्त्रधारी भक्तहरू गोलबद्ध भएर बसेका थिए । ब्रह्मचर्य व्रतको कडा अनुशासनमा रहेका भक्तहरू ध्यानपूर्वक प्रवचन श्रवण गरिरहनुभएको थियो । म छड्के आँखाले उहाँहरूलाई पच्छ्याइरहेको थिएँ । उहाँहरू उघ्दैं हुनुहुन्थ्यो । उतिखेरै झ्याप हुनुभयो । मैले अनुमान गरें कि भक्तहरूलाई निन्द्रा देवीले सजिलै आफ्नो वशमा पारिन् / पारेरै छाडिन् ।

आध्यात्मिक भलाकुसारी गर्ने क्रममा एक जना भक्तले भन्नुभएको कुरा मलाई गम्भीर स्मरण भयो ।

उहाँ भन्दै हुनुहुन्थ्यो- "झण्डै एक महिना भयो नसुतेको । अन्नको शरीर हो । भोक, प्यास, निन्द्रा, थकाइ लाग्नु स्वभाविक हो । तैपनि हामी दिनरात खटिरहेका छौं । आफूलाई पूर्ण समर्पण गरिरहेका छौं । प्रभुपादजीले हामीलाई अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ (इस्कोन) मा आबद्ध गर्नुभएको छ । हामी प्रभुपादजीका सिपाही हौं । भगवानको सेवा तथा प्रचार-प्रसारमा जति धेरै खट्यो त्यति नै दिव्य आनन्द र सन्तुष्टि प्राप्त हुन्छ ।"

मैले उहाँको अनुहार पढिरहेको थिएँ । उहाँको अनुहारमा एक किसिमको चमक र दृढता सलवलाईरहेको थियो । यस्तो लाग्दथ्यो कि भक्तहरू अहोरात्र खटिइरहेका छन् र आफूलाई कुरूक्षेत्रको एक अथक एवं दृढ योद्धा 'अर्जुन' को रूपमा स्थापित गर्न पूर्णतया प्रयत्नशील / समर्पित छन् ।

मैले प्रश्न गरेँ -"तपाईँहरूलाई यस्तो निर्धक्क भएर बोल्ने शक्ति / आँट कहाँबाट आउँछ ?"

उहाँले विनम्रभावमा भन्नुभयो- "सत्य, करुणा र प्रेम !"

अहो ! म पनि एउटा फौजी मान्छे । निन्द्रा के हो ? भोक के हो ? प्यास के हो ? थकान के हो ? पीडा के हो ? घाउ के हो ? मलम के हो ? सुख के हो ? दुःख के हो ? हुरी के हो ? आँधीहुरी के हो ? चुनौती के हो ? आदि कुराहरू भोगेको मान्छे । तर यस्तो गाढा अनुभूति यसअघि मलाई कहिल्यै भएको थिएन । वास्तवमा म यही कुराको फरक अनुभव गर्न चाहन्थें ।

अनयासै मेरो कोमल हृदयमा करूणाभाव छचल्कियो र तुरून्तै आँसुमा रूपान्तरण भयो ।

तत्क्षण मैले आफ्नो प्यारो सङ्गठनलाई सम्झिएँ । सङ्गठनले अख्तियार गरेको आदर्श वाक्य सम्झिएँ- 'सत्य सेवा सुरक्षणम् !'

त्यसपछि मैले आफ्नो निलो बर्दीलाई सम्झिएँ । मैले आफूलाई एक गर्विलो सिपाहीको रूपमा सम्झिएँ । र, सम्झिएँ क्रमशः देश, जनता र माटो । अनि देश र जनताको सुरक्षार्थ अहोरात्र खटिने/

खटिएका जवान तथा नौजवानहरूको हँसिलो मुहार, खुसी, आनन्द .........!

आखिर हामी सबै राष्ट्रका सिपाही हौं । हाम्रो इज्जत र प्रतिष्ठा भने कै प्रहरी सङ्गठन हो । हाम्रो आदर्श तथा गरिमामय प्रहरी सङ्गठन भनेको त्यो हो जो -"कानूनी राज्यको मूल अवधारणबाट निर्दिष्ट प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धान एवं कानून कार्यान्वयनद्वारा समाजमा शान्ति, सुव्यवस्था एवं सुरक्षा स्थापना गर्न प्रतिबद्ध, राष्ट्र प्रति समर्पित, स्वच्छ, व्यवसायिक र निर्भिक प्रहरी" को नामले सुपरिचित छ ।

श्रीमद्भगवद्गीतामा भगवान श्रीकृष्ण भन्नुहुन्छः

**यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन। नतदस्ति विना यस्सयान्मया भूतं चराचरम्॥३९॥**

अर्थात् -"हे अर्जुन ! म त अझ समस्त अस्तित्वलाई जन्माउने बीज हुँ, त्यस्तो कुनै चर वा अचर प्राणी छैन जो मबिना रहन सकोस् ।"-१०.३९ (भगवानको ऐश्वर्य)

हो, प्रहरीको हकमा यो कुरा शतप्रतिशत लागु हुन्छ । किनकि शान्ति-सुरक्षासँग सरोकार राख्ने त्यस्तो कुनै समस्या नै छैन जो प्रहरी सेवा वा दायित्वसँग जोडिएको नहोस् । राज्यद्वारा प्रदत्त वा प्रचलित कानुनमा निर्दिष्ट कानुनाधिकारको सवाल आफ्नो ठाउँमा छदैंछ त्यसबाहेक पनि अर्थात् कानुनमा व्याख्या नै नभएका कतिपय जटिल समस्याहरू देखा पर्दछन्, सृजित हुन्छन् जसलाई प्रहरीले नजरअन्दाज गर्न सकोस् । कहाँसम्म भने प्रहरीले गर्भमा रहेको भ्रुण वा शिशुको बारेमा पनि सोच्नु पर्ने हुन्छ ।

**त्यति मात्र होइन,**

आफ्नो काममा अत्यन्त व्यस्त र तोकिएको पूर्णतया जिम्मेवारी इमान्दार एवं कुशलतापूर्वक वहन गर्ने यदि कुनै सङ्गठन वा पेसा छ भने त्यो प्रहरी सङ्गठन नै हो, प्रहरी नै हो ।

प्रहरीले एक छिन गोजीमा हात राख्यो भने हजारौं सवारीहरू सडकमा ताँती लाग्दछन् । सडक अवरूद्ध हुन्छ ।

प्रहरीले कुनै कारणवश एउटा फोन समयमै उठाएन, उठेन भने के हविगत होला ? हामी एक छिन कल्पना गरौंः

गाउँमा बाढी पहिरो गएको हुन सक्दछ । कहीं आगलागी भएको हुन सक्दछ । सवारी दुर्घटना भएको हुन सक्दछ । झगडा भएको हुन सक्दछ । चोरी भएको हुन सक्दछ । लुटपाट भएको हुनसक्दछ । अपहरण भएको हुन सक्दछ । कोही मानिस नदीमा हाम फालेको हुन सक्दछ, बेपत्ता भएको हुन सक्दछ । कहीं बलात्कार/ सामूहिक बलात्कार भएको हुन सक्दछ ।

प्रहरीको एउटै फोन सम्पर्कले पनि कयौं अकल्पनीय घटना/दुर्घटनाहरूको सम्भावना तथा जोखिमको भारलाई

सम्हालिरहेको छ । कुनै अपवाद बाहेक आजसम्म प्रहरीले जनताको विश्वास र भरोषालाई टुट्न दिएको छैन । टुट्यो कि सब चौपट्ट, जसको हामीले कल्पना नै गर्न सक्दैनौं ।

वास्तवमा प्रहरी देश र जनताको रक्षक हो । प्रहरी राष्ट्रको संवाहक हो । कानुन कार्यान्वयनका सवालमा प्रहरी कानुनको रक्षक हो । कर्तव्य निर्वाहको सवालमा प्रहरी एक अथक योद्धा हो । असत्य, अन्याय र अत्याचारको सवालमा प्रहरी कुरूक्षेत्रको कर्मयोद्धा 'अर्जुन' हो । जब कि राष्ट्र सुतिरहेको बेला पनि प्रहरी जागिरहेको हुन्छ । समाजमा भयरहित वातावरण सृजना गरी जनतालाई पूर्ण शान्ति र अमन चयनको प्रत्याभूति दिलाउने काममा प्रहरी अहोरात्र खटिएको हुन्छ ।

प्रहरीले आफ्नो ड्युटी तथा कर्तव्य पूरा गर्नमा कहिल्यै कन्जुस्याइँ गरेको छैन, पछि हटेको छैन । हरेक प्रकारका अपराध तथा चुनौतीहरूको डटेर सामना गरिरहेको छ । प्रहरी कहिल्यै थाकेको छैन । पाकेको छैन । प्रहरी न थाक्न पाउँछ, न गर्मीले पाक्न पाउँछ, न त कहिल्यै थाकेको महसुस नै गर्न पाउँछ ।

शायद प्रहरीको शब्दकोषमा यी शब्दहरू कहिल्यै भेटिने छैनः भोक, निन्द्रा, थकान, प्यास, आलस्य, काम, क्रोध, लोभ, मोह........! त्यसैले त ऊ प्रहरी हो । प्रहरी भएर बाँच्न चाहन्छ । प्रहरी भएर मर्न चाहन्छ ।

**वश** !

अन्ततः कार्यक्रम विसर्जन भयो ।

म आफ्नो गन्तव्यतर्फ लागेँ । म भावुक भएँ । नहुनु पनि किन ? बाटोमा फर्किदैं गर्दा मेरो मनमा प्रहरीले निर्वाह गरेको विभिन्न आरोह-अवरोहको फेहरिस्त नाच्न थाल्यो-

**वास्तवमा के गरेको छैन प्रहरीले** ?

प्रहरीले देश र जनताको भरोसा र भविष्यमाथि गद्दार गर्ने मानव तस्करहरूलाई पक्रेर अनुसन्धान गरेकै छ । आगोमा पनि हाम फालेको छ । लासलाई काँधमा बोकेकै छ । कहिले बाघसँग जुधे को छ । कहिले अजिङ्गर समातेको छ । चोर र गुण्डाहरूलाई तह लगाएकै छ । घाइते तथा बिरामीलाई अस्पताल पुऱ्याएकै छ । भूकम्पजन्य मानवीय उद्धारमा अहोरात्र खटिएकै छ । सरसफाइको दौरान सडकमा झाडु लिएर निस्किएकै छ । भौकभोकै दौडेको छ । अभाव र गरिबीसँग लाक्पा र पौंठेजोरी खेलेकै छ ।

**के मात्र गरेको छैन प्रहरीले** ?

जनतालाई बचाउनका खातिर आफूलाई बिर्सेर भोटेकोशीमा हाम फालेको छैन कि ! प्रसव वेदनाले छटपटिएकी सुत्केरीलाई उपचारार्थ अस्पताल लगेको छैन कि ! विश्वकै सबैभन्दा अग्लो शिखर


'सगरमाथा' चढेको छैन कि ! देशलाई आवश्यक परको बेला तातो गोली छातीमा थापेको छैन कि !

प्रहरीको निःस्वार्थ सेवा, समर्पण र निष्ठामाथि जसले जुनसुकै तर्क वा आलोचना गरे पनि छुट छ ।
अन्ततः प्रहरी मानवताको पुजारी हो ।

म धन्य भएँ । साँच्चै ! प्रहरी सेवा मार्फत भगवान् कृष्णले अर्जुनलाई गीतामा बताउनुभए झैं 'बसुधैव कुटुम्बकम्' एवं 'मानवताको सन्देश' विश्वभर प्रवाह/ विस्तार गर्न सकेमा सुनमा सुगन्ध हुने थियो । त्यस्तै भगवान् कृष्णका भक्तले भने झैं सत्य, करुणा र प्रेमको बीज सबैको हृदयमा बीजारोपण गर्न सकेमा कति राम्रो हुन्थ्यो होला ! र, प्रहरी सेवा प्रवाहलाई अझ इमान्दारपूर्वक लागु एवं अक्षरसः कार्यान्वयन गर्ने हो भने प्रहरी सङ्गठन कति सुन्दर हुन्थ्यो हो ला हगि ? जेहोस्, राज्यले सबैभन्दा बढी विश्वास गरेको पवित्र प्रहरी सङ्गठनको एक जिम्मेवार सदस्य हुन पाउनु नै मेरो अहोभाग्य हो । यस परमसौभाग्यका कारण अनयासै आँखाबाट आँसु छचल्किएर भुइँमा खस्दा भया । ◆◆

कविता

# पहिरोमा सगरमाथा



✍ **सानुराजा श्रेष्ठ 'अन्जान'**

भएन बाबु केही गरिनस् -
आमाको गुनासो यसरी पोखिन्छ,
मान्छे बन्न, केही सिक्न -
परदेश जानैपर्छ,
केही सिप गर्जो टार्ने
जिन्सी ल्याउनै पर्छ,
गर्भेभारी बोकेर हुर्काएँ -
आमाको भारीको पैँचो तिर्नै पर्छ ...
घरघरमा युद्ध,
दाजुभाइमा युद्ध हुँदा
देश नवयुगमा प्रवेश गरेको शङ्खनाद हुन्छ
उद्योग कारखाना बेच्दै नवधनाढ्य हुनेहरू
नयाँ रोजगार सिर्जना गरेको उद्घोष गर्दछन्
आमालाई के थाहा ....
देशको विद्रुप स्थिति ?
देश निरन्तर ओरालो
लागेको अवस्था ???
र छोराछोरीहरू बाकस-बन्द भएर
फर्किनुपर्ने बाध्यता
देशको चिनारी भष्मासुरले भष्म पारिसक्यो
देशको परिचय रक्तबीजहरूले
लज्जाहीन पारिसक्यो
त्यसैले आमा सगरमाथामै पहिरो गएको छ
पहिरोमै सगरमाथा भासिएको छ ।

निबन्ध

# आश्रय



✍ डा. विश्वदीप अधिकारी

आश्रयमा नै समस्त संसार अडेको छ भन्दा यस शब्दलाई न्याय गरेको ठहर्दछ भन्ने लाग्दछ। आश्रय शब्दले घर, परिवार, समाज, देश, संसार मात्र होइन चराचर जगत नै ओगटेको प्रतीत हुन्छ मलाई । मान्छेमात्र होइन चराचरमा व्याप्त वनस्पति, नभचर, उभयचर, नदीनाला, समुद्र, हिमाल सबकासब आश्रयमा नै त सक्रिय छन् । समुद्रमा नदी नमिसिने हो भने उसको गति के होला ? एउटा हिले पोखरीसम्म मात्र न होला । अनि भएन त समुद्रले नदीको आश्रय पाएको भन्ने कुरा पक्का ? भन्नेले त भन्लान् त्यत्रो ठुलो जलराशी भएको समुद्रमा नाथे नदी नमिसिएर के फरक पर्दछ र ? भनिदिएर हुने भए त के थियो र ? नदी नभईकन कतै समुद्रको अस्तित्व रहला त ? टयाङ्कीमा पानी भर्न छाडेपछि कति दिन धारोमा पानी आउँदछ र ? कि आउँछ ल तपाईं नै भन्नुस न ? यो हो नि गाँठी कुरा, कि होइन भन्नु हुन्छ ?

हेरेर ल्याउँदा सबै सग्लोजस्तो देखिए पनि बुझेर ल्याउँदा त एउटा अर्कोसँग गुजुल्टिएको छर्लङ्ग देखिएकै छ। यो ब्रहमाण्डको सृष्टि नै एउटा अद्भूत आवाजमा आश्रित रहेको छ। अ, उ, म, रूपी त्यही ॐ को ध्वनि पृथ्वी लगायत ग्रहहरूको आश्रय भएपछि त्यसपछिका अरू कुरा आश्रयहीन छन् भन्ने चिताउने कुरा नै भएन । के तपाईं यसमा फरक पाउनुहुन्छ र ? खोज्नुस न, प्रयास गर्दा के नै बिग्रने हो र ? तर पाउनु हुन्न नि।

आश्रयको अर्थ आधार पनि त हो । यसलाई छत्रछाया भन्दा पनि भयो। हेरेको, पालेको, स्याहारेको, गोडेको, भरोसा दिएको, टेको दिएको, भर दिएको, समाएको, बनाएको, संरक्षण गरेकोजस्ता अनेकौ उपाधि पर्न आउछन् आश्रयको परिधिमा । गर्भ पनि त आश्रय नै हो । कि होइनजस्तो लाग्दछ तपाईंलाई ? ब्रह्माका आठ मानस पुत्रलाई ब्रह्माकै त आश्रय रह्यो । ब्रह्मा पनि परब्रह्ममा आश्रित छन् । मैथुनी प्रक्रियाबाट सृष्टि वृद्धि प्रारम्भ भएपछि मातृगर्भ आश्रयस्थल भएन त ? माटो पनि त बिउको आश्रय हो । बिउले माटोमा ताप र चिस्यानरूपी आश्रय भेटेपछि नै जमिनमाथि अंकुरित

हुने र जमिन मुनि जरावेष्ठित हुने अवस्था सिर्जना हुने हो । जराले माटोमा मल र आड पाएमा न माटोमाथि वनस्पति मौलाई फूल तथा फल दिने हो । यसो भएपछि चाहे स्याउको दाना होस् वा फूलगोभी होस् तिनको आश्रय त माटो नै भयो होइन र ? विना माटो हावामा पनि जरा फैलिएर फूल फुल्छन् भन्नु होला । त्यसरी फुल्ने फूलको आश्रय पनि पानी र हावा नै हो नि । कसैको आश्रय विना कोही क्रियाशील छैन । सबैको पछाडि आधार र शक्ति रहेकै हुन्छ । जगतको संरचना नै यसै पद्धतिमा रहेको छ । यो मेरो ठम्याई हो । छ त तपाईंसँग यो भन्दा पृथक आधार ? मेरो कथनमा कसैले ओठ लेब्रयाउला, कसैले नाक चेप्राउला, कसैले भृकुटी खुम्चाउला तर पनि विना आश्रय केही हुनेवाला छैन । बाबुको पेटबाट जन्मेकाले विमति राख्न पनि सक्ला ।

आश्रित हुने गरी जन्म दिएपछि पालनपोषण गर्नु, हुर्काउनु जन्मदाताको जिम्मेवारी एवं दायित्व हुने नै भयो । त्यसबाट कसैले पनि पन्छन मिल्दैन । खानी, प्राणी, वनस्पतिको आश्रयस्थल पृथ्वीमा नभचर, उभयचर, जलचर, लतालतिका, वनस्पति कति छन् कति । देख्दै नदेखेका, देख्न नपाएका कैयौं कुरा छन् । मान्छेले ठम्याउन नसकेका धेरै कुरा छन् । सबैले आश्रय पाएका छन् । टुहुरो कोही छैनन् । कोही अनाश्रित छैन । कोही संरक्षणविहीन छैन । कुखुराको माउले बच्चा छोपेजस्तै विश्वविधाताले आश्रय दिएर सबैको संरक्षण गरेको छ ।

एउटामा अर्को आश्रित छ । यसको मतलव हुन्छ दुनियाँ अन्तरसम्बन्धित छ । एउटाको अभावमा अर्को पूर्ण हुन नसक्ने यथार्थ चित्रित छ । पुलिङ्गी वा स्त्रीलिङ्गीले एक्लै सृष्टि गर्न सक्दैन । अर्काको अन्तरङ्ग सहयोग आवश्यक पर्दछ । समागम विना सिर्जना हुन नसक्ने भएपछि भएन त एउटा अर्कोप्रति आश्रित ? विना आश्रय चलेको छ त संसार ? मेरो भर तिमी, तिम्रो भर म भनेको पनि एउटाले अर्कालाई आश्रय दिएकै अवस्था न हो । फूलको पातलाई आश्रय बनाई भोक मेटिरहेको हरियो किरोलाई भंगेराले खाइदिन्छ । पात किरोको र किरो भंगेराको भोक मेट्ने आश्रय हुन पुगिरहेको हुन्छ । यसो सोचौं त कति लामो लर्को होला यसको ?

नदीले सिङ्गो सभ्यता खडा गरेर कतिलाई आश्रय दिएको हुन्छ । माछाको आश्रय पानी नै त हो । रूखले कसलाई आश्रय दिँदैन होला ? पाटीपौवा, धर्मशाला पनि आश्रयका प्रतिरूप नै हुन्, होइन र ? वन जङ्गलकै आश्रयमा त वस्तुको लागि घाँस स्याउला, मान्छेलाई फलफूल दाउरा उपलब्ध हुने हो । इन्धन नभई सवारी साधन गुड्दैनन् । ग्याँस बिजुली नभए भान्सा तात्दैन । पानी र सूर्य विना बिजुली बन्दैन । बादल विना पानी पर्दैन । समुद्र नबाफिए बादल लाग्दैन । पानी नभए माटो भिज्दैन,

प्यास मेटिदैन । अग्ला काला पत्थरमा हिउँ नपरे नदी अविरल हुन पाउँदैन । मूल नफुटे पानी पलाउँदैन । पानी विना जीवन सम्भव हुँदैन । अनि भएन त एकको आश्रय अर्को । होइन, कहाँ हो र भन्न मन लाग्ला । पानी नपरेर के भो त जमिन खनेर निकालौंला भन्न नसकिने होइन । यस्ता गफले केही दिन त चल्ला तर सधैं त चल्दैन । कि चल्छ ल भन्नुस त ?

आकाश नभए वायु चल्दैन । वायु नचले ताप बन्दैन । विना ताप पानी बन्दैन । आकाशमा बादल सिर्जना नभए पृथ्वीमा जल वर्षा हुँदैन । आकाशबाट जल वर्षा नहुने हो भने कुलो, कुलेसो, मूल, झर्ना, छहरा, खहरे, नदी र तालको कल्पना हुन सक्दैन । पञ्चमहाभूत नै एकआपसमा अन्तरनिर्भर भएको छर्लङ्ग भइरहेको प्रतीत भइरहेको छ मलाई । तपाईंलाई नि ? अथाह निलो सगरमा वायु नचल्ने हो भने वाष्प कण नै कसरी बन्दछ र ? विना पानीको जीवन त सम्भव छैन नि ।

सूर्य चन्द्र पनि त हाम्रा आश्रय नै हुन् । दिन र रात पनि एकअर्कामा आश्रित नै छन् । कुतर्क गर्न सिपालु, अर्कालाई खसाल्न खप्पिस र आफूलाई अलग देखाउन चतुर मान्छेले भन्न त सूर्य नभए पनि चल्छ, चन्द्र नभए पनि चल्छ भनिदेलान् । जति गफको झुत्ति खेले पनि सूर्यको ताप र चन्द्रको शीतलताको अभावमा जीवन प्रवाह नै अवरूद्ध भइहाल्दछ । आश्रय अर्थात् ओत या भनौं संरक्षण सबैले सबैलाई दिइरहेकै हुन्छ जसरी कुनै पनि प्राणीले आफ्नो बच्चालाई आश्रय दिन्छ । कुकुर बिरालाले आफ्ना दाँतले च्यापेर बच्चालाई यताउति गराउनु, बाँदरले बच्चालाई छातीमा समाउन दिएर वारपार गराउनु आश्रय नै त हो ।

हेर्नुहोस् त आश्रय नामको एउटा शब्द कसरी चराचर जगतमा व्याप्त रहेको छ । कति महत्वपूर्ण छ यो शब्द । यो शब्द कहाँ जोडिएको छैन हेर्नुहोस् त । खेतीमा छैन कि ? व्यापारमा छैन कि ? उद्योगमा छैन कि ? जागिरमा छैन कि ? मजदुरीमा छैन कि ? राजनीतिमा छैन कि ? प्रशासनमा छैन कि ? न्यायमा छैन कि ? यत्रतत्र सर्वत्र व्याप्त छ आश्रय शब्द ।

आश्रयको अर्को नाम मुक्ति पनि हो । एउटाको भोक अर्काले शान्त पारिरहेको हुन्छ । आमाले दुध चुसाउँदा बच्चाको भोक शान्त हुन्छ । आमाको आश्रयमा बालक हुन्छ । आश्रयको अर्को नाम त्याग पनि भयो कि भएन न त ? आमाले दुध नचुसाए बालक खान नपाएर मर्दछ । खेती, व्यापार, उद्योग, जागिर, मजदुरी, राजनीतिजस्ता जे काम पनि त एक्लै सम्भव हुने कुरो भएन । अर्काको मद्दत विना केही पनि नहुने रहेछ त । जतिसुकै पोटवाल, शक्तिशाली र अहंकारी भए पनि मजदुरले महल नबनाइदिए

छाप्रोमा पनि बस्न पाउँदैनन् । उद्योगीले मजदुर नपाएमा, व्यापारीले खरिदकर्ता नपाएमा, जागिर खानेले तलब नपाएमा, राजनीति गर्नेले मतदाताको मत नपाएमा त्यस्तो कर्मको प्रयोजन के नै भयो र ? एउटाको लागि अर्काले सघाइरहेको अवस्थामा संसार चलायमान रहेको छ । पुरोहितको लागि यजमान र यजमानको लागि पुरोहित आवश्यक कुरा हो । अनुष्ठान र जीविकासँग एक अर्कोमा आश्रित रहेको टड्कारै देखिएन र ? देखियो नि । माध्यम कर्मकाण्ड हुन पुग्यो । दुवै छन् र त एकले अर्कालाई आश्रय दिइरहेका छन् । मजदुर विनाको उद्योग, ग्राहक विनाको व्यापार, उपभोक्ता विनाको उत्पादन, मतदाता विनाको राजनीति, जनता विनाको शासक, छाल विनाको समुद्रको न प्रयोजन न अर्थ । चराको आश्रय कमिला । कमिलाको आश्रय चरा होइन त ?

जो मान्छे जे काममा लागेको हुन्छ त्यही काम मात्र ठुलो देख्ने दृष्टिदोष भएमा मान्छेले छहारी, ओत, आश्रय जे भन्दा पनि बुझ्दैन । विना कसैको मद्दत कोही एक्लै उभिन सक्दैसक्दैन । सुचिकार नभए लुगा लगाउन नपाउने कुरा ठुलो भएन, कपडा बेरिंदा पनि होला । तर माटो र पानी नभए कपास कसरी फल्छ र ? कपास नै नभए धागो कसरी बन्ला ? विना धागो कसरी कपडा उत्पादन होला ? कपडा नै नभए मान्छे के बेरिएला ? सबै मान्छे व्यासनन्दन सुकदेव त हुन सक्दैनन् ।

किसानले माटो, घाम, पानीसँग भिडेर जुधेर चामल, मकै, गहुँ भटमास, तरकारी, फलफूल नफलाउने हो भने महलमा बसेर तोक बोल्नेले के खाने ? मजदुरले महल नबनाइदिने हो भने कहाँ बस्ने ? अहंकारलाई पैतालाले कुल्चेर हेर्न सकेको खण्डमा मैले भनेका कुरा झलझल्ती नहुने भन्ने कुरा नै भएन । आँखामा पट्टि, कानमा कपास कोच्ने हो भने त आश्रय शब्द कालो अक्षर भैंसी बराबर हुने नै भयो । होइन न त ? ♦

गीत

## मेरा तीन मोतीरत्न



✍ **हरिभक्त सिग्देल 'महेश'**

मेरा तीन मोतीरत्न कहिल्यै नथाकुन्
सधैंभरि पूर्ण रहुन् पूर्णिमाको जून ।
यी आँखाका मेरा नानी दिव्यदृष्टि तिनै
हेर्छु सारा विश्व मैले ज्ञानदृष्टिले नै ।

कलेजो र मुटु अनि मस्तिष्कमा मेरो
घुमिरन्छन् तिनै तीन तिनै सेरोफेरो ।
तिनैलाई खुसी देख्दा म त सधैं रम्छु
देवदेवी गर रक्षा भनी नाम जप्छु ।

जय जय देवदेवी गर यिनकै रक्षा
सत्मार्ग, उन्नतिको देऊ मन्त्र दीक्षा ।

# पहिलो अन्तर्राष्ट्रिय यात्राः मिसन हाइटी



✍ श्रीहरि के.सी.

सानै उमेरदेखि म घुम्न रूचाउँने मान्छे भएको कारणले पनि होला मलाई स्वदेश मात्र होइन विदेश घुम्न र विभिन्न स्थानहरूको जानकारी लिन एकदमै रूचि हुन्थ्यो। गाउँघरतिरका आफन्त, नातागोता, छर-छिमेकीका छोराछोरी शान्ति सेना गएर आएका देख्दा नि मनभरि रहर आफूलाई पनि त्यस्तो दिन र समय कहिले आउँला भन्ने लाग्दथ्यो। भनिन्छ नि "कुनै नदी पार गर्नु छ भने त किनारामा बसेर पार हुन्न नि स्वयम् नदी मै कुद्नु पर्छ।" त्यसैले मैले आफ्नो अध्ययनको सिलसिलामा स्नातकोत्तर तहमा राजनैतिक शास्त्र विषय लिई अन्तर्राष्ट्रिय शान्ति, द्वन्द्व र विकास विषयको साथै युएनओको विभिन्न कोर्सहरू अध्ययन गरि डिग्री हासिल गरैं। त्यस्तै विभिन्न राष्ट्रको ऐन, नियम, कानुन र संविधान बुझ्नको लागि मैले नेपाल ल क्याम्पसबाट एल.एल.वि अध्ययन गरैं। यसबाट पनि मलाई अब म शान्ति मिसनमा जानु पर्ने रहेछ भन्ने कुराले मनमा हुटहुटी जाग्यो। त्यसैक्रममा म बिहान बेलुका समय मिलाएर बागबजारमा रहेको ओसिस ल्याङगोइज सेन्टर र भृकुटीमण्डपमा रहेको विश्वभाषा क्यापसमा अंग्रेजी र फ्रेन्च दुवै भाषा पनि सिक्दै गरैं। मेरो मनभित्र केही न केही नयाँ कुरा गरौ भन्ने चाहाना र जोश हर बखत पलाई रहन्थ्यो।

नेपाल प्रहरीको युएन शान्ति मिसन जान विभिन्न मापदण्ड र क्राईटेरिया पूरा गरि हामी १२५ जना एफपियु मिसन (FORMED POLICE UNIT)८औं समूहमा छनौट भयौं। तसर्थ, म मिसन हाइटी जानेमा पर्न सफल भएँ। जागिर भएको त्यो बेला करिब चार, पाँच वर्ष मात्रै भएको थियो। मेरो असई ब्याचका करिब ३८२ जना मध्येमा एफपियु मिसन जान पाउने पहिलो सौभाग्य मैलै नै प्राप्त गरे सायद। मेरो उमेर पनि कलिलै थियो त्यो समयमा। कलिलो उमेरमै मिसन जान पाउनुको खुसी र रौनक एकातिर छँदै थियो। मेरो जीवनको एउटा अमूल्य मोड मिसन हाईटी हो। त्यो केवल जागिरको हिस्सा मात्र थिएन, त्यो मेरो व्यक्तित्व निर्माणको एक पाटो पनि थियो। अन्तर्राष्ट्रिय भूमिमा नेपालको पहिचान बनाउँदै, मैले आफूलाई पनि चिन्ने

मौका पाउने भए । अवसर र चुनौतीहरूको सामना गर्ने भए । विलियम आर्थर वार्डका भनाइ अनुसार “अवसरहरू सूर्योदय जस्तै हुन् । यदि तपाईंले धेरै समय पर्खनुभयो भने, तपाईंले तिनीहरूलाई गुमाउनुहुन्छ ।” हो साँच्चै मैले पाएका त्यस्ता सुनौलो अवसरहरूलाई सजिलै ग्रहण गर्न म आतुर थिए, लालायत थिए । अनि त्यस्ता अवसर र चुनौतीहरूलाई म सजिलै गुम्न दिने पक्षमा कदापि थिएन साथै कुनै पनि अवरोधहरूलाई अवसरहरूमा र आफ्ना समस्याहरूलाई सम्भावनाहरूमा परिणत गर्न मलाई राम्रै हेक्का थियो । मैले अध्ययन र विभिन्न तालिमहरूबाट त्यस्ता चुनौतीहरू नै जीवनलाई रोचक बनाउने कुरा हुन् अनि तिनीहरूलाई पार गर्दा नै जीवन सफल र अर्थपूर्ण हुन्छ भन्ने कुरा सिकेको थिए ।

त्यसताका नेपाल प्रहरीबाट दुई देश हाइटी र सुडानमा एफपियु (FORMED POLICE UNIT)बाट मात्र प्रतिनिधित्व गरिन्थ्यो भने अनपोलबाट विभिन्न देशहरूमा प्रतिनिधित्व गरिन्थ्यो । एफपियुको नेतृत्व र कन्टिनजेन्ट कमान्डर तत्कालीन प्रहरी उपरीक्षक पुष्कल राज रेग्मी हुनुहुन्थ्यो । पाँच जना प्रहरी नायब उपरीक्षक, दश जना प्रहरी निरीक्षकहरू र अन्य दर्जाका महिला र पुरूष प्रहरी कर्मचारीहरूको सहभागिता पनि थियो। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान मातहतको केन्द्रीय प्रहरी कार्यदल, सामाखुसीमा आवश्यक प्रि-डिप्रोइमेन्ट तालिम (करिब ६० दिन) प्राप्त गरी हामी सबै शान्ति मिसन जान तयार भयौ । यो तालिमका क्रममा केन्द्रीय प्रहरी कार्यदलका गुरूबाहरू र संयुक्त राष्ट्र शान्ति सेनाको अनुभव प्राप्त भएका प्रशिक्षक र अधिकारीहरूले क्रमश; बिहानको शारीरिक व्यायाम अभ्यास, दिउँसोको शान्ति मिसन सम्बन्धी कक्षा र बेलुकाको विभिन्न साना-ठुला हातहतियारको अभ्यास गराउँथे । यो तालिमले संयुक्त राष्ट्र शान्ति स्थापना कायम गर्न, नागरिकको सुरक्षा गर्न, कमाण्ड र नेतृत्व गर्न, सुरक्षा मुद्दाहरू, हातहतियारको प्रशिक्षण, सार्वजनिक व्यवस्था व्यवस्थापन, कमाण्ड स्टाफ तालिम, मानव अधिकारको प्रवर्धन गर्न, महिला, बालबालिका, युवा तथा वृद्धाहरूको शान्ति र सुरक्षाको प्रवर्धन गर्न, कानुनको शासन कार्यान्वयन गर्न लगायतको विषयमा सिकायो ।

तालिमकै अवधिमा राजधानिमा विभिन्न बन्द, हडताल, जुलुस र आन्दोलन हुन्थ्यो । तालिमकै सिलसिलामा कैंयौ पटक त्यस्ता आन्दोलनमा डिउटीमा पनि गयौ । एफपियु टिममा सबै कम्पोनेन्टहरू थिए । सुचिकार, कुचिकार, ईलेक्ट्रिसियन, पलम्बर, हजाम, भान्छे, आर्मर, चिकित्सक, ड्राइभर, मेकानिक्स

लगायतका विभिन्न पोष्ट होल्डरहरू हुन्थे। सोही अनुरूप सबैले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्थ्यो । मेरो विद्यार्थी जीवनमा मैले अब्राहम लिंकनको जीवनी पढदा उनले भनेका वाक्यांश याद गरेको थिए "आजै भागेर भोलिको जिम्मेवारीबाट बच्न सकिन्न"। हो, साँच्चै हामी पनि आफ्नो काम, कर्तव्य र जिम्मेवारीबाट सदैव अडिग रहनुपर्छ । कर्तव्यनिष्ठ हुनुपर्छ । समाज र राष्ट्रप्रति बफादार हुनुपर्छ।

सन् १९५८ देखि नै युएन शान्ति मिसनमा सहभागी हुँदै आएको नेपाल प्रहरीले ग्लोबल स्तरका विभिन्न मिसनहरू जस्तै लेबनान, कंगो, सिएरालियोन, इष्ट टिमोर, हाईटी, डार्फर, दक्षिण सुडान, पूर्व युगोस्लाभिया लगायत विभिन्न देशहरूमा जुन प्रकारको सफलताको इतिहास रच्न सफल भएको छ, त्यही इतिहासलाई अनुभव गर्न म पनि अत्यन्तै लालायित, खुसी र उत्साहित थिएँ । तालिमबाट धेरै कुराको जानकारी प्राप्त भयो मलाई। म निकै नै ऊर्जावान भएँ। ममा दिव्य शक्ति नै प्राप्त भए झै भयो। त्यस्तै, सन् १९५८ मा संयुक्त राष्ट्रसंघीय पर्यवेक्षक समूह (UNOGIL) मा पाँच जना पर्यवेक्षकहरू पठाएसँगै नेपालको युएन शान्ति मिसनमा खाता खोलिएको र सहभागिता सुरू भएको अनि नेपाल प्रहरी सहभागिता चाहिँ सन् १९९२ मा पूर्व युगोस्लाभियामा संयुक्त राष्ट्रसंघीय सुरक्षा फौज (UNPROFOR) मिसनमा नागरिक प्रहरीको रूपमा शान्ति मिसनमा आफ्नो यात्रा सुरू गरेको कुरा तालिमबाट जानकारी प्राप्त भयो। त्यसयता, नेपालले विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा शान्ति स्थापनाका लागि सैनिक, प्रहरी र नागरिक प्रशासकहरू पठाएर महत्वपूर्ण योगदान पुऱ्याएको रहेछ।

चर्चित गायक तथा संगितकार नातिकाजी श्रेष्ठको "म तिम्रो सहर छोडी टाढा जादैछु" भन्ने गीत, संगित जस्तै म यो सुन्दर सहर र देश छोडेर केही समयको लागि ब्लु हेल्मेट लगाएर शान्ति सेना स्वरूप शान्ति दूत भएर द्वन्द्वग्रस्त क्षेत्रमा शान्तिको दीप बालेर शान्ति कायम गर्न जादैछु। अनि फेरि नेपाल राष्ट्रको नाम राख्न र आफ्नै मातृभूमिमा फर्केर पुनः सेवा गर्न आउनेछु। हो, त्यो समय सम्म कुनै पनि आन्तरिक (डोमेस्टिक) उडान नगरेको मान्छे म वि.सं. २०६५ सालमा पहिलो पटक मलाई अन्तर्राष्ट्रिय उडान (यात्रा) हाइटी भन्ने क्यारेवियन देश जाने अवसर प्राप्त भएको थियो। जागिर खाँदै गर्दा नै विभिन्न मिसन र अन्य मिसन हाइटी के हो भन्ने बारेमा अध्ययन र जानकारी लिइसकेको थिएँ। संयुक्त राष्ट्र संघ अन्तर्गतको शान्ति स्थापनाका लागि हाईटीमा पठाइने मिसन नै मिसन हाइटी (MINUSTAH) The United Nations Stabilization Mission

in Haiti हो । जुन हाइटीमा संयुक्त राष्ट्र स्थिरीकरण मिसन (MINUSTAH) १ जुन २००४ मा सुरक्षा परिषद्को प्रस्ताव १५४२ द्वारा स्थापित भएको थियो ।

परदेश र विराना मुलुकमा गएर पनि नेपालीले ममताको वृक्ष उमार्न सक्छन् । एकताको पहाड खडा गर्न सक्छन् । चाहे भने त्यस्ता पहाड फोड्न पनि सक्छन् । टिमवर्कमा काम गर्न सक्छन् । स्वाभिमान र स्वतन्त्रताको गीत गाउन सक्छन् । खासमा मनमा उत्साहको सागर बग्नुपर्दो रहेछ । त्यही उत्साहको सागरमा हामी नाविक भएर दौडिन सक्यौ भने हरेक मान्छे कोलम्बस बन्न सक्ने रहेछ ।

मान्छेको मनै हो, के-के सोच्न पुग्दो रहेछ । दसैं आउन लाग्दा नयाँ लुगा लाउने र पिङ खेल्ने आशमा गाउँघरका केटाकेटी जसरी रमाउँथे, बाल्यवस्थामा मेरो पिताश्रीले जागिरबाट हरेक समय घर आउनु हुँदा पापा (मिठाई) स्वरूप पुस्टकारी र अन्य खेलौना ल्याउँदा म पनि त्यसरी नै फुरूक्क हुँन्थे साँच्चै बच्चाजस्तो भएको थिए हाइटी जान पाएकोमा । उत्साह र उमंगले भरिपूर्ण भयो मेरो यो चञ्चले मन पनि । आखिर रहर त खहरे खोलाजस्तै हो - कति छिटो बग्दो रहेछ ।

यस्तो अन्तर्राष्ट्रिय शान्ति मिसनमा जान पाउनु मेरो लागि भाग्यको कुरा थियो । मान्छेका आ-आफ्ना रहर र रूचिहरू हुन्छन् । कसैको रूचि भएर पनि योग्यता र क्षमताको कमिले जान सक्दैनन् । तर मेरो चाहाना भनेको मिसन हाइटी जाने नै थियो । मैले सोचैँ- हाइटी पुगेपछि म त्यहाँको परिवेशसँग नजिक हुन्छु । माटोसँग खेल्छु, त्यहाँका जिवित आत्माहरू र क्यारेवियनहरूसँग कुरा गर्छु । मान्छेको मनोविज्ञान बुझ्छु अनि त्यहाँको कला र संस्कृतिलाई मेरो देशको संस्कृतिसँग तुलना गर्छु । राम्रा पक्षलाई अंगिकार गर्छु र नराम्रा पक्षलाई बेवास्ता गर्छु ।

मैले निर्णय गरैँ- म आफ्नो अनुभूति लेख्छु । कुनै आख्यान, कुनै कविता, कुनै निबन्धमा । नेपाल फर्केपछि ती लेखहरू पत्रिकामा छपाउँछु वा किताब नै बनाउँछु । त्यस मार्फत आफ्ना अनुभव साभ्ता गर्नेछु । नेपाली सुरक्षाकर्मीको वीर गाथा र गौरवशाली योगदानलाई पनि उजागर गर्नेछु । घरदेश र परदेशको गाथा गाउँनेछु ।

तत्कालीन प्रहरी महानिरीक्षक ओम विक्रम राणाले प्रहरी प्रधान कार्यालयको अपरेशन हलमा सम्पूर्ण नेपाल एफपियु टोली सदस्यहरूलाई आवश्यक नीति निर्देशन दिई सबैलाई शुभकामना दिँदै हात मिलाई बिदाई गर्नु भयो। भोलिपल्टै कार्य विभागको तत्कालीन प्रहरी अतिरिक्त महानिरीक्षक रूप सागर मोक्तानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तिम बिदाई गर्दै आवश्यक नीति-निर्देशन र ब्रिफिङ

पश्चात हामी नेपाल एफपियु टोली सदस्यहरू सबैबाट बिदाई हुँदै रसियन भिम एयरलायन्सको उडानद्वारा नेपाल आर्मी र हामी नेपाल प्रहरी संयुक्त रूपमा हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्सको लागि प्रस्थान गर्यौं। नेपाल आर्मी र नेपाल प्रहरीको केही टोली सदस्यहरू पन्ध्र, बिस दिन अगाडि नै उडान भरेका थिए। हामी भने नेपाल आर्मीको तत्कालीन मेजर थमन बस्नेत र नेपाल प्रहरीको तत्कालीन प्रहरी नायब उपरीक्षक कृष्ण बहादुर कुँवर सरको नेतृत्वमा संयुक्त टोली भएर प्रस्थान गरेका थियौ। त्यसक्रममा पाकिस्तानको लाहोर, नर्वेको ओस्लो र क्यानाडाको ग्यान्डर सिटीमा ट्रान्जिट भएको थियो। मेरो यो उडानले मलाई आकाश सीमा होइन, यो त सुरूवात मात्र हो भन्दै थियो।

अगाथा क्रिस्टीले भनेका छन्- "पहिलो पटक कुनै काम गर्नु सधैं रोमाञ्चक हुन्छ।" हो, साँच्चै धेरैजसो म जस्तै पहिलो पटक विमान चढेका यात्रुहरू थिए। अनि साँच्चै नेपाल एफपियुबाट शान्ति सेना जान लागेका सबै पहिलो पटक नै थिए सायद। सबैका लागि अबका दिनहरूमा केही न केही रोमाञ्चक पल, रोमाञ्चक घटनाहरू घटने नै थिए यो अन्तर्राष्ट्रिय भूमिमा। हवाइयात्राको क्रममा नेपाली यात्रुहरूलाई विमानभित्र विभिन्न प्राविधिक समस्या परेको थियो। विमानस्थल र एयर लाइन्स प्रक्रियाहरू साथै विमानभित्रका सिट, ट्वाइलेट लगायतको प्रयोग गर्न र भाषाको कठिनाई थियो। यसै सन्दर्भमा एउटा रोचक प्रसंग भएको थियो त्यहाँ। हवाई उडान आकासको निकै उचाईमा उडिरहेको थियो। सबै आ-आफ्नै ताल र सुरमा थिए। कोही विमानको झ्यालको सिसाबाट बाहिरको दृश्य अवलोकन गरिरहेका थिए भने कोही विमानको परिचारिकासँग गफिदै थिए। कोही प्यासेजमा ओहोरदोहोर गरि फोटो खिचिरहेका थिए। म र मेरो साथी शंकर दवाडीसँगै बसेको नजिकैको सिटमा एक जना प्रहरी निरीक्षक मस्त निन्द्रामा थिए। धेरै हो-हल्ला र अस्तव्यस्त भएको अवस्था देखेर उभिएर फोटो खिचिरहेका मान्छेलाई रसियन परिचारिकाले रिसाउँदै ठुलो स्वरमा चिच्याउँदै 'नो सुट प्लिज' भनिन्। त्यतिकैमा अकस्मात हाम्रा नजिकैको सरको निन्द्रा भंग भयो र उहाँले हामीलाई यहाँ प्लेनमा सुत्न पाईदैन र? भनेर सोध्नु भयो। बुझ्ने नबुझ्ने जति सबै हाँसे। मैले मिल्छ सर भने अनि उहाँलाई सम्झाउँदै हजुरलाई भनेको होइन त्यहाँ उठेर फोटो नखिच्नु भनेको हो सर भने। अनि थपे, अंग्रेजीमा नो सुट भनेको फोटो नखिच्नु हो। अवस्था केहीबेर सामान्य र शान्त भयो। यात्रा जारी थियो।

विभिन्न प्राविधिक कारणले गर्दा क्यानाडाको ग्यान्डर सिटी एयरपोर्टमा

धेरै घण्टा ट्रान्जिट भएको थियो । सो क्रममा रोयल शिङबाद होटल (Royal Singhbaad Hotel) मा ४/५ दिनको लागि हामी सबैको बसाइँ भएको थियो । त्यसको चाजोपाजो सबै रसियन भिम एयर लायन्सले मिलाएको थियो । होटलको खानपान, बसाइँ, सुताई र अन्य सबै कुरा सुविधाजनक र आरामदायी थियो । सबै कुरा युरोपियन स्टाईलको थियो । तर नेपाल र क्यानाडाको समय तालिका बिलकुल विपरीत थियो । नेपालमा दिन हुँदा क्यानाडामा रात हुने र नेपालमा रात हुँदा क्यानाडामा दिन हुने जस्तो थियो । त्यसैले हामीलाई त्यहाँको रूटिङ अनुसार चल्न निकै कठिन भएको थियो । कतिबेला त्यहाँबाट प्रस्थान हुने पत्तै थिएन ।

हामी एकदमै तैयारी अवस्थामा थियौ । रेडि टु मुभ (Ready to move) हालतमा थियौ । निकै लामो बसाइँपछि हामी त्यहाँबाट सोही भिम एयरलाइन्सद्वारा हाइटीको लागि प्रस्थान गर्यौ । केही घण्टाको हवाइ उडान पश्चात हाइटीको राजधानी पोर्ट-ओ-प्रिन्समा अवतरण गर्यौ । नेपाल आर्मीले युएन लेखिएको सेतो गाडी र बसबाट हामी सबैलाई लग बेस (Log Base) मा लग्यो र केहीबेरको विश्रामपछि युएनको अफिसमा युएन आइडि कार्ड, ड्राइभिङ कार्ड लगायत अन्य कागजात बनाउने काम भयो । राजधानी पोर्ट-ओ-प्रिन्सको केही दिनको बसाइँपछि नेपाल एफपियु टोली सबै सदस्यको सामूहिक एमओपि (MOP–Movement Of Personnel) भरेर युएनको प्लेनबाट हामी आफ्नो कार्यक्षेत्र क्याप हाइसियन तर्क लाग्यौ । त्यहाँ हामीलाई पुराना टोलीले स्वागत गरे र आवश्यक ब्रिफिङ भयो । बस्तुस्थितिको बारेमा बताइयो र हामी सबैलाई हाम्रो नेपाल बेसक्यापको निरीक्षण पनि गराइयो ।

त्यसपछि सबैको कामको बाँडफाँट र डियुटी अह्रनखटन गरियो । जब डिस्क्रिप्सन (JOB DESCRIPTION) तोकियो । सोही मुताबिक दैनिक रूपमा कामकाज सुचारू हुन थाल्यो । कतिपय प्रहरी जवान र अधिकृतहरूले विभिन्न अपरेशन, लजिस्टिक, लियाजन, किलो, आर्मर, एमटी, एमआइ रूम, कन्ट्रोल, कम्युनिकेशन लगायतको काम र कमाण्ड गर्थे । हेलेन केलरले भनेका छन्-"एक्लै हामी धेरै थोरै गर्न सक्छौं; सँगै हामी धेरै गर्न सक्छौं" । यही असल वाणी हाम्रो नेपाल एफपियु टोलीमा प्रत्यक्ष लागु भएको महसुस गरे, भोगे मैले त्यस समय । सो क्रममा हाम्रो एफपियु टोलीको तत्कालीन प्रहरी नायब उपरीक्षकहरू रोबर बस्नेत, कृष्ण बहादुर कुँवर, हिम बहादुर लामा, उत्तम खडका र नासीर हुसैन सरहरूले पनि मिसनका हरेक पलमा समन्वयकारी भूमिका निर्वाह

गर्नुभयो । त्यस्तै, अपरेशन कमाण्डर तत्कालीन प्रहरी निरीक्षक राम बहादुर के.सी. सरले डियुटी र अपरेशनको अह्वनखटन सम्बन्धी जिम्मेवारी बहन गर्नुहुन्थ्यो । उहाँ स्वभावैले एकदमै सरल, सालिन र भद्र हुनुहुन्थ्यो । तत्कालीन प्रहरी निरीक्षक मिलन बस्नेत र तत्कालीन प्रहरी नायब निरीक्षक शालिकराम खनालले बन्दोबस्ती, भण्डारण (लजिस्टिक) लगायतको काम गर्नुहुन्थ्यो ।

उहाँहरूले सबै कर्मचारीहरूलाई खानपान, रहनसहनको व्यवस्था लगायत युएनबाट प्राप्त सामाग्रीहरूको नियमपूर्वक बाँडफाँट र वितरण गर्नुहुन्थ्यो । त्यस्तै, प्रहरी जवानदेखि प्रहरी नायब निरीक्षक सम्मको कामकाज र डियुटीको अह्वनखटन तत्कालीन प्रहरी नायब निरीक्षक (सुबेदार मेजर) हेमन्त बहादुर राणाले गर्नुहुन्थ्यो । मिसनमा उहाँ नरममा नरम र कडामा कडा हुनुहुन्थ्यो । विभिन्न जातजाति, वर्ण, धर्म, लिङ्ग लगायतका सबै प्रकारका मानिसहरूसँग व्यवहार र डिल गर्न जो कसैलाई सहज हुन्न तर उहाँलाई भने कर र बाध्यता नै थियो त्यो कार्य गर्न । मिसन अवधिभर उहाँले प्रहरी जवानदेखि प्रहरी कमाण्डेन्टसम्म मध्यस्थकर्ता र समन्वयकारी भूमिका निर्वाह गर्नुहुन्थ्यो । त्यस्तै, बैकिङ र लायजनको समन्वयकारी भूमिकामा तत्कालीन प्रहरी नायब निरीक्षक आषुतोश बहादुर शाहीले गर्नुहुन्थ्यो । उहाँ सबैको लागि मिजासिलो र स्मार्ट हुनुहुन्थ्यो । साना र निम्न कर्मचारीहरूसँग घुलमिल गर्ने र रमाउने उहाँको स्वभाव नै थियो । अर्का मोटरपार्टस (MT) र गाडी सम्बन्धी सम्पूर्ण काम कारबाही तत्कालीन प्रहरी नायब निरीक्षक शेर बहादुर थापा र तत्कालीन प्रहरी सहायक निरीक्षक शंकर दवाडीले गर्नुहुन्थ्यो । गाडीको चेक, जाँच, मर्मत लगायत अन्य प्राविधिक कार्यको लागि प्राविधिक प्रहरी जवान भाइ प्रसेस के.सी., साथी शंकर दवाडी, किशोर आचार्य भाइ र म कहिलेकाहीँ क्याम्प बाहिर पनि जाने गर्थौं । बाहिर निस्कदा शान्त समुन्द्रको चाल र छाल दुबै हेर्न सकिन्थो ।

त्यस्तै, कन्ट्रोल र कम्युनिकेशनको रेखदेख, निरीक्षण, युएन हेडक्वाटरसँग समन्वय अनि डियुटीमा खटिने सम्पूर्ण कर्मचारीहरूसँग रिपोटिङ लिने र दिने कार्य गर्न तत्कालीन प्राविधिक प्रहरी नायब निरीक्षक सत्य नारायण जयसवाल, म र प्रहरी हवल्दार महेश कार्की थियौ। सबैले आ-आफ्नो ढंग र हैसियतले क्यारेवियन देश हाइटीमा शान्ति र सुरक्षाको अनुभूति दिलायौ । दिन दिनै सरसफाइ र महिनै पिच्छै ओओआरआइ (ORI–Operational Readiness Inspection) र सिओइ (COE–Contingent Owned Equipment) निरीक्षण हुन्थ्यो । त्यसमा

सबैले सहयोग र समन्वयकारी भूमिका निर्वाह गरेर मिसन हाइटीका विविध कार्य सम्पन्न गरियो ।

हाइटी – एउटा देश, जहाँ पीडाले पहिचान बनाएको छ । जहाँ मृत्युलाई पनि रङ्गीन फूलले सजाएको छ । जहाँ रङको प्रतीक गहिरो छ । हाइटीको संस्कृति, पोसाक, खाना, उत्सव र अन्त्येष्टि – हरेकले एउटा एउटा कथा बोकेका छन् । ती कथा केवल हाइसियनहरूको मात्र होइन । ती कथा सम्पूर्ण मानवको सङ्घर्षका कथा हुन्, अस्तित्वका कथा हुन् ।

नेपाल प्रहरीका प्रहरी जवान, सकल दर्जाको प्रहरी र वरिष्ठ अधिकृतहरूले हाइटीको अस्थिरता रोक्न विभिन्न गस्ती, दंगा नियन्त्रण, सुरक्षा व्यवस्था, सामाजिक स्थायित्व कायम गर्न, नागरिकको जिउ धनको सुरक्षा गर्न, नागरिकहरूको जनादेशको संरक्षण गर्न, विभिन्न आंतककारी समूह र विद्रोहीको द्वन्द्व रोक्न, मानव अधिकारको प्रवर्धन गर्न, महिला, बालबालिका, युवा तथा वृद्धाहरूको शान्ति र सुरक्षाको प्रवर्धन गर्न, कानुनको शासन कार्यान्वयन गर्न, विभिन्न राष्ट्रका सेना, प्रहरी, नागरिकसँग सहयोग र समन्वय गरि प्रभावकारी कार्य गर्न खेलेको महत्वपूर्ण भूमिका सामान्य कुरा होइन । कहिले अफिसियल काम गर्ने त, कहिले गस्ति पेट्रोलिङ गर्ने, कहिले क्यापाहाइसियन जेलको सुरक्षार्थ खटिने त कहिले सहर बजारको शान्ति सुरक्षार्थमा खटिने लगायत विभिन्न डियुटी गरिन्थ्यो । तसर्थ, हाइटी देशका विभिन्न सहरहरू र गाउँहरूमा शान्ति स्थापनाका लागि म लगायत नेपाल प्रहरीका कर्मचारीहरूले बगाएको पसिना साच्चै नै अमूल्य छ । मनन् योग्य छ । प्रशंसनीय छ ।

यसका अतिरिक्त म हाइटीका ती विभिन्न स्थानहरू जस्तै पोर्ट-ओ-प्रिन्स, ले काई, गोनाइभ्स, क्यापाहाइसियन, फोर्ट लिबर्टे, ज्याकमेल, सिटाडेल लगायतमा शान्ति दूतको रूपमा त्यहाँ काम गरेँ, भ्रमण र अवलोकन गरेँ । अन्तरक्रियात्मक कार्यक्रम गरेँ । राहत वितरण गरेँ । शान्ति स्थापानार्थ त्यस देश र विभिन्न मुलुकबाट खटिएका शान्ति दूत राष्ट्रहरूको संरक्षण र विविधताको सम्मान गर्दै आफ्नो अहम् भूमिका निर्वाह गरेँ । यस कार्यमा हामी सबै शान्ति सेनाको रूपमा खटिएको नेपाली र अन्य मुलुकको शान्ति दूत हातेमालो गर्दै सहयोग र समन्वय गर्दै हाम्रो मिसनको जिम्मेवारी पूरा गर्यौं ।

भनिन्छ नि "यदि सबै जनासँगै अगाडि बढिरहेका छन् भने, सफलताले पनि आफ्नो ख्याल राख्छ र सफलता पनि सजिलै हात पर्छ ।" हो, त्यसैले हामी कमिलाको ताँती र समूह जसरी कुनै कामसँगै टिममा मिलेर गर्यो भने अवश्य सफल भइन्छ र

आफ्ना मिसन सजिलै पूरा हुन्छन् ।

साँच्चै, यदि तपाईं आफूलाई माथि उठाउन चाहानुहुन्छ भने, सर्वप्रथम अरू कसैलाई माथि उठाउनुहोस् । जसको कारणले सबैको हित हुन्छ। सबैको कल्याण हुन्छ । त्यसरी नै हामी नेपाल प्रहरी बेस क्याम्पका प्रत्येक सदस्य एक आपसमा परि वारकै सदस्य भएर बसेका थियौ । डियुटी बाहेकको समयमा प्रहरी कार्यालय सहयोगी लीला गिरी भाई लगायत अन्य सहकर्मीहरू सबै मिलेर हामी नजिकैको समुन्द्रको किनारामा छालसँग रमाउन र पौडी खेल्न जान्थ्यौ । बेस क्याम्प भित्र बेला बखत विभिन्न सांस्कृतिक र औपचारिक, अनौ पचारिक कार्यक्रमहरू हुन्थ्यो । महिला दिदी बहिनीहरू र दाजुभाइहरू नाचगान र संगीतमा रमाउँथे ।

स्वदेशी र विदेशी अथितिहरूको स्वागत र सम्मान हुन्थ्यो । त्यसैले त हामी बस्ने नेपाल एफपियु क्यापको नाम नै स्वर्गद्वारी क्याप राखिएको थियो । स्वर्ग झै थियो हाम्रो नेपाल एफपियू बेस क्याप । ७औं टोलीसम्म यो क्यापको नाम नेपाल एफपियु बेस क्याप थियो । मिसनको अन्त्य तिर एउटा औपचारिक कार्यक्रम गरेर मेडल परेड सम्पन्न भएको थियो । सो कार्यक्रममा मैले युएनको झण्डा समाएर परेड खेलेको थिए । जुन अहिले सम्म पनि मेरो मानसपटलमा ताजै छ । हामी सबै नेपाल एफपियु सदस्यहरूलाई युएनका पोलिस कमिस्नार, चिफ अफ अपरेशन, चिफ अफ स्टाफ, विशिष्ट कर्मचारीहरू, प्रतिनिधिहरू, पोलिस एडभाइजर लगायत अतिथीहरूले युएन पदकबाट सुसज्जित गरिएको थियो । पदक प्राप्त गरेपछि सबैले खुशीयाली मनाएँ, अँगालो हाले, एक आपसमा मुस्कान बाँडे । हर्ष र खुसीका आँसु पनि साटासाट गरे । यो लामो समयको कडा परिश्रम र समर्पणको परिणाम थियो । त्याग र तपस्याको प्रतिफल थियो ।

जहाँ संघर्ष हुँदैन, त्यहाँ बल हुँदैन । शान्ति सेना भएर काम गर्नु पनि ठूलै संघर्षको काम थियो । शान्ति दूत भएर कार्य गर्नु हरियो डलर मात्र कमाउनु होइन, आर्थिक लाभको मात्र पाटो होइन । यो एक गौरवशाली कार्य र शान्ति दूत भएर संसारभर शान्तिको ध्वनि छर्नु पनि एक महत्वपूर्ण कार्य हो । यसका सबै पक्षबाट हेर्दा आर्थिक लाभ पनि हुने, देश विदेश पनि भ्रमण गर्न पाउने, विभिन्न शिक्षा प्राप्त गर्न सकिने, युएन पदक र परदेश सेवा पदक पनि पाइने साथै द्वन्द्वग्रस्त देश र क्षेत्रमा खटिएर शान्ति स्थापना गर्न मौका पाउने हुनाले यो युएनको जागिर आफैंमा सम्मानजनक र प्रतिष्ठामय छ । साथै, संयुक्त राष्ट्र संघ अझै पनि अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न, खाँचोमा परेकाहरूलाई मानवीय सहायता प्रदान

गर्न, मानव अधिकारको संरक्षण गर्न र अन्तर्राष्ट्रिय कानुनलाई कायम राख्न काम गरिरहेको छ।

संयुक्त राष्ट्र संघको मूल नारा नै 'स्वस्थ ग्रहमा शान्ति, मर्यादा र समानता नै हो।' कुनै योद्धाले भित्तामा टाउको ठोकेर जित हासिल गर्दैन, भित्तालाई पराजित गरेर जित हासिल गर्छ। हो, साँच्चै हामीले संघर्षका साथ लडाई लडेर विद्रोहीको एरियामा धावा बोलेर शान्तिको सन्देश फैलाएर त्यो जीत आफ्नो काबुमा राख्न र पार्न सफल भयौ। मैले ती क्यारेवियन भूमिमा बिताएका हरेक पलहरू झन् गहिरिएर याद गरिरहेको छु। मेरो कार्यक्षेत्र र अफ्रिकन मुलको बसाइँको हरेक सुख, दुःख र ती अप्रत्यासित घटनाहरूमा मेरा सहकर्मी र सिनियर सरहरू जसरी खम्बासरि अडिग भएर अगाडि उभिनु भयो त्यो आड, भरोसा, माया, ममता अनि हौसला म जिन्दगीभरि नमेटिने गरी याद गरि सम्झिरहने छु।

ती पल र क्षण सदा सर्वदा अविस्मरणीय हुनेछ। त्यहाँको बिदाइको त्यो क्षणमा मैले जति नै आँसुका बलिनधारा रोक्ने प्रयास गरे पनि रोक्न सकिनँ किनकि हाइटीको प्रकृति र मेरो प्रेम आगाध गाढा र साँचो थियो। अल्बर्ट आइन्स्टाइनले भनेका छन्-"प्रकृतिलाई गहिरिएर हेर, अनि तिमीले सबै कुरा राम्रोसँग बुझ्न सक्नेछौ।" साँच्चै निकै लामो बसाइँको कारणले पनि होला त्यहाँको प्रकृतिसँग मैले खेल्न, भुल्न र प्रकृतिलाई बुझ्ने अवसर पाएँ। मलाई त्यहाँको जल, जंगल, जमिन, माटो र मनुष्यसँग आत्मिय प्रेम भएको थियो। त्यसैले हे! ईश्वर, हे! अल्लाह हाइटी देशलाई सदा सर्वदा आशीर्वाद दिनुहोस्, हित गर्नुहोस्, त्यहाँका नागरिकहरूको रक्षा गर्नुहोस्, त्यहाँका नेताहरूलाई सद्बुद्धि र मार्गदर्शन गर्नुहोस् र त्यहाँ सदैव शान्ति प्रदान गर्नुहोस्। विकासको मूल फुटाईदिनुहोस्। संसारमा एक नम्बरको समृद्धि राष्ट्र बनाइदिनुहोस्।

भनिन्छ, कहानी त सधैं फूलको मात्र लेख्छन् गुनासो त काँडाको पनि त थिए होला। यो क्यारेवियन मुलुक हाइटीको चर्चा परिचर्चा र वर्णन गर्न पाउँदा मेरो मन साह्रै हर्षित भएको छ। सबैले युरोप, अमेरिका लगायत विकसित मुलुकको मात्र व्याख्या र कहानी गर्दा मलाई भने भित्रि मनैदेखि फूलमात्र होइन काँडाको पनि गुनासो लेख्न मन भयो।

म मिसनका हरेक कार्य सफलतापूर्वक सम्पन्न गरेर फर्किएँ, तर हाइटीको त्यो एक यात्रा, मिसन अनि सम्झना मेरो मानसपटलमा एक स्थायी चित्र जस्तै बसेको छ। अनि मैले महसुस गरेँ – जीवन केवल बाँच्ने कुरा होइन, बाँच्दाबाँच्दै इतिहास बन्ने कुरा हो। इतिहास रच्ने कुरा हो। ◆◆

# फौजदारी कानुनको परिचय र सिद्धान्तहरू



✍ प्र.व.ना.नि.सरस्वती बुढाथोकी

**परिचयः**

कानुन भनेको समाज वा राज्यमा सुव्यवस्था कायम राख्नको लागि सम्प्रभुसत्ता सम्पन्न व्यक्ति वा संस्थाद्वारा निर्माण गरिएको नियम वा सिद्धान्तहरूको समूह हो । जसको पालना हरेक व्यक्ति वा संस्थाले गर्नु पर्दछ । सामान्यतया फौजदारी कानुन र देवानी कानुन गरी कानुनका दुई भागहरू रहेका हुन्छन् । जसमा, सामान्य अर्थमा अपराधीलाई दण्ड सजाय दिलाउनको लागि निर्माण गरिएको कानुनलाई नै फौजदारी कानुन (Criminal Law) भनिन्छ । फौजदारी कानुन भनेको आपराधिक कार्य सम्बन्धी कुराहरूको व्याख्या गर्ने कानुन हो । फौजदारी कानुनले अपराधको परिभाषा, अपराधीलाई कस्तो सजाय हुन्छ र अपराध भएपछि कस्तो कानुनी प्रक्रिया सुरू हुने कुरा सम्बन्धी व्यवस्था गर्छ । कुनै पनि किसिमको आपराधिक गतिविधि रोक्न र समाजमा शान्ति सुव्यवस्था कायम गर्न फौजदारी कानुन बनाइएको हुन्छ । त्यसैले समाजमा अन्य कानुनहरू जस्तैः संवैधानिक कानुन, कम्पनी कानुन आदिको अभावमा समाज चल्न सक्छ तर फौजदारी कानुनको अभावमा समाज चल्न सक्दैन तसर्थ फौजदारी कानुनलाई समाजको मेरूदण्ड पनि भनिन्छ । फौजदारी कानुनले कस्तो कार्यलाई अपराध मान्ने र कस्तो कार्यलाई अपराध नमान्ने कुराको पनि तय गर्छ ।

सार्वजनिक तथा वैयक्तिक अपराधसँग सम्बन्धित अपराधको परिभाषा गरे बापत दण्डको समुचित व्यवस्था गर्ने कानुन फौजदारी कानुन हो । फौजदारी कानुनलाई अपराधिक कानुन पनि भनिन्छ । वास्तवमा चोरी, डकैती, हिंसा, अपहरण, हत्या, जबरजस्ती करणी आदि लगायतका विषयहरू फौजदारी कानुन अन्तर्गत पर्दछ । फौजदारी कानुनले त्यस्ता क्रियाकलाप गर्ने व्यक्तिलाई कानुनको दायरामा ल्याई दण्डित गर्दछ । फौजदारी कानुनलाई सारवान फौजदारी कानुन र देवानी फौजदारी कानुन गरी दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

**१.सारवान फौजदारी कानुनः** सारवान फौजदारी कानुनले फौजदारी कानुनद्वारा

प्रदान गरिएको अधिकारको बारेमा व्याख्या गर्दछ। मुलुकी अपराध संहिता २०७४ यसै कानुनको उदाहरण हो ।

२.**कार्यविधि फौजदारी कानुन**: सारवान फौजदारी कानुनले व्यवस्था गरेको अधिकारलाई कार्यान्वयन गर्ने साधन वा तरिकाबारे व्यवस्था गर्ने कानुनलाई फौजदारी कार्यविधि कानुन भनिन्छ । मुलुकी फौजदारी कार्यसंहिता २०७४ यसै कानुनको उदाहरण हो ।

**फौजदारी कानुनको विशेषताहरू:**

- ♦ यो कानुन दण्डात्मक प्रकृतिको हुन्छ।
- ♦ यसमा कैद सजाय हुन्छ।
- ♦ यसमा कसुरको मात्रा अनुसार सजाय हुन्छ।
- ♦ सबैलाई समान रूपमा लागु हुन्छ।
- ♦ यसले अपराधीलाई सुधार्ने मौका दिन्छ।
- ♦ दण्डको बदलामा क्षतिपूर्ति तिरेर सजाय छुट वा कट्टी हुँदैन ।
- ♦ यस्ता प्रकृतिको मुद्दामा राज्यले नै कारबाही गर्दछ।
- ♦ यस कानुनमा प्रमाणको भार सामान्यतया वादीमा हुन्छ।

**फौजदारी कानुनको महत्व /उद्देश्यहरू:**

- ♦ व्यक्तिगत तथा सामाजिक हितमा आघात पुऱ्याउने कार्य वा आचरणलाई निषेध गर्नु ।
- ♦ सामाजिक सुरक्षाको लागि व्यक्तिका आपराधिक क्रियाकलाप माथि नियन्त्रण गर्नु ।
- ♦ अपराधजन्य व्यवहार भन्दा बाहेकका व्यवहारलाई संरक्षण प्रदान गर्नु ।
- ♦ गम्भीर तथा सामाजिक अपराधको तार्किक वर्गीकरण गर्नु ।
- ♦ अपराधजन्य व्यवहारका बारेमा पूर्व चेतावनी दिनु ।
- ♦ अपराधीलाई आवश्यकता अनुसार दण्ड सजाय प्रदान गर्नु ।
- ♦ विवादको शान्तपूर्ण समाधान गर्नु ।

**फौजदारी कानुनको प्रकृति** :

- ♦ फौजदारी कानुन सारवान कानुनको भाग हो ।
- ♦ यसमा अपराधीलाई दण्ड सजाय देखि सुधार र पुनः सामाजिकरण सम्मको दायरा समेटिएको हुन्छ ।
- ♦ फौजदारी कानुन सार्वजनिक कानुनको शाखा कानुन हो ।
- ♦ फौजदारी कानुनको प्रकृति सर्वव्यापी रहन्छ ।
- ♦ यसको प्रकृति परिवर्तनशील हुन्छ ।
- ♦ फौजदारी कानुन पश्चातदर्शी हुँदैन ।
- ♦ फौजदारी कानुनको व्याख्यामा कठोरता हुन्छ ।
- ♦ फौजदारी कानुन अपराध, अपराधी र दण्ड सजायसँग सम्बन्धित हुन्छ ।
- ♦ व्यवस्थापिकाले मात्र फौजदारी कानुनको सिर्जना वा निर्माण गर्न सक्छ ।
- ♦ फौजदारी कानुनले सामान्यतया दण्डको व्यवस्था गरेको हुन्छ ।

**फौजदारी न्यायका सामान्य सिद्धान्तहरू:**

१. **कानुन बमोजिमको काम कसुर नहुने:** कानुन बमोजिम गर्नुपर्ने वा कानुनले क्षम्य मानेको कामलाई कसुर मानिदैन ।

२. **कानुन बमोजिम बाहेक सजाय नहुने:** कानुनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुँदैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय हुँदैन ।

३. **तथ्यको भ्रममा परी गरेको काम कसुर नहुने:** तथ्यको भ्रममा परी कानुन बमोजिम गर्नुपर्ने वा क्षम्य मानिएको विश्वास गरी असल नियतले गरेको कुनै काम कसुर मानिदैन । तर कानुनको अनभिज्ञतामा गरेको काम भने क्षम्य हुँदैन ।

४. **एउटै कसुरमा दोहोरो सजाय नहुने:** कुनै व्यक्ति विरूद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाउन र सजाय दिन पाइदैन ।

५. **स्वच्छ सुनुवाईबाट वञ्चित नहुने:** कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाईबाट वञ्चित हुँदैन ।

६.**आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने:** कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लाग्ने छैन ।

७.**कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने:** कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसुर गरेको प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।

८.**बालबालिकाले गरेको काम कसुर नहुने:** दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसुर मानिने छैन ।

९.**होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसुर नमानिने:** कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसुर मानिदैन।

१०.**मञ्जुरी लिई गरेको काम कसुर नहुने:** ज्यान लिने वा अङ्गभङ्ग गर्ने नियतले वा ज्यान जान वा अङ्गभङ्ग हुन सक्छ भन्ने थाहा भई गरेकोमा बाहेक कसैले अठार वर्ष माथिको कुनै व्यक्तिको मञ्जुरी लिई गरेको कुनै कामबाट त्यस्तो मञ्जुरी दिने व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसुर मानिदैन ।

११.**भलाईका लागि मञ्जुरी लिई गरेको काम कसुर नहुने:** कसैले कुनै व्यक्तिको भलाईका लागि निजको मञ्जुरी लिई असल नियतले होसियारी साथ गरेको कुनै कामबाट त्यस्तो मञ्जुरी दिने व्यक्तिलाई क्षति पुग्न गएमा त्यस्तो काम कसुर मानिदैन ।

१२.**भलाईका लागि संरक्षकको मञ्जुरी लिई गरेको काम कसुर नहुने:** अठार वर्ष ननाघेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिको भलाईका लागि निजको संरक्षकले वा

त्यस्तो संरक्षकको मञ्जुरी लिएर अरू कसैले असल नियतले होसियारी साथ गरेको कुनै कामबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा त्यस्तो काम कसुर मानिने छैन । तर ज्यान जान वा अङ्गभङ्ग हुनबाट रोक्ने उद्देश्यले गरेकोमा बाहेक ज्यान जान सक्छ वा अङ्गभङ्ग हुन सक्छ भन्ने जानीजानी त्यस्तो कुनै काम गर्ने व्यक्तिले आपराधिक दायित्वबाट छुट पाउदैन ।

१३.**भलाईका लागि मञ्जुरी नलिई गरेको काम कसुर नहुने**ः कुनै व्यक्तिको भलाईका लागि तत्काल कुनै काम नगरी नहुने भएको, त्यस्तो व्यक्ति कुनै कारणले त्यस्तो काम गर्न दिनको लागि तत्काल आफै मञ्जुरी दिन नसक्ने अवस्थामा रहेको र निजको तर्फबाट मञ्जुरी दिन सक्ने संरक्षक पनि तत्काल उपलब्ध नभएको अवस्थामा निजको भलाईका लागि मञ्जुरी नलिएर पनि असल नियतले होसियारी साथ त्यस्तो काम गर्दा निजलाई कुनै क्षति वा हानि, नोक्सानी पुग्न गएमा त्यस्तो काम कसुर मानिने छैन ।

१४.**मञ्जुरी लिएर गरेको भए पनि कसुर मानिने**ः देहायका अवस्थामा दिइएको मञ्जुरीलाई मञ्जुरी मानिने छैनः-

(**क**) तथ्यको भ्रममा परी वा कुनै किसिमको हानि, नोक्सानी हुन सक्ने डर, त्रासमा परी कुनै व्यक्तिले मञ्जुरी दिएको र त्यस्तो मञ्जुरी अनुसार काम गर्ने व्यक्तिलाई त्यस्तो मञ्जुरी त्यसरी दिइएको हो भन्ने कुरा थाहा भएमा वा निजले विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएमा,

(**ख**) मानसिक अस्वस्थताको कारणले आफूले दिएको मञ्जुरीको गुण, दोष र परिणाम बुझ्न नसक्ने गरी होस ठेगानमा नरहेका बखत कुनै व्यक्तिले मञ्जुरी दिएकोमा,

(**ग**) अठार वर्ष ननाघेको बालबालिकाले मञ्जुरी दिएकोमा,

(**घ**) अनुचित प्रभावमा परी मञ्जुरी दिएकोमा ।

१५.**असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसुर नहुने**ः कसैले कुनै व्यक्तिलाई निजको भलाईको लागि असल नियतले दिएको कुनै कुराको सूचना वा जानकारीबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा त्यस्तो काम कसुर मानिने छैन ।

१६.**डर त्रासमा परी गरेको काम कसुर नहुने** : कसैले जोखिमी हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिई कुनै व्यक्तिलाई निजले तत्काल कुनै काम नगरे निज वा निजको नजिकको नातेदारको ज्यान लिने वा शारीरिक अङ्गभङ्ग गराउने डर त्रास देखाएको र तत्काल त्यस्तो काम नगरे आफ्नो वा आफ्नो नजिकको नातेदारको ज्यान जान वा शारीरिक अङ्गभङ्ग हुन सक्ने खतरा छ भनी विश्वास गर्नुपर्ने मनासिब कारण भई त्यस्तो व्यक्तिले गरेको त्यस्तो काम कसुर मानिने छैन । तर देहायको अवस्थामा त्यस्तो काम कसुर मानिने छः-

(**क**) ज्यान लिएको वा शारीरिक अङ्गभङ्ग गरेकोमा,

(**ख**) जबरजस्ती करणी गरेकोमा,

(**ग**) राज्य विरूद्धको कसुर गरेकोमा, वा

(**घ**) त्यस्तो काम गर्ने व्यक्ति आफैले गर्दा वा आफूले कुनै काम गरेको कारणबाट निज त्यस्तो डर त्रासको अवस्थामा पुगेकोमा।

१७.**अन्य हानि, नोक्सानीबाट बचाउन असल नियतले गरेको काम कसुर नहुने**: कसैलाई कुनै हानि, नोक्सानी हुने कुनै काम तत्काल नगरे आफ्नो वा अरू कसैको जीउ, ज्यान वा सम्पत्तिमा त्यसभन्दा ठुलो हानि, नोक्सानी हुने निश्चित भई आपराधिक नियत विना र सम्भावित ठुलो हानि, नोक्सानी रोक्ने वा टार्ने उद्देश्यले असल नियतले त्यस्तो हानि, नोक्सानी हुने काम गरेमा हानि पुग्न सक्छ भन्ने जानीजानी गरेको कारणले मात्र त्यस्तो काम कसुर मानिने छैन।

१८. **निजी रक्षाको लागि गरेको काम कसुर नमानिने**:

(१) निजी रक्षाको अधिकार प्रयोग गर्दा भए गरेको कुनै काम कसुर मानिने छैन।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो वा अरू कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैर कानुनी क्षतिबाट बचाउने अधिकार हुनेछ।

(३) यस दफा बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरू कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानुनी क्षतिबाट बचाउन सकिदैन भन्ने मनासिब विश्वास भएमा वा विश्वास गर्नु पर्ने मनासिब कारण भएमा मात्र प्रयोग गर्नु पर्नेछ।

१९. **निजी रक्षाको अधिकारमा बन्देज**:

(**क**) कसैको जिउ वा सम्पत्तिमा गैर कानुनी क्षति पुऱ्याउने काम हुँदाका बखत त्यस्तो क्षतिबाट बचाउन तत्काल सार्वजनिक अधिकारीको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था भएकोमा,

(**ख**) जसको जिउ वा सम्पत्तिमा क्षति पुगेको हो त्यस्तो व्यक्तिले नै क्षति पुऱ्याउने व्यक्तिलाई उत्तेजित गरेको कारणबाट त्यसरी क्षति पुगेकोमा,

(**ग**) अदालतको फैसला वा आदेश अनुसार कुनै राष्ट्रसेवकले असल नियतले कुनै काम गरेकोमा,

(**घ**) कुनै राष्ट्रसेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले कुनै काम गरेकोमा,

(**ङ**) कुनै राष्ट्रसेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले दिएको निर्देशन अनुसार कसैले कुनै काम गरेकोमा।

त्यसैगरी देहायको अवस्थामा कुनै व्यक्ति निजी रक्षाको अधिकारबाट वञ्चित हुने छैनः-

(क) कुनै व्यक्ति राष्ट्रसेवक हो र निज अदालतको फैसला वा आदेशानुसार काम गर्दैछ भन्ने कुरा जानकारी हुने वा विश्वास

गर्ने मनासिब कारण नभएमा वा निजको परिचय वा सो काम गर्न पाएको अधिकार पत्र माग गर्दा पनि निजले आफ्नो परिचय नदिएमा वा त्यस्तो काम गर्न पाएको अधिकारपत्र नदेखाएमा,

(ख) कुनै व्यक्ति राष्ट्रसेवक हो भन्ने कुरा जानकारी हुने वा विश्वास गर्नुपर्ने मनासिब कारण नभएमा,

(**ग**) कुनै व्यक्तिले त्यस्तो काम कुनै राष्ट्रसेवकको निर्देशनमा गरिरहेको हो भन्ने कुरा जानकारी हुने वा विश्वास गर्नुपर्ने मनासिब कारण नभएमा वा त्यस्तो निर्देशन अनुसार त्यस्तो काम गर्न लागेको हो भन्ने कुरा निजले जानकारी नदिएमा वा त्यस्तो काम गर्न अधिकारपत्र भएकोमा माग गर्दा पनि त्यस्तो अधिकार पत्र नदेखाएमा ।

२०.**ज्यान लिने अधिकार नहुने**: निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन । तर देहायको अवस्थामा निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएकोमा त्यस्तो काम कसुर मानिने छैनः-

(**क**) आफू वा अरू कसैमाथि भएको आक्रमण विरूद्ध तत्काल रक्षा नगर्दा आफ्नो वा अरू कसैको ज्यान जान वा आफू वा अरू कसैलाई गम्भीर चोट लाग्न वा अङ्गभङ्ग हुन सक्छ भन्ने मनासिब विश्वास भएमा,

(**ख**) जबरजस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिब विश्वास भई वा जबरजस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा,

(**ग**) ज्यान मार्ने, बन्धक वा अपहरण गराउन मुक्ति रकम लिने, जबरजस्ती करणी गर्ने, अङ्गभङ्ग गर्ने नियतले शरीर बन्धक लिएकोमा वा अपहरण गरेकोमा,

(**घ**) मानिस बस्ने, पूजा वा प्रार्थना गर्ने, सम्पत्ति राख्ने कुनै घर, पाल वा सवारी साधनलाई घेराबन्दी गरी, जोखिमपूर्ण हातहतियार प्रयोग गरी, आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी क्षति पुऱ्याउन खोजेकोमा,

(**ङ**) डाँकाको कसुरविरूद्ध रक्षा गर्नु परेमा,

(**च**) कुनै व्यक्तिको वैयक्तिक सुरक्षा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरूद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेकोमा ।

२१.**मामुली हानि, नोक्सानी भएकोमा कसुर नहुने**: साधारण समझको व्यक्तिले गरेको मामुली किसिमको हानि, नोक्सानीलाई कसुर मानिने छैन ।

२२.**बालबालिकाबाट गराएको कसुरमा उमेर पुगेकोलाई सजाय हुने**: कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसुर गर्न लगाएको रहेछ भने त्यसरी कसुर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसुर गरे सरह सजाय हुनेछ।

२३.**निरपेक्ष दायित्व (स्ट्रीक्ट लायविलिटि) हुने कसुरमा आपराधिक मनसाय परीक्षण नहुने**: यस ऐन वा कानुन बमोजिम निरपेक्ष आपराधिक दायित्व हुने कसुरमा त्यस्तो कसुर मनसायपूर्वक गरेको हो वा होइन भन्ने कुरा परीक्षण हुने छैन।

२४. **सङ्गठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने**: कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यस ऐन वा कानुन बमोजिम कसुर मानिने कुनै काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरू र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ।

२५.**समूहबाट भएको कसुरमा सबै सदस्यलाई सजाय हुने**: दुई वा दुईभन्दा बढी व्यक्तिको समूहबाट कुनै कसुर भएकोमा सो समूहका सबै सदस्यलाई त्यस्तो कसुरको सजाय हुनेछ।

२६.**अपराध पीडितलाई मुद्दाको कारबाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने**:

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

**सन्दर्भ सामग्री**: मुलुकी अपराध संहिता, २०७४। ◆◆◆

**गीत**



✍ **दिपकराज विश्वकर्मा**

तिमीसँगै दिन होस, तिमीसँगै रात होस
अरु होलान नहोलान म मर्ने बेला सम्म
तर तिम्रो साथ होस, मात्र तिम्रो साथ होस

मायै माया होस, मात्र मायै माया होस
कहिल्यै आँसु नखसोस, तिम्रो आँसु नखसोस
तिमीसँगै मन होस, तिमीसँगै तन होस...

सास तिम्रै हो, हर आस तिम्रै होस
बास तिमी हौ, मनको खास तिमी हौ
मनमा तिमी, जीवनमा तिमी ......

संस्मरण/अनुभूति

# आहा बाल्यकालका ती दसैं !



✍सीताकुमारी न्यौपाने धिताल

समयको चक्रसँगै प्रत्येक वर्ष बडा दसैं आउँछ । नवदुर्गा भवानीको पूजा, मान्यजनको हातबाट टीका-प्रसाद ग्रहण, आफन्तसँगको भेटघाट र खानपानलगायतका काम पहिले पनि चल्थ्यो, अहिले पनि चलिरहेको छ । तर बाल्यकालमा मनाएजस्तो दसैंको रौनक अहिले हुँदैन । त्यो बेला मौसमले दसैं आउन लागेको छनक दिन्थ्यो । बिहानीको सुवासले दसैं आउन लाग्यो है भनेर सम्झाउँथ्यो, खै अचेल त त्यस्तो अनुभव पनि खासै गर्न पाइँदैन ।

तीन दशक पहिले, सिन्धुपाल्चोकको ठोकर्पास्थित भञ्ज्याङ गाउँ (अहिले सुनकोशी गाउँपालिकामा पर्छ) को सेरोफेरो । घटस्थापनादेखि विद्यालय बिदा हुन्थ्यो । जमरा राख्नु अघि नै घर चोख्याउनु पर्छ भन्ने चलन थियो, सकेसम्म सोह्रश्राद्ध लाग्नु अघि नै, नभए सोह्रश्राद्ध सकिनु अघि । त्यसका लागि आवश्यक पर्थ्यो, रातोमाटो र कमेरो । सोह्रश्राद्धको औंसीको भोलिपल्टै जमरा राख्ने दिन आउँछ । गाउँले दुई चारजना साथीसँग कुटो डोको र बोरा वा डोको लिएर माटो खन्न गइन्थ्यो । माटो खन्ने ठाउँ बिच जंगलमा पर्थ्यो । बाघको डर हुन्थ्यो । तर दसैंको बेला माटो खन्नकै लागि मानिसको लर्को लाग्ने भएकाले त्यति डर हुँदैनथ्यो ।

त्यहाँ पुग्न एक घण्टाभन्दा बढी समय लाग्थ्यो । रातोमाटो खन्ने खाडल ठुलो हुन्थ्यो, पहिलेपहिले निकालेर ठुलो भएको । बर्खाको पानीले भिजेको हुन्थ्यो । खाडलमा पसेर झिक्नुपर्ने भएकाले माथिबाट पुर्ने त होइन भन्ने त्रास रहिरहन्थ्यो । हाम्रोतिर त होइन, अरु ठाउँमा ढिस्को खसेर मानिस पुरिएको खबर सुनिन्थ्यो । अहिले पनि दसैंताका कति मानिस माटो खन्ने क्रममा पुरिएको समाचार सञ्चार माध्यममा आइरहेकै हुन्छ । माटो खनेर थुप्रो लगाएर आ-आफ्नो भाँडो भरेर उकालो लाग्थ्यौं । 'यो दसैंमा बुबाले कस्तो लुगा हालिदिनु होला?', 'कत्रो खसी काटिन्छ होला?', 'विजयादशमीको दिनमा घरमा टीका लगाएपछि अरु कहाँ-कहाँ जाने होला ?' यस्तै हुन्थे बाटामा हामी केटाकेटीका कुरा । गफैगफमा भारी बोकेर घरमा आइपुगेको पनि पत्तो हुँदैनथ्यो । रातो

माटोसँगै घर रङ्ग्याउन कमेरो पनि आवश्यक पर्थ्यो । तर त्यो अति कठिन भएकाले म जाँदैनथेँ । घरका अलि ठुला मानिस जानुहुन्थ्यो ।

दसैँका लागि अनेक काम हुन्थे । घर सफा गर्ने, रङ्ग्याउने, लुगाफाटो धुने, खानेकुराको जोहो गर्ने आदि । काम छिटो छिटो सक्ने ध्येय हुन्थ्यो । कामको चटारोसँगै फूलपातीको प्रतीक्षा व्यग्र हुन्थ्यो । घर रङ्ग्याउने काम सकिएपछि आमाले धान भिजाउनु हुन्थ्यो, चिउराका लागि । दसैँमा आफू खान, पाहुनालाई खुवाउन ताजा चिउरा चाहियो । अघिल्लो रातभरि भिजाएको धान बोरामा बोकेर मिल लग्नुपर्थ्यो । मिल नजिक थिएन । करिब तीन घण्टाको दूरीमा थियो । पानी चुहिँदाचुहिँदैको धानको भारी बोकेर हिँड्नु, हामी सानाले आँट गर्ने कुरा थिएन । बुबा जानुहुन्थ्यो, मिलडाँडा । चिउरा कुट्ने मात्र होइन, त्यो बेलामा त फोन गर्न समेत त्यहीँ पुग्नुपर्थ्यो । अहिले जस्तो हातहातमा मोबाइल वा घरघरमा इन्टरनेटको सुविधा थिएन । काठमाडौँ वा अन्य ठाउँमा रहेका आफन्तसँग कुरा गर्नुपरे त्यहीँ पुग्नुपर्थ्यो । बाहिरबाट केही सन्देश आए त्यहाँ पुगेका बेला सुनाइदिन्थे ।

दसैँका लागि काठमाडौँबाट खसीबोका वा च्याङ्ग्रा लग्नुहुन्थ्यो । घरमा बाख्रा खसीबोका देखिरहेको, हिमालमा पालिएका लामालामा भुत्ला भएका झ्याप्ले र लामो सिङ भएको च्याङ्ग्रा देख्दा रमाइलो लाग्थ्यो । हिमाली जडिबुटी खाइरहेको चौपाया, पहाडमा ल्याएपछि खुवाउनै गाह्रो जे पायो त्यही नखाने । गन्धे झार खायो भने मर्छ, भन्थे । दसैँकै कुनै एकदिन पारेर बुबा लुगा किन्न काठमाडौँ जानुहुन्थ्यो । 'के-के ल्याउनुहोला ?', 'दसैँमा टीका लगाउँदा पहिरिने लुगा कस्तो होला ?' भन्ने चासो हुन्थ्यो ।

बुबा घटस्थापना गरी जमरा राख्नुहुन्थ्यो । दसैँघरमा प्रत्येक दिन बिहान नवदुर्गा भवानीको पूजा गर्नुहुन्थ्यो । दुर्गा सप्तशती चण्डी पाठ गर्नुहुन्थ्यो । घटस्थापनामा जमरा राखेपछि कहिले उम्रेला कहिले ठुलो होला ? 'कहिले फूलपाती आउला', 'कहिले अष्टमी आउला', अनि 'कहिले विजयादशमी आउला' भनी हामी दौँतरी औँला भाँची भाँची गन्थ्यौँ । दसैँकै लागि भनेर काठमाडौँ वा देश विदेशबाट मानिस फर्किएपछि गाउँमा छुट्टै खालको रौनक हुन्थ्यो । उनीहरू झोला कुम्लोसहित उकालो लाग्दै गरेको दृश्य कम्ता रमाइलो हुँदैनथ्यो ।

'यो पालिको पिङ कहाँ हालिएला ?, कहाँ चचहुइँ गर्न पाइएला' भन्ने चिन्ता हुन्थ्यो । घटस्थापना लागेसँगै डोरी बाट्ने जिम्मा पाएकाहरू 'ए केटाकेटी हो, कति सक्छौ, बाबियो काटेर देओ है' भन्थे । रमाउँदै

आ-आफ्ना बारीमा लाग्थ्यौँ । बोक्न सके जति ल्याएर उनीहरूलाई दिन्थ्यौँ । डोरी बाटेर बाँस र काठ तयार पारेर पिङ हाल्थे । हाम्रोमा चाहिँ गाउँबाट अलि माथि आहाल डाँडामा पिङ हालिन्थ्यो ।

पिङ हालेपछि घरमा बस्ने को ? खुरुर दौडिएर पुगिहाल्थ्यौँ । पालै आउन गाह्रो । आएपछि जति खेले पनि अघाइन्नथ्यो । बरु खानेकुरा नपाए पनि हुन्थ्यो । पिङको रमाइलोले घर आउनै मन लाग्दैनथ्यो । पालो दोहोऱ्याइ दोहोऱ्याइ खेल्ने । घरमा अरुबेला पढाइ र कामको चटारो भए पनि गाउँमा पिङ हालेपछि घरमा कुनै बन्देज हुन्नथ्यो ।

कतिपय खेल्न नजानेर लड्थे । सामान्य चाटपटक लाग्थ्यो । पिङ खेल्ने क्रमको एउटा रमाइलो घटना सम्झिन्छु, हाम्रो गाउँमा एकजना बोल्न नसक्ने दाइ हुनुहुन्थ्यो । पिङ खेल्ने क्रममा उहाँ लड्नु भयो । बेहोस नै हुनुभयो । तल ओर्लेर घरबाट पानी ल्याउन समय लाग्थ्यो । त्यसैले त्यहीँको आहालबाट पानी उबाएर खुवाइयो । होसमा ल्याइयो ।

गाउँमा कामको सधैँको चटारो । तर कतिपय काम त दसैँका लागि भनेर सजिलो पारिएको हुन्थ्यो । जस्तै खानेकुरा पकाउनका लागि दाउराको जोहो पनि राम्रै हुन्थ्यो । यो वेलाको लागि भनेर छुट्टै घाँस बढाएर राखिएको हुन्थ्यो नजिकै । अरु वेलाको जस्तो डाँडापाखा चहार्नु परेन । डोको लिएर गयो, एकैछिनमा भरेर घर फर्कियो । अनि कुद्यो पिङतिर । फूलपाती अष्टमी नवमीमा त घरमा बासै हुँदैनथ्यो ।

महासप्तमीको दिउँसो बुबाले केरा, धान, जयन्ती र हलेदोलगायत ९ वनस्पति जम्मा पारेर फूलपाती भित्र्याउनुहुन्थ्यो । यी वस्तुको जोहो हामी तीन दिदीबहिनीमध्ये जेठी दिदीले गर्नुहुन्थ्यो । हामी अरु दुई बहिनी पिङ रहेकै ठाउँमा बरालिरहँदा दिदी आमालाई सघाउन व्यस्त हुनुहुन्थ्यो । उहाँलाई पनि खेल्न, बरालिन मन लाग्दो हो । त्यसैले आफूचाहिँ बाहिर निस्किन नपाएको भन्दै रिसाउनुहुन्थ्यो । तर आमाले 'बहिनीहरूले रहर पूरा गरुन् न, तिमी ठुली छ्यौ' भन्दै सम्झाउनु हुन्थ्यो । महाष्टमीमा बुबाले दसैँ घरमा नवदुर्गा पूजासँगै हतियारको पनि पूजा गर्नुहुन्थ्यो । घरका कुनाकाप्चामा रहेका औजार-हतियार खोज्ने, धोइपखाली गर्ने काममा म पनि सघाउँथेँ ।

त्यस दिन घरघरमा गच्छेअनुसार खसीबोका, च्याङ्ग्रा ढालिन्थ्यो । मार हान्ने काममा छिमेकीले सघाउँथे । कतिपयको त काम नै त्यही हुन्थ्यो । 'आज यति वटा खसी ढालियो' भन्दै हिँड्थे । यो काममा उनीहरूले पैसा लिँदैनथे । सहयोगको रूपमा गर्थे । बरु उनीहरूलाई अलिकति मासु दिएर पठाउने पनि गरिन्थ्यो । खसीच्याङ्ग्रा

मार हानेको हामी केटाकेटी हेर्न सक्दैनथ्यौं। भाग्थ्यौं । नजिकै हुँदा मार हान्ने क्रममा खसीबोका कराएको सुनिएला भनेर म कान थुन्थैं । पछि मासु तयार पार्ने काममा बुबा र दाइहरूलाई सघाउँथ्यौं । अष्टमीको दिन बिहान भात खान हुँदैन भन्ने मान्यता थियो । त्यसैले बिहानको पूजा सकिएपछि त्यो दिन दहीच्यूरा खाइन्थ्यो । दुहुना नभएको घरमा छिमेकीले दही वा मोही ल्याइदिन्थे ।

मासु काटकुट पारेपछि छुट्याएर तेल मसला हालेर मोलमाल गर्ने काम दाजुहरूले गर्नुहुन्थ्यो । मासु पकाउने काममा बुबा साह्रै सिपालु । त्यसैले उहाँ नै अघि सर्नुहुन्थ्यो । आँगनमा ढुंगाको चुल्हो बनाएर बडेमानको भाँडा बसालिन्थ्यो । त्यसमा मासु ओइरिएर पकाइरहँदाको दृश्य हामी हेरिरहन्थ्यौं । कहिले पाक्ला र खान पाउँला भन्ने ध्येय हुन्थ्यो । अगेनामा पकाउँदै गर्दा बुबाले कतिपय मासु भिरमा उनेर पोलेर हामी साना केटाकेटीलाई दिनुहुन्थ्यो । मलाई चाहिँ खसीको कानको फेदको भाग साह्रै मिठो लाग्ने ।

सबैको घरमा मासु पाक्ने भएकाले अरुको घरको मतलब हुँदैनथ्यो । एउटी साथीको घरमा मिठो अम्बा फल्थ्यो । त्यसको साह्रै आश लाग्थ्यो । उसले पिङ खेल्ने ठाउँमा आएर लुकाएर मलाई दिन्थी । पालो कुर्दै खाँदै गर्थैं ।

दसैंका लागि भनेर काँक्रा जोगाएर राखिएको हुन्थ्यो । एक चिरो खाएपछि टन्न अघाइन्थ्यो । ठुलो थाक्रा हालेर स्याहारसुसार गर्न सक्यो भने दुई हात लामा हुन्थे । मासुचिउरासँग खान भनेर सिसीमा पाकेका काँक्राको अचार हालिएको हुन्थ्यो । दुईचार दिन घाममा सुकाएर अमिलो भएको काँक्राको अचार सम्झिँदा अचेल पनि मुख रसाउँछ । अचेल त गाउँमा मान्छे नै बस्दैनन् । धेरैका घरमा ताल्चा लगाइएका छन् । घरआँगन झारले छपक्कै छोपेको हुन्छ । गाउँमा बसेर मेहेनत गर्ने को ? गाउँमै बस्नेको पनि बारीमा यति ठुलो काक्रो फल्छ कि फल्दैन होला ? यो प्रश्न वेलावेला मनमा खेलिरहन्छ ।

टीकाको दिन बिहानै बुबाले सबै पूजा सकेर देवी विसर्जन गरेपछि रोलक्रमअनुसार टीका लगाइदिनुहुन्थ्यो, 'जयन्ती मंगला काली भद्रकाली कपालिनी । दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तुते ।' नयाँ लुगा लगाएर 'मेरो भन्दा उसको पो राम्रो हो कि क्या हो ?', 'होइन मेरै राम्रो छ', जस्ता भाव आउँथे बालमनमा ।

घरमा बुबाआमाको हातको टीका लगाएपछि वरपरका नजिकका दाजुभाइ कहाँ टीका लगाउन जान्थ्यौं । घरमा टीका लगाउन आउने आफन्तलाई स्वागत सत्कार गर्दै आमा फुर्सद पाउनुहुन्नथ्यो । मामाघर पनि धेरै टाढा थियो, रामेछापको लखनपुर खानीगाउँ भन्ने

ठाउँमा । त्यतिवेला न बाटोघाटो न सवारी साधनको सुविधा । छोराछोरी सबैजना लिएर जान सम्भव थिएन, दुई दाजु, एक दिदी र एक बहिनीबीचकी मेरो पालो २-३ वर्षमा आउँथ्यो । आफ्नो पालो आएको वर्ष गोडा भुइँमै हुँदैनथ्यो, 'आहा यसपाली मामाघर जाने ।' मामाघर जाने अघिल्लो दिन रातमा निद्रै लाग्दैनथ्यो । कोल्टे फेर्दै बित्थ्यो । कतिखेर उठेर हिँड्ने होला जस्तो लाग्थ्यो । टाढा भएकाले उज्यालो नहुँदै हिँड्नुपर्थ्यो । अघिल्लो दिन नै आमाले माइतीका लागि कोसेलीपात ठिक्क पारेर राख्नुभएको हुन्थ्यो । कोसेली पनि के लग्नु र, आफ्नो ज्यानलाई हिँडाउन मात्रै पनि गाह्रो पर्ने बाटो थियो ।

बिहान सबेर उठेर हिंडे पछि केही परदेखि वनजंगलको बाटो हिँड्नुपर्थ्यो । घरबाट हिँडेपछि देउराली वाफल लौरे देउराली, वाफल सलम्बु हुँदै मामाघरतफै लम्किन्थ्यौँ । जंगली जनावरको भय त हुन्थ्यो नै मान्छेको पनि । एकलास जंगलको बिचमा दुईतीन जना कुरा गरेर बसिरहेको देखे छाती ढक्क फुल्थ्यो । सासै नफेरी लामोलामो पाइला चाल्थ्यौँ । ठाउँठाउँमा जंगल सकिएर सानो सानो बस्ती आउँथ्यो । त्यहाँ पनि ढुक्क हुने अवस्था हुँदैनथ्यो । कतै लुट्ने त होइनन् भन्ने त्रासमा हिँड्नुपथ्यो । कहिले उकालो, कहिले ओरालो, कहिले पट्यार लाग्दो तेर्सो बाटो । कतै त बाटाभरि सिस्नुको घारी । कति ठाउँमा त च्याप्पै समातिन्थ्यो ।

कति ठाउँमा त बडेबडे पहरा हुन्थ्यो । शिर तन्काएर हेर्दा पनि पार नलाग्ने । त्यही पहराबाट बाँदर कुद्दा ढुंगा गुल्टेर हिँड्दै गरेको ठाउँमा आइपुग्थे । कतिखेर किचिएर मरिने हो कि भन्ने त्रास हुन्थ्यो । ठाउँठाउँमा कोसेली चारिदिने लगाएका गहनापात लुटिदिने गर्थे भन्ने सुनेका थियौँ । चौरीखोला र घट्टेखोला ठुलै थिए । निलो देखिएको पानी, खोलाको सुसाइ यी देखेर मन्त्रमुग्ध हुन्थेँ । तर के गर्नु पुल थिएन तर्न कठिन थियो । घट्टेखोला तरे पछि आमा भन्नुहुन्थ्यो, अबचाहिँ मामाघर पुग्न लागियो है । त्यसपछि ढुक्कले सास फेर्थ्यौँ । त्यहाँबाट पनि मामाघर पुग्न एक घण्टाभन्दा बढी लाग्थ्यो ।

लखतरान हुँदै बल्ल बल्ल बेलुकी मामाघर पुग्थ्यौँ । जति दुःखकष्ट भए पनि मामाघर पुगेपछि सबै दुःख भुलिन्थ्यो । हजुरआमा कान्छा मामा कहाँ बस्नुभएको थियो । त्यहाँ पुगेर पिँढीमा बस्दा सन्तोषको सास फेरिन्थ्यो । हजुरआमाले ज्यादै प्यार गर्नुहुन्थ्यो ।

हजुरआमा मामाको हातबाट टीका मामाघरमा आउने अरु पाहुनासँगको भेट कतिपयसँग चिनापर्ची कति रमाइलो । मामाघरको बगैँचा विभिन्न प्रकारका फल फलेर लटरम्मै झुलेका अहा ! मौसमी

फल फलेका हुन्थे, अम्बा, हलुवाबेद र सुन्तला। 'बल्ल बल्ल मामाघर आएका कति खान्छौं खाऊ है', हजुरआमा र मामामाइजू भन्नुहुन्थ्यो। ती दृश्य अहिले पनि आँखामा झलझली आइरहन्छ । खानुभन्दा पनि तिनको सौन्दर्य हेररै म दंग पर्थें। बगैंचाको छहारीमा गएर रमाउँथे।

त्यति दुःख गएर पुगेपछि चाँडै फर्किने कुरा त भएन। तिहार मनाएर, भाइटीका लगाएर फर्किइन्थ्यो । फर्किंदा ती फलफूल घर ल्याउने इच्छा त हुन्थ्यो । हामी साना केटाकेटी । हजुरआमा र मामाले दिएका कोसेली पनि बोक्नै पऱ्यो, आमाले के मात्रै बोक्नु । फेरि उही खोलानाला तर्दै, उकाली ओराली गर्दै लखतरान भएर घर फर्किइन्थ्यो। दसैं र तिहार यी दुई ठुला चाड सकिन्थ्यो। त्यसपछि त पढ्ने, स्कुल जाने र भ्याएसम्म घरका काममा सघाउने चटारो भइहाल्थ्यो।♦

कविता

# चरीको सन्देश

✍ **मित्रलाल पोखरेल**



न शोक न सुर्ता न भोक भकारी
न पोल्छ घामले न खोज्छ छहारी
न कुरा घरको न वर परको
रमिता हेर्दो हो हामी सब नरको।

न रिस न राग न लोभ जाग्दछ
न अघि न पछि गति एक लाग्दछ
न तल न माथि समान ठाउँ छ
न रोक न तोक आफ्नै गीत गाउँछ।

न काहीं प्रचार न कसलाई देखाउन
न भिज्ने प्वाँख छ्न न पर्छ सेकाउन
न कुनै होडबाजी न कसलाई भेटाउन
एक चुच्चो चहारा तृप्ति मेटाउन।

गुँडमा बचेरा ठुँडमा आहारा
आँधी र हुरीमा दैव छ सहारा
न कुनै गुनासो न कुनै रोदन
खुसीको मुहान मनुष्य सोधन।

बलिया पखेटा भएमा जगत
क्षितिज साँघुरो लाग्दछ अब त
सिक हो मनुवा चरीले सिकाउँछ
टेकेर डालीमा मस्तले निदाउँछ।

न नाता न गोता न हार गुहार
न गम छ मनमा खुसी छ मुहार
हेरेर चिडिया आफूलाई सुधार
कुदेर रात दिन के ल्यायौ उभार ?

# रेडियो र रेडियो नेपालको इतिहास



✍ त्रिचन्द्र प्रतीक्षा

प्रत्येक वर्ष १३ फेब्रुअरीका दिन विश्व सञ्चार जगतमा रेडियोले दिएको योगदान र त्यसले समाजमा ल्याएको परिवर्तनलाई सम्मान स्वरूप संसारभरका रेडियोकर्मीहरूले 'विश्व रेडियो दिवस' को रूपमा मनाउने गर्दछन् ।

रेडियोले एउटा इतिहास बोकेको छ, सन् १८९५ मा इटालियन वैज्ञानिक गुग्लिल्मो मार्कोनीले विद्युतीय तारबिना आवाज सम्प्रेषण गर्न सफल भएपछि विश्वमा रेडियोको अविष्कार भएको हो। यस रेडियो प्रविधिलाई वायरलेस अर्थात् बेतार भन्ने गरिन्थ्यो । सन् १९०१ मा माकोर्नीले रेडियो सङ्केतलाई आन्ध्र महासागर वारपार २१०० माइल टाढासम्म सुन्ने बनाएपछि रेडियो प्रविधि विश्वमा फैलिएको हो । विश्वमा औपचारिक रूपमा रेडियो प्रसारण अमेरिकाको पेन्सलभेनिया सहर बाट सन् १९२० मा भएको थियो ।

सन् १९२२ मा ब्रिटिस ब्रोडकाष्टिङ्ग कम्पनीको नाममा स्थापना भएको रेडियो सन् १९२७ मा आएर ब्रिटिस ब्रोडकाष्टिङ्ग कर्पोरेशनमा परिणत भएको थियो। जुन विश्वको सबैभन्दा ठुलो प्रसारण संस्था हो । आजभन्दा ९५ वर्ष पहिले स्थापना भएको रेडियो बिबिसी रेडियो सेवा अनुमानित सोह्र करोड श्रोताहरूले सुन्छन् । विश्वको थुप्रै भाषाहरूमा प्रसारण हुने बिबिसी नेपाली भाषामा समाचार लगायत कार्यक्रम ७ जुन १९६९ बाट सुरू गरेको हो । पहिले साप्ताहिक, त्यसपछि हप्तामा तीन दिन हुँदै दैनिकरूपमा बेलुकी शर्टवेभ, नेपालभरका १३० वटाभन्दा बढी एफएमहरू र यसको वेभसाइटमा समेत नेपाली सेवा सुन्न सकिन्छ ।

आजभोलि एफएम रेडियो सुन्दै र जान्दै आइरहेकाहरूलाई त्यसबेलाको एकमात्र रेडियो नेपालको इतिहासबारेमा त्यति जानकारी नहुन सक्छ, यसबारेमा जानौं बुझौं ।

रेडियो नेपाल सर्वप्रथम वि.सं २००३ साल मङ्सिर महिनासम्म हाल विद्युत् प्राधिकरण रहेको भवन रत्नपार्कबाट पाँच वाटबाट प्रसारण आरम्भ भएको मानिन्छ। सो प्रसारण सात/आठ महिनापछि एक्कासि

बन्द भयो र सो स्थानबाट दिनको १:३० देखि ३ बजेसम्म कार्यक्रम प्रसारण हुन्थ्यो। जब पदम शमशेर देश निकाला पछि उक्त प्रसारण भइरहेको रेडियो बन्द हुन पुग्यो।

जहानियाँ राणा शासनको अन्त्य गर्ने उद्देश्यले वि.सं. २००६ सालमा विराटनगरस्थित रघुपति जुट मिलमा एक आकाशवाणी केन्द्रको स्थापना गरिएको थियो। भारतबाट लुकाइ छिपाइ ल्याएको आकाशवाणी सेट जडान गरेर सोही मिलको सानो कोठाबाट वि.सं. २००७ मङ्सिर २८ गते क्रान्तिको हुङ्कार छेड्नका लागि थिए। सोही आकाशवाणीबाट क्रान्तिनायकहरूले बिहान ८:३० बजे आफ्नो आवाज प्रसारण गरे। सुरूमा आएको आवाज थियो "यो क्रान्तिकारी प्रजातन्त्र नेपाल रेडियो हो। हामी विराटनगर मुक्तिमोर्चाबाट बोलिरहेका छौ।" ४१ मिटर बेण्ड शर्टवेभमा प्रसारण गरिएको रेडियोले काठमाडौं, दार्जिलिङ, गोरखपुर, कलकत्ता र बनारससम्म सुनिएको थियो। त्यस लगत्तै विराटनगरकै गणपति कटन मिलको क्वाटर छेउको भवनमा प्रजातन्त्र रेडियो स्थानान्तरण भयो। त्यही भवनलाई नेपालको पहिलो रेडियो स्टेशनको रूपमा मान्यता दिइयो।

पहिलो उद्घोषकमा गजाधरभक्त माथेमा थिए। यस्तै समाचारमा तारिणीप्रसाद कोइरालाले नेपालीमा, प्रसिद्ध कवि फणीश्वर नाथ रेणुले हिन्दीमा र विजयालक्ष्मी कोइराला (वि.पि. कोइरालाकी बहिनी)ले अङ्ग्रेजीमा समाचार वाचन गऱ्यो भने पहिलो रेडियो नेपालकी प्रथम गायिका रानुदेवी अधिकारी, गायक हरिप्रसाद रिमाल हुन्।

श्री ५ त्रिभुवनबाट २००७ फागुन ७ गते नेपाल अधिराज्यको लागि प्रजातन्त्रको घोषणा गरे। विभिन्न भागमा चर्किरहेको आन्दोलनको सन्दर्भमा विराटनगर कटन मिलको सानो कोठाबाट सञ्चालित 'क्रान्तिकारी प्रजातन्त्र नेपाल रेडियो'को प्रसारण पनि बन्द भयो।

प्रजातन्त्र घोषणा भएको डेढ महिनापछि राणा प्रधानमन्त्रीका नाति-नातिनाहरूलाई पढाउने गरेको बंगला, जहाँ आकाशवाणी सेट पनि रहेको थियो, त्यहीँबाट २००७ साल चैत्र २० गते क्रान्तिकारी प्रजातन्त्र नेपाल रेडियो' बिहान र बेलुका एक-एक घन्टाको फरक कार्यक्रम प्रसारण सुरू गरियो। २००८ वैशाख १ गतेबाट क्रान्तिकारी भन्ने शब्द हटाएर 'प्रजातन्त्र रेडियो नेपाल' मात्र भनिन थाल्यो। त्यसको चार महिनापछि प्रजातन्त्र शब्दलाई झिकेर 'नेपाल रेडियो' नाम राखियो।

प्रारम्भिक अवस्थामा २५० वाटको ट्रान्समिटरबाट दैनिक ४ घण्टा

प्रसारण हुँदै आएको रेडियो वि.सं. २०१७ सालमा प्रसारण अवधि बढेर दैनिक ५ घण्टा पुग्यो । वि.सं. २०२५ सालमा दिनमा १२ घण्टा प्रसारण समय बढाईयो भने वि.सं. २०४१ सालबाट दैनिक साढे १३ घण्टा प्रसारण हुन थाल्यो । आजभोलि २४ घण्टा नै नियमित प्रसारण हुने गर्छ । ◆◆◆

कविता

# बाआमाको आग्रह



✍ **माया बस्नेत थापा**

जीवनका अनगिन्ती सङ्घर्षका
पहाडहरू छिचोल्दै
शिखरसम्म पुग्दा
सम्झनाको मझेरीमा नअट्ने गरी
दुखःसुखका कुण्ठाहरू
झस्काइरहन्छन् एकोहोरो
डाँडामाथि पुगेको मधुरो
घामसँग मनका कुरा साटिरहन मन लाग्छ
बिहानीको चम्किलो सूर्यको किरणसँगै
मनको दियो बलिरहने रहर छ ।

अन्तरआत्माले परदेशी सन्तान
आउने बाटोतिर आँखा ओछ्याइरहेको छ
भौतिक शरीरका अङ्ग अङ्गहरू
शिथिल शिथिल हुँदैछन् ।

बुढेसकालीन सहारा
आँखाका नानी, मुटुका ढुकढुकी
समुद्रपारिको बिरानो मुलुकमा कतै
उज्यालो भविष्यको यर्सागुम्बाझैं
मौलाउने भरोसाले गहभरिका आँसुभित्र
जीवन खोजिरहेछन् ।

हो, जीवनको अन्तिम अवस्था
भोग्दै गरेका बाआमाको सुनौलो
सपना साकार पार्ने उज्यालो उद्देश्यले
दिनरात निरन्तर कुदिरहेछन्
तर
समयले नेटो काटिसकेको छ
बाआमाको अन्तिम अवस्थाले
अस्पतालको चिसो ओछ्यानबाट
सन्तान पर्खिरहेको अर्धचेतना र
कृत्रिम सास फेराइले भन्छ
आऊ, हामी चेतनाको दियो बालेर
आफ्नै देशमा सृजनाको खेती गरौं
एक्लोपन र निरासाको जरो उखेलेर
सँगै मुस्कुराउने सम्भावनाको घडेरीमा
सुन्दर महल बनाऔं
हाम्रै उर्वर पाखाहरूमा अनन्त लहराहरूसँग
जीवन सौन्दर्यको जग निर्माण गरौं ।

बालनिबन्ध

# प्रिय फूल



✍ डा. छायादत्त न्यौपाने

म फूल । म प्रकृतिको अनुपम उपहार हुन पाएर दङ्ग छु । प्रकृति आफै पनि मेरो सुन्दर अनुहार पाएर दङ्ग छ । मेरा शाखा सन्तति अनन्त छौं । म प्रकृतिमा रमाउने सुन्दर दृश्य हुँ । मेरो रूपरङ मानिस, पुतली, मौरी, भँगेरा जस्ता धेरै प्राणीले मन पराउँछन् । म घरबारीदेखि वनजङ्गलका वनस्पतिहरूको प्रिय उत्पादन हुँ । म ढकमक फुलेर सुन्दर दृश्य निर्माण गर्न सकेर खुसी हुन्छु । म फूल रङरङको हुन्छु । धेरै गाढा रङ, केही हलुका रङ, कति छिर्केमिर्के रङ, थोरै मिश्रित रङ ! म त रङ्गै रङको फूल बहुरङ्गी वनस्पति हुँ ।

म फूलसँग कुच्च घोच्ने शक्ति छैन । म त प्राणीहरूलाई मजस्तै नरम हुन सल्लाह दिन्छु । हो, मेरो सुरक्षाका लागि काँडापातहरू खटिएका हुन्छन् । मैले तिनीहरूबाट सुरक्षा पाउँछु । वरिपरि अरू थरीथरीका बोटबिरूवा हुर्किरहेका हुन्छन् । उनीहरूसँग खेल्दै हुर्किन पाउँदा मलाई रमाइलो लाग्छ । उनीहरू पनि मलाई माया गर्छन् । हामी साथी साथी सँगै अघि बढौं भन्छन् । म खुसी भएर समर्थनमा विस्तारै हल्लिदिन्छु ।

मसँग मौरी रमाउँछ, पुतली फुरफुर गरी नाचिरहेको हुन्छ । भमराले मलाई पछ्याउँछ । म बोटबोटमा ढकमक फुलेर प्रकृति सजाउँछु । वसन्त ऋतुमा त म झन् फैलिएको हुन्छु । वसन्तसँग मेरो विशेष मित्रता छ । मलाई पाएर वसन्त झन् बढी मुस्कुराउँछ । कोइलीको कुहूकुहूले वासन्ती परिवेशमा भाका हालेर गाउँछ । म मख्ख परेर मन्द हावासँग नाचिदिन्छु ।

म फूल विवेकी मान्छेको मन जित्ने सामर्थ्य राख्छु । मान्छे मेरो कोमल शरीर सुमसुम्याएर रमाउँछन् । धेरैओटा मलाई उनेर माला बनाउँछन् । मालाले मान्छेको मान सम्मान इज्जत प्रतिष्ठा बढाउँछ । विभिन्न सभा-समारोहहरूको शोभा बढाइदिएको देखेर आहा म त मानिसहरूको सेवामा कति धेरै उपयोगी छु ! अनुमान गरी गरी गदगद हुन्छु । हो, मान्छेले जथाभावी चुँडाल्दै मिल्काउँदै गरेको अवस्थामा दुःख लाग्छ । एकान्त खोजेर मजाले रून मन लाग्छ । मान्छे असल कामहरूमा मलाई खुब प्रयोग गर्छ तर काम

सकिएपछि च्यातचुत पारेर हुत्त्याउँछ। यो बानीले भने दिक्क बनाउँछ। यसरी चाहिँदा भाँडो काम सकेसी ठाँडो नबनाए हुने भन्न मन लाग्छ।

म प्राणीहरूको प्रिय वनस्पति ! मेरो रूपरङ र सौन्दर्य सबैका लागि बराबर छ। म कसैलाई काखा कसैलाई पाखा गर्दिनँ। म त सबैसँग आत्मीय सम्बन्ध राखेर सहृदयी मित्र बन्न कोसिस गरिरहेको हुन्छु। म समतामुखी विधि-व्यवहारमा विश्वास गर्छु। मलाई घामपानी, हुरीबतास सँगै खेलेर अघि बढ्न मन पर्छ। म पनि त जीवनजस्तै बोटमा कोपिला लागेर फुल्ने फक्रिने हो। प्रकृतिले दिने चुनौतीहरूसँग सामना गर्छु। म मेरो असल आनीबानी भएको मिजासिलो स्वभाव देखाएर सबैको प्रिय भइरहन चाहन्छु। कसैलाई दुख-कष्ट नदिई हाँसी खुसी रमाइलो जीवन बिताउने धोको छ। बस् ! म यही धोको पुऱ्याउने प्रयास गरिरहन्छु।

प्रिय बालसाथीहरू ! म आफन्त सुन्दर भए भनेर दुखी हुन्न। म कसैको ईर्ष्या र डाहा गर्दिनँ। विश्वास गर्नुस् म मेरो निजी सुखका लागि ढाँट-छल गर्दिनँ। मलाई छलकपटले दिने परिणाममा अलिकति पनि सुख-शान्ति भेटिन्छ जस्तो लाग्दैन। प्रिय साथीहरू ! हामी सबै सँगै एकनास मुस्कुराउन सकौं भन्ने मेरो आग्रह छ। तपाईंहरूले मलाई साथ दिनुभयो भने म सफल हुन्छु ! लामो समयसम्म हामीबिचको सद्भावयुक्त न्यानो व्यवहार रहिरहन सक्छ। एक हातले ताली बज्दैन भनेजस्तै हामी सँगसँगै भयौं भने धेरै राम्रा कामहरू गर्न सक्छौं।

म फूल हुँ तर यो मेरो स्वविज्ञापन होइन। सबैको म प्रिय भई अन्तर मनमा बस्न चाहन्छु। मेरो प्रयास मित्र-हृदय ओगटेर घरघरमा सुख-शान्ति पुऱ्याउने हो। म फूल, स्वार्थरहित जनहितमा समर्पित छु। म सिङ्गै सृष्टिको सुन्दर रचना हुँ। म जीवनका अनन्त जिज्ञासा मेटाउन बल गर्छु।

म अनुहार र स्वरूपले उस्तै दुरूस्तै भएर पनि संस्कार-संस्कृतिमा मान्छेको मधुर स्नेह खोजिरहन्छु। हो साथी ! मान्छे बगैँचाको गोडमेलमा निर्बाध सहभागी भएको उज्यालो दृश्य मलाई प्रिय लाग्छ।

म भिन्न रूपरङको फूल। तपाईंहरूको नजिक बस्न रूचाउने वनस्पति। म हुर्किने फूलबारीको गोडमेल जसले जसरी गर्नुभए पनि तपाईंहरूकै जीवन सजाउने रहर हो। हाम्रा महाकवि देवकोटाका काव्यकृतिहरू जस्तै मेरो जीवनलीला पनि समाजभरि प्रिय होस्। म फूल ! स्नेह पाइरहूँ। तपाईंहरूले प्रिय फूल सम्बोधन गरिहने वातावरण बनिरहोस् न है !

♦♦♦

# एक सर्को दुनियाँ अर्को होइन साथी एक मिस गेम फिनिस !



✍ प्र.व.ना.नि.बिष्णु थापा

नेपाल प्रहरीले सुरू गरेको मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने प्रवृत्ति विरूद्धको अभियान देशव्यापी रूपमा निरन्तर जारी छ । यो अभियान पश्चात धेरै घरपरिवारले एकापसमा खुसी साट्न पाएका छन् । कारण, विभिन्न बरबाहनामा राति अबेर सम्म मादक पदार्थ सेवन गरी बस्ने, घरमा ढिला पुग्ने, आपसी बेमेल र झै झगडा हुने, घर परिवारमा अशान्ति छाउने साथै नशाको तालमा सवारी साधन चलाएर हुने दुर्घटनामा परी ज्यानै समेत जाने अवस्थामा गुणात्मक कमि आएकोले हो ।

यद्यपि प्रहरी चेकजाँचको समयलाई सुक्ष्म अवलोकन गर्ने, चेकिङ्ग छल्दै वा सुरक्षा चेकजाँच नभएको समयमा मादक पदार्थ सेवन गरी यात्रामा निस्कने क्रम अझै पनि निमिट्यान्न हुन सकेको छैन । विगतमा दिनमा व्यक्ति विशेषसँगको कुराकानीसँगै मुख सुँघेरै चेकजाँच सुरू गरेको नेपाल प्रहरीले मा.प.से चेकजाँच अभियानलाई हाल उच्च प्रविधि सहित निरन्तरता दिएको छ । मादक पदार्थ सेवन गरी सवारी हाँक्ने अनि चेकजाँचको क्रममा फेला पर्दा मैले सेवन गरेको तपाईंहरूसँग के प्रमाण छ ? भनि निहुँ खोज्ने चालकहरू अहिले क्रमशः घटेका छन् । यस्ता प्रवृत्तिका चालक घट्नुको मुख्य कारण भनेको नेपाल प्रहरीको प्रविधि मैत्री चेकजाँच अभियानले नै हो । हाल मा.प.से.चेकजाँचका क्रममा अत्याधुनिक ब्रेथलाईजर मेसिनको प्रयोग भइरहेको छ । जसले चालक कुन समयमा चेकजाँचमा परेको हो ? कुन स्थानमा चेकजाँच थियो ? चेकजाँच गर्दा चालकको अवस्था कस्तो थियो ? त्यसको सम्पूर्ण विवरण सहित चालकको फोटो तथा भिडियो समेत रेकर्ड हुने साथै कारबाही पछिको कागज पत्र फिर्ता लिने प्रक्रिया र जरिवानामा समेत गरिएको कडाईले गर्दा यो अनावश्यक वादविवादको समस्या धेरै हदसम्म घटेको हो ।

नेपाल प्रहरीको मादक पदार्थ सेवन (मापसे) गरी सवारी साधन चलाउने चालक विरूद्धको व्यापक र निरन्तरको

प्रविधिमैत्री चेकजाँचको अभियान पश्चात पछिल्लो समयमा चालकहरू लागु पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने प्रवृत्ति तर्फ मोडिएको देखिएको छ । अस्पताल लैजादैका बिरामी बोक्ने एम्बुलेन्स चालक हुन् वा धेरै जना यात्रुको जीवन हत्केलामा बोकेर हिँड्ने सार्वजनिक सवारीका चालकहरूनै लागु पदार्थ सेवन गरेको अवस्थामा भेटिनुले यस्ता संवेदनशिल पेसा अपनाएका चालकले नै ला.प.से.गरी सवारी साधन चलाउनु आफैमा निन्दनीय कार्य त हुँदै हो साथै यो आपराधिक कार्य समेत हो ।

निरन्तर मा.प.से. चेकजाँचको अभियान पश्चात भएका सवारी दुर्घटनालाई विश्लेषण गर्दा केही चालकहरूले लागु औषध सेवन गरी सवारी साधन चलाएको तथा चालकहरू मा.प.से.बाट ला.प.से.तर्फ मोडिएको प्रशस्त आधार भेटिएकाले यस्ता प्रवृत्तिलाई निरूत्साहन गर्नका लागि नेपाल प्रहरीले ला.प.से. चेकजाँच अभियान सञ्चालमा ल्याएको छ । नेपाल प्रहरीले २०७९ साउन ९ गतेबाट यो अभियान शुरूवात गरेको हो । नेपाल प्रहरीले काठमाडौँ उपत्यकामा टि.एच.सि.(Tetra hydro cannabinol) किटको प्रयोग गरी यो अभियान शुरू गरेको थियो । नेपाल प्रहरी अस्पताल महाराजगञ्जसँगको प्राविधिक सहयोगमा उपत्यकाबाट शुरूवात भएको यो अभियान हाल देशको अन्य सहरी र शंकास्पद स्थानहरूमा जिल्ला स्थित जनस्वास्थ्य कार्यालयहरूसँगको सहकार्यमा सञ्चालन भइरहेको छ ।

हाल काठमाडौँ उपत्यका सहित बागमती प्रदेशको सबै जिल्लाहरूमा यो अभियान प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ । गत आर्थिक वर्ष २०८१/०८२ मा १ हजार ६ सय ९२ जना चालकलाई टि.एच.सि.(Tetra hydro cannabinol) किटको प्रयोग गरी गरिएको परिक्षणमा १ सय १ जना चालक लागु पदार्थ सेवन गरी सवारी साधन चलाउँदै गरेको अवस्थामा फेला परेको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, रामनगर चितवनको तथ्यांङ्कले देखाउँछ । यता बागमती प्रदेश बाहेक अन्य प्रदेशमा १ सय ४१ जना त्यस्ता सवारी चालकहरूलाई नियन्त्रणमा लिई सम्बन्धित प्रहरी कार्यालयहरूबाट आवश्यक कारबाही तथा अनुसन्धान भइरहेको छ। लागु औषध सेवन गरी सवारी हाक्ने अभियुक्त पक्राउ संख्या बढ्नुको प्रमुख कारण प्रहरी सक्रियता, प्रभावकारी अभियान र नागरिकसँगको सहकार्य नै हो । यात्रु, सवारी र सडकलाई सुरक्षित बनाउँदै सहज रूपमा गन्तव्यमा पुऱ्याउन तथा दुर्घटना न्यूनीकरण गर्न नेपाल प्रहरीले मापसे तथा लापसे चेकजाँच अभियानलाई

उच्च प्राथमिकतामा राखेको छ।

लहै लहैमा लागेर घर भन्दा टाढाको दूरीमा गई मादक पदार्थ तथा लागु पदार्थ सेवन गर्ने, "एक सर्को दुनियाँ अर्को साथी" भन्दै सवारी साधन चलाएर हिँड्ने प्रवृत्तिले आकस्मिक र गम्भीर दुर्घटना निम्त्याउने गरेको तथ्याङ्कले देखाउँछ । सिसिटिभिको पहुँच न्यून र सीमित ठाउँमा मात्र ट्राफिक प्रहरीको उपस्थितिका कारण मापसे र लापसे गरी सवारी चलाउने प्रवृत्ति बढ्दो देखिन्छ। यस्तो प्रवृत्तिलाई निरूत्साहित र मापसे र लापसे नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले विभिन्न समयमा विविध नीति लागु गरी कार्यान्वयन गर्दै आएको छ। लागु औषध सेवनले सेवनकर्तालाई मात्र नभई परिवार, समाज र देशलाई नै प्रत्यक्ष/परोक्ष प्रभाव पारिरहेको छ। कालान्तरमा यसले परिवार, समाज र देशलाई नै नकारात्मक असर पार्नुका साथै राष्ट्रिय रूपमा राज्यको सम्पत्ति अनुत्पादक क्षेत्रमा खर्च भई राष्ट्रलाई ठुलो नोक्सान हुने तथा उर्जाशील जनशक्ति गलत बाटोमा लाग्दा राष्ट्रलाई दूरगामी प्रभाव पारिरहेको हुन्छ।

नेपालमा खास गरी साथीभाइको संगत, बढ्दो बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागु पदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारीका चिन्तन आदिले नेपालमा लागु पदार्थको दुरूपयोग बढ्दो छ । परिवारका सदस्यहरू पनि आफ्ना बालबालिकाको क्रियाकलापबारे सचेत हुन आवश्यक छ । युवावर्ग भविष्यप्रति सचेत भई यसको सेवनबाट टाढा रहन सक्नुपर्छ। नेपाल प्रहरीले लागु औषध प्रयोग र कारोबार हुने ठाउँको पहिचान गरी त्यस्ता ठाउँमा कारबाही तीव्र पार्दै जनचेतनामूलक कार्यक्रमका साथै अन्य सरकारी तथा गैरसरकारी संघ संस्था, सरोकारवाला निकाय र आम नागरिकसँगको उच्च साझेदारी हुन सके यस्ता अपराध नियन्त्रणमा थप सफलता मिल्नेछ।

विश्वव्यापी साझा समस्याको रूपमा रही आएको लागु औषधको प्रयोग नेपालमा पनि समस्याको रूपमा देखा परेकोले यसको निरूत्साहन गर्ने ध्येयका साथ नेपाल सरकारले लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ तथा लागु औषध दुर्व्यसन रहित स्वस्थ र समुन्नत समाजको प्राप्तिका लागि आर्थिक, सामाजिक, सांस्कृतिक पक्षमा बहुआयामिक कार्यक्रम सञ्चालन गरी लागु औषध दुर्व्यसन रहित समाजको सिर्जना गर्ने लक्ष्यानुरूप लागु औषध नियन्त्रण रणनीति, २०६६ को कार्यान्वयन गर्दै यसबाट प्रस्तुत लक्ष्यहरू पूरा हुने अपेक्षा गरिएको छ।

लागु पदार्थ सेवन गरी सवारी

साधन चलाउँदा चालकको मात्र नभई यात्रुहरूको जीवन समेत जोखिममा पर्ने भएकाले आफ्नो नागरिक दायित्वको महसुस गर्दै कहीँकतै आफू सवार सवारी साधनका चालकले लागु पदार्थ तथा मादक पदार्थ सेवन गरेको शंका लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय र कन्ट्रोल रूमको हटलाईन नम्बरहरू १०० र १०३ मा जानकारी गराई दिने हो भने त्यस्ता चालकलाई नियन्त्रणमा लिन र सम्भावित दुर्घटना रोक्न ठुलो सहयोग पुग्छ। सवारी धनिले पनि आफ्नो चालक के गर्दैछ ? उसको व्यवहार, साथी संगती कस्तो छ ? कतै लागु औषधको कुलत तिर पो लागेको छ कि ? त्यसको सुक्ष्म निगरानी राख्दै सजग सचेत र संवेदनशिल हुने हो भने यसका कारण सडकमा हुन सक्ने सम्भावित दुर्घटना र क्षतिलाई रोक्न ठुलो मद्दत पुग्ने देखिन्छ।

यदि हामीले देखे बुझेका यथार्थ सूचना तथा जानकारीहरू प्रहरीलाई समयमै दिएर सहयोग तथा नागरिक दायित्व बहन गर्‍यौ भने धैरै हदसम्म यो समस्यालाई निराकरण गर्न सफल हुनेछौ साथै सरोकारवाला निकायले पनि आ-आफ्नो तहबाट भूमिका र दायित्व बहन गर्दै हातेमालो गर्न अत्यावश्यक छ। व्यवहारतः यसरी एकिकृत समन्वय र सहकार्य गर्न सक्दाको अवस्थामा मात्रै विकराल बन्दै गइरहेको लागु औषधको दुर्व्यसनको जालोलाई तोड्न सकिन्छ।

सिङ्गो मानव समुदायको पीडक हो लागु पदार्थ। लागु पदार्थको दुर्व्यसनले शारीरिक तथा मानसिक दुर्बलता निम्त्याउनुको साथै मस्तिष्क, मुटु र फोक्सोजस्ता संवेदनशील अङ्गहरूमा आघात पारी मानवीय स्वास्थ्यमा नै खराब असर पार्छ। ती लागु पदार्थले मानिसलाई आलस्यजनक, भ्रमात्मक र उत्तेजक बनाउने गर्दछन्। यो समाज विरूद्धको गम्भीर खतरा पनि हो। यसर्थ यसको नकरात्मक असरलाई निर्मूल पार्न, सडक सुरक्षा प्रति सजग, सचेत र संवेदनशिल बन्न/बनाउन, अनि दुर्व्यसनीहरूका बीच प्रचलित शब्द "एक सर्को, दुनियाँ अर्को होइन साथी" यसको सेवनका कारण दुर्घटना भई "One Miss, Game Finish" अथवा One Mistake, Game Over हुन सक्छ भन्ने सन्देश जनस्तरसम्म फैलाउन सकियो भने निश्चय पनि लागु पदार्थ सेवनबाट बाटो बिराउदै गएका केही चालकहरूलाई कुलतमा फसेर धरापको जीवन बाँच्ने होइन, जिम्मेवारी सहित गन्तव्य तय गर्नु गराउनु पर्छ भन्ने भावनाको विकास गराउदै आफ्नो पेसा प्रति थप मर्यादित, शिष्ट र इमान्दार भई असल बाटो रोज्न लगाउने बनाउन पो सकिन्थ्यो कि ?

'ट्राफिक नियम जानौं पनि, मानौं पनि।'♦

संस्मरण

# विकासको पर्खाइमा रहेको पाँचपोखरी



✍ **मुरारीराज मिश्र**

भ्रमण केवल एक कर्मकाण्डीय घुमाई मात्र होइन, अपितु देश दर्शन, प्राकृतिक, सांस्कृतिक र भौतिक समृद्धिको अनुभव समेत हो ।

भ्रमणले आत्मिक तथा मानसिक शान्ति प्रदान गर्नुका साथै स्थानीय वातावरण, प्राकृतिक सौन्दर्य, धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक महत्व, ग्रामीण जीवनको वास्तविकता, स्थानीय जीवनशैलीको अविस्मरणीय अनुभव संगाल्न पनि मद्दत गर्दछ । यस अर्थमा भ्रमणलाई जीवन जगत बुझ्ने उपयुक्त पाठशाला पनि मान्न सकिन्छ ।

करिब तीन हप्ता अघि दोलखा स्थित शैलुङको दुई दिने यात्राबाट फर्के लगत्तै पाँचपोखरीको यात्रामा जाने निधो गरेका भए तापनि हाम्रो भ्रमणको टुंगो भने पाँच दिन अघिमात्रै लागेको थियो । नारायणटार, शिवचोकमा रहेको आमा याङ्ग्री ह्योल्मो यातायातको टिकट काउण्टरबाट सिन्धुपाल्चोकको भोताङ, छिम्तीसम्मको बस टिकट बुक गरेर हामी भ्रमणको तैयारीमा लाग्यौं ।

निर्धारित मिति २०८२ जेठ १४ गतेको बिहान ६ बजे लक्ष्मी पाण्डे, अञ्जना पाण्डे, कल्पना मिश्र र यो पंक्तिकार ट्याक्सी लिएर बसपार्क पुग्यौं । गीता बिष्ट हामीभन्दा अगाडि नै पुगिसक्नु भएको रहेछ । लगत्तै विमला बस्नेत, श्रीकृष्ण पौडेल, अम्बिका पौडेल र भैरवी पौडेल तथा रमेशप्रसाद लामिछाने, पद्मा लामिछाने, रहिमा लामिछाने र श्रद्धा अर्याल बेग्लाबेग्लै ट्याक्सीमा आइपुग्नुभयो । केही बेरमै सरिता पाण्डे चढेको पठाओ पनि मैतीदेवीबाट बसपार्क आइपुग्यो ।

काठमाडौंको भीडभाडबाट बाहिर निस्केर, गाडीमा चढ्दा मनमा एक किसिमको शान्ति र कौतुहलता मिश्रित उत्साह थियो । मौसम सफा भए तापनि बिहानको समय भएकाले वातावरण भने केही चिसो नै थियो ।

बसभित्र उभिएर यात्रा गर्नेहरू पनि निकै थिए । यात्रुका पोका पन्तराले बसको प्यासेज टनाटन देखिन्थ्यो ।

तोकिएको समय ०६:२० मा साँखु, नाङ्लेभारे, मेलम्ची हुँदै हाम्रो

यात्रा अघि बढ्यो । बिहानको समय भएर होला सवारीसाधनको सडकमा खासै चाप थिएन । मेलम्ची पुगेपछि विगतमा बाढी पहिरोले मच्चाएको वितण्डाको अवशेष जताततै देखिए । यो दृश्य देख्दा प्रकृतिको सामु मानिस कति निरीह हुँदो रहेछ भन्ने महसुस भयो । हुन त, जथाभावी प्राकृतिक दोहन र अव्यवस्थित निर्माण पनि यस विनाशलीलाको कारण थिए भन्ने पनि प्रष्ट देखिन्थ्यो ।

बसबाट बाटोका दुबैतर्फ देखिने हरियाली, पहाड, खुला आकाश लगायतका रमणीय दृश्यले मनलाई आनन्दित पार्न थाल्यो । मेलम्ची कटेर अघि गएपछि बाटो साँघुरो र कच्ची थियो । दुईटा गाडी मुस्किलले पार हुन्थे । कच्ची बाटोमा खड्याङमड्याङ गर्दै गाडी गुड्दै थियो । सम्म परेको खुला एवम् खाली भूभागमा बाटो बनाउँदा पनि सुरुमै अलिक चौडा किन नबनाएको होला भन्ने कुरा मनमा आए । एक्सप्रेस बस सेवा भनिएको भए तापनि जताततै रोकेर मानिस चढाइन्थ्यो । ग्रामीण इलाका प्रवेश गरेपछि त झन् प्रत्येक घरघरमा जस्तो मानिस चढाउने र सामान उतार्दै बिहान साँढे एघार बजे बसले हामीलाई छिम्ती पुऱ्यायो ।

बस चढे लगत्तै सहचालक मार्फत फोन गरेर छिम्तीको भीमअर्जुन होटेलमा खानाको अर्डर गरेका थियौं हामीले । त्यसैले पुगेपछि खानाको लागि धेरै बेर कुर्नु परेन । खाना खाएर एकैछिनको विश्राम र होटेल सञ्चालक भीम तामाङबाट यात्रा अघि बढाउन आवश्यक थप जानकारी बटुलेर दिउँसो एक बजे हामीले पाँचपोखरीको पैदल यात्रा सुरु गऱ्यौं ।

छिम्तीबाट हिँडे लगत्तै देखिएको सुन्दर झरनाले काठमाडौंमा पानीको अभावले काकाकुलको नियति भोगिरहेका हामीलाई नराम्ररी लोभ्यायो । नजिकैको लामो झोलुङ्गे पुल पार गरि देउरालीतर्फको उकालो चढ्दै गर्दा बाटोका दुबैतर्फ फुलेका लालीगुराँसका बोटहरूले हाम्रो स्वागत गरिरहेको भान भयो । चुत्रो र ऐसेलुका बोटमा लोभ लाग्दो गरि फल लागेका भए तापनि भिरमा रहेका कारण हाम्रा लागि ती आकाशको फलसरि थिए । ढाडमा झोली तुम्वा बोकेर सूर्यनारायणको रापतापको पर्वाह नगरी लक्ष भेट्न अघि बढेको हाम्रो टोली झण्डै अढाई घण्टा उकालो चढेर देउराली पुग्यो ।

यता खासै बस्ती देखिएन । मुस्किलले ५-७ वटा घर थिए । खाना र बासका लागि होमस्टे टाइपका केही होटेल बनेका रहेछन् यहाँ । बोतलमा पानी भरेर हामी बढ्दै गयौं । एकैछिन अघिसम्म प्रचण्ड गर्मीएको मौसम, आकाशमा कालो बादल मडारिन थाले सँगै शीतल हुँदै थियो । केही अगाडि मात्रै पुगेका के थियौं पानी दर्किन

थाल्यो । हिँड्नुको विकल्प थिएन हामीसँग, त्यसैले रेनकोट भिरेर यात्रा जारी राख्यौं । बाटोमा थोरै यात्रु, भारी बोकेका मान्छे, केही चौरी र खच्चर देखिन्थे ।

पानी अलि मत्थर हुँदा दुखाङ्चौर भन्ने ठाउँमा चियापानको लागि रोकियौं । होटेल सञ्चालिका माईली तामाङ बहिनीले बनाएको मसालेदार कालो चियाले शरीरमा स्फूर्ति बढाएको महसुस भयो । बाटोमा विविध वनस्पति र जडिबुटीयुक्त हरियाली नियाल्दै टुप्पी डाँडा पुग्दा भने पानी रोकिइसकेको थियो । अगाडिको बाटो केही छोट्याउने सल्लाह बमोजिम टुप्पी डाँडाबाट हिँडेका हामी साँझ ६:३० मा टुप्पी डाँडाभन्दा आधाघण्टा दुरि अगाडि २८७८ मिटर उचाइमा रहेको ताँगुखर्क पुग्यौं । साँझ पर्ने तरखरमा रहेकोले यहींको ताँगुखर्क यारु होटेलमा राति बास बस्ने निधो गरियो ।

ताँगुखर्क खुल्ला ठाउँमा रहेको थियो । अचम्म लाग्यो राजधानीसँग जोडिएको जिल्ला भएर पनि यहाँ बिजुली बत्तीको सुविधा रहेनछ ! टुप्पी डाँडासम्म जेनतेन लागेको मोबाइल नेटवर्क पनि यहाँ आएपछि चकमन्न भयो । खानाको समयमा जेनेरेटरबाट २ घण्टा बत्ती बालिने रहेछ, त्यै बेला मोबाइल चार्ज गरियो । नत्र फोटो खिच्न पनि नपाइने अवस्था देखियो ! देशमा यति विकास गऱ्यौं, उति विकास गऱ्यौं भनेर खोक्ने नेताहरूको विकासे धोती खुस्केको यहाँ प्रत्यक्ष महसुस भयो ।

पर्यटन प्रवर्द्धनको माध्यमबाट देशको कायापलट गर्नुपर्ने बेलामा राजधानीसँग जोडिएको जिल्लामा समेत बिजुलीजस्तो आधारभूत आवश्यकता पुऱ्याउन नसक्ने राज्यसंयन्त्र देखेर दिक्क लाग्यो । स्थानीयको भनाइ अनुसार लाङटाङ राष्ट्रिय निकुञ्जको अवरोधका कारण यस क्षेत्रमा बिजुली बत्ती आउन नसकेको रहेछ !

बसाइ भने तातो न्यानो नै थियो । खानलाई मूलबाट पानी ल्याउने र अन्य प्रयोजनमा आकाशे पानी संकलन गरिने भएकाले पानी र शौचालयको थोरै असुविधा भोगियो । "चिसो लाग्ला है तातो पानी खानुस्" भन्ने होटेल सञ्चालकको स्नेहपूर्ण भनाइले भने आफ्नोपनको अनुभूति गराउँथ्यो । रातिको खाना र बसाइको दर प्रतिव्यक्ति रू. ६००।- रहेछ । यही रकममा एक-एक कप चौरीगाईको दुध पनि खान पाइयो । दुर्गम स्थानको बसाइ र खाना खर्च हामीलाई सस्तो लाग्यो ।

रातभरि परेको मुसलधारे पानी बिहानीपख रोकिएपछि मौसम खुलेको थियो । बाहिर निस्केर हेर्दा आँखै अगाडि हिमाल ठोक्कियो । वरिपरिका अनुपम प्राकृतिक सौन्दर्य, जुगल हिमशृंखला, आमायाङ्ग्री, दोर्जे लाक्पा र गन्छेपो हिमाल तथा तलतिर डाँडाहरूको हरियाली मनोरम

दृश्यले मनमा नसोचेको खुसी दिलायो ।

गन्तव्य टाढै भएकाले कालो चिया र सातु खाएर बिहान ६ बजे हामीले त्यहाँबाट प्रस्थान गर्‍यौं । घना जङ्गल बिचको साँघुरो भिरालो बाटोमा पाइलैपिच्छे भेटिने जुगाको आक्रमण झेल्दै झोलुङ्गेपुल तरेर रातामाटे पुग्यौं । घामको पहुँच नपुगेकाले बाटोमा केही चिसो अनुभव गरियो । करिब ११ बजे नोस्याम पाटीमा खानाको लागि रोकियौं । यहाँ अर्डर गरेपछि मात्रै खाना पकाइने रहेछ । खानाको प्रतिक्षामा रहँदा थकान भने केही कम भयो । यहाँ एकछाक खानाको प्रतिव्यक्ति ५००।- पर्ने रहेछ ।

खाना खाएर १ बजे नोस्याम पाटीबाट पाँचपोखरी तर्फ लाग्यौं । अगाडिको बाटो झन् अनकण्टार थियो । नाङ्गा ढुङ्गे डाँडा, पहरा काटेर बनाइएको साँघुरो उकालो ओरालो, तलतिर हेर्दा आङ् सिरिङ्ग हुने जोखिमयुक्त बाटोमा हाम्रो पाइला बढ्दै गयो । कतै पसल थिएन । मूलको पानी पनि नपाइने अत्यास लाग्दो अवस्था थियो ।

बाटोमा भेटिने पाँचपोखरीबाट फर्केका यात्रुहरूसँग अगाडिको जानकारी लिँदै अगाडि लागेका हामीलाई मौसमले भने गजबको साथ दिएको थियो । अन्ततः लौरीविनाको उकालो भनिने १६४ वटा नाक ठोक्किने ठाडो सिंढीहरू र अप्ठ्यारा बाटाहरू पार गर्दै साँझ ५ः३० मा पाँचपोखरी पुगियो । पुग्नेबित्तिकै यहाँको पाँचपोखरी होटेलमा कोठा बुक गरेर मन्दिर मुनिबाट निस्केको जल कुण्डमा स्नान गरियो । पानी अत्यधिक चिसो थियो । पाँचपोखरीमा भने नुहाउन नपाइने रहेछ ।

सिन्धुपाल्चोक जिल्लामा अवस्थित पाँचपोखरी हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको पवित्र धार्मिक तीर्थस्थल एवम् प्रसिद्ध पर्यटकीय स्थल हो । समुद्री सतहबाट ४१०० मिटरको उचाइमा रहेको यो स्थान प्राकृतिक सम्पदाले भरिपूर्ण छ । वरिपरि ठूलाठूला चट्टाने पहराले घेरिएको र झट्ट हेर्दा गोसाइकुण्डको झझल्को दिने पाँचपोखरी ताल हिन्दू तथा बौद्ध धर्मावलम्बीको धार्मिक तथा सांस्कृतिक संगमस्थल पनि हो। सूर्य कुण्ड (सबै भन्दा ठुलो) नाग कुण्ड, गणेश कुण्ड, भैरव कुण्ड र सरस्वती कुण्ड नामक पाँचवटा पोखरीलाई नै पाँचपोखरी भनिन्छ । यो इन्द्रावती नदीको उद्‌गमस्थल पनि हो ।

भक्तजनहरू आ-आफ्नो धार्मिक मान्यता, संस्कृति र विश्वासअनुरुप पूजा तथा स्नानका लागि पाँचपोखरी पुग्ने गर्छन् । यहाँ स्नान र पूजाआजा गर्नाले पापबाट मुक्ति मिल्ने, कामना पूर्ण हुने, सन्तान प्राप्ति हुने र पितृमोक्ष हुने जनविश्वास रहेको छ । यस स्थानलाई वशिष्ठ ऋषिले तपस्या गरेको तपोभूमिको रुपमा पनि मानिन्छ । वशिष्ठले पाँचपोखरीमा नै ज्ञान र तपोवल

हासिल गरेको किम्बदन्ती छ ।

यसैगरी अर्को किम्बदन्ती अनुसार, आजभन्दा २३२५ वर्ष अघि सिकारी बुम्बा रुवा वाइबा सिकार खेल्दै हाल पाँचपोखरी रहेको स्थान पुगेछन् । यस्तो हिउँ पर्ने ठाउँमा धान खेती भइरहेको देखि अचम्म मानी हेर्न जाँदा धान खेती गर्ने सबै अलप भएछन् । यस्तो दृश्य देखेपछि उनलाई यो पक्कै पनि भगवान महादेवको लीला हुनुपर्छ भन्ने लागेछ र आफ्नो सिकारी कुकुरलाई लगाएको घण्टी फुकालेर रोपाई गर्दागर्दै अलप भएको ठाउँमा झुन्ड्याई मन्दिरको स्थापना गरी फर्किएछन् । यसै कारण मन्दिर क्षेत्रमा धानको बाला खोज्ने चलन हालसम्म पनि चलिआएको छ । दशहरा र जनैपूर्णिमा विशेष मेला लाग्ने पाँचपोखरीमा एक जोडी हाँस रहेको र त्यो हाँसलाई भाग्यमानीले मात्र देख्न सक्छन् भन्ने मान्यता पनि रहेछ । हामीले चाहिँ हाँस देखेनौ !

पाँचपोखरीमा करिब १३ जनाको होटेल रहेछ। तर एकजनाको होटेलमा ५० जना पुगेपछि मात्रै अर्को होटेलवालाको पालो आउने भएकोले होटेल छानेर बस्न पाइएन । ६०० जना यात्रु पुगेपछि फेरि पहिलेको होटेलको पालो आउने पाँचपोखरी होटेलका अर्जुन तामाङले बताए।

हामी १४ जनाको रात्रि बसाई एउटा हलमा सामूहिक रुपमा भयो । यहाँ रातिको बसाई र खाना खर्च प्रतिव्यक्ति १०००।- रहेछ । सबै गरि त्यसदिन लगभग ६०-६५ यात्रु त्यहाँ बास बसेका थिए । यात्रुको भिडभाड र शौचालयको सिमितताले भोलिपल्ट बिहान मुस्किलले नित्यकर्म सम्पन्न गरियो। लगत्तै नजिकैको भ्यूटावरबाट पाँचपोखरी, हिमश्रृङ्खला लगायत वरिपरिबाट देखिने दृश्यावलोकन र तस्बिर खिच्ने काम भयो। मन्दिर दर्शन र चियापान पछि पाँचपोखरी भनिने सूर्य कुण्ड (सबैभन्दा ठुलो) नाग कुण्ड, गणेश कुण्ड, भैरव कुण्ड र सरस्वती कुण्डको ३० मिनेट लगाएर परिक्रमा गरियो।

बिहान ०७:३० बजे पाँचपोखरीबाट प्रस्थान गरेका हामीले ११ बजे नोस्याम पाटी पुगेर खाना अर्डर गऱ्यौं । दिउँसो रातामाटेमा पुगेर चियापान भयो। फाट्टफुट्ट पानी छिट्याए पनि दिनभर ठुलो पानी परेन। जाँदा झण्डै १२ घण्टा लागेको बाटो फर्कंदा ९ घण्टामा काटियो। दिउँसो ४:३० मा ताँगु खर्क आइपुग्दा थकाइले लखतरान बनाएको थियो । मेरो र भैरवी भाउजूको गोडाको नसा सङ्किएर दुखाइ बढेका कारण पहिलेकै यारु होटेलका बास बस्ने तय भयो।

यहाँ बसेको एउटा फाइदा भयो । यातायात व्यवसायीहरूले सोमबारबाट अनिश्चितकालीन बन्दको कार्यक्रम राखेकाले हामीलाई आइतबारसम्म

काठमाडौँ फर्किसक्नु पर्ने दबाब थियो । हाम्रो कुरा सुनेपछि होटेल साहु यारु तामाङ भाइले टिकटको लागि पहल गर्ने आश्वासन दिए । अन्ततः उनैको सम्पर्कबाट शनिबार दिउँसो १ बजेको काठमाडौँ जाने बसमा टिकट बुकिङ भयो ।

हामी बसेको होटेलमा साँझपख अर्को ३५ जनाको ग्रुपको आगमन भयो । रातभरि उनीहरूको हल्लाखल्लाले सबैको निन्द्रा डिष्टर्व हुनपुग्यो । यात्रीहरूमा यात्रु अनुशासनको अभाव, आफ्नो कारणले अरूलाई असुविधा नहोस् भन्ने सोचाइको कमी भएपछि कसको के लाग्छ र ? उनीहरू मदिरापानमा लठ्ठ देखेपछि हामीले पनि अनावश्यक विवाद लम्ब्याउन चाहेनौं । मान्छेहरूमा भ्रमण संस्कृति र अनुशासनको पालना नगर्ने प्रवृत्ति बढ्दै जानु चिन्ताको विषय हो ।

आज पनि रातभर पानी परिरह्यो । बिहान पानी रोकिएपछि चियापान गरेर होटेलबाट बिदा लियौं । यारुभाइले चियाको पैसा लिन मानेनन् । हामी यारुभाइलाई धन्यवाद दिँदै ६ बजे छिम्ती तर्फ हिँड्यौं । मौसम खुलेको भए तापनि रातिको पानीले यताको बाटो केही चिप्लो थियो । ३ घण्टाको हिँडाइ पछि देउराली पुग्दा खुट्टाको दुखाइ बढेकोले भैरवी भाउजू र म, देउरालीको पाँच पोखरी डोमा शेर्पा होटेलका दोर्जे तामाङ भाइको मोटरसाइकलमा लिफ्ट लिएर र अरू हिँडेर क्रमशः छिम्ती पुग्यौं ।

धार्मिक तीर्थाटन र साहसिक पदयात्राको लागि पनि प्रसिद्ध, उच्च हिमाली क्षेत्रमा पर्ने पाँचपोखरी यात्रा सोचेजस्तो सहज भने पक्कै छैन । तर यहाँ पुग्दा प्रकृतिको हरेक पक्षको नजिकबाट अनुभव बटुल्न सकिने भएकोले स्वर्गीय आनन्दको अनुभूति हुन्छ । यात्राको क्रममा यहाँ बिजुली, फोन, स्वास्थ्य केन्द्र र प्रहरी चौकीको अभाव खट्कियो । काठमाडौंबाट खासै टाढा नरहेको यो क्षेत्रको समुचित प्रचारप्रसार र सम्बन्धित निकायबाट यात्रा प्याकेज समेतको व्यवस्था हुन सके आन्तरिक पर्यटनबाट नै यस क्षेत्रको कायापलट हुन सक्ने सम्भावना भने टड्कारो देखिन्छ । ♦

## मुक्तक



✍ **हरिकृष्ण धिताल 'एच.के'**

शिक्षा छ, संस्कार र मान छैन के कामको भो
दान पेटिका छ, भित्र दान छैन के कामको भो
विश्वासको सिढी उक्लदै प्रार्थना गर्छ मान्छे
मन्दिर बनेको छ भगवान छैन के कामको भो

एकछिन पर्ख म पनि छु है
खन्नु पर्छ खर्क म पनि छु है
भिडैभिडभित्र त्यही भिडमा
एकजना मूर्ख म पनि छु है

# सकारात्मक सोच, सकारात्मक परिणाम



✍ **रत्न प्रजापति**

**'फूलको आँखामा फूलै संसार**
**काँडाको आँखामा काँडै संसार ।'**

चर्चित कवि तथा गीतकार दुर्गालाल श्रेष्ठले लेखेको यो अति चर्चित गीतको भावले सकारात्मकतालाई प्रवर्द्धन गर्छ । जसरी फूलको आँखाले हेर्दा संसार फूलजस्तै सुन्दर र प्रिय देखिन्छ, त्यसैगरी काँडाको आँखाले हेर्दा संसार काँडाजस्तै कुरूप र घातक देखिन्छ । हामीले काँडाको आँखाले होइन, फूलको आँखाले हेर्न सक्नुपर्छ । फूल भनेको सकारात्मकताको प्रतीक हो । त्यस्तै काँडा नकारात्मकताको प्रतीक हो । नकारात्मक दृष्टिले हेऱ्यो भने सबै कुरा नकारात्मक देखिन्छ । अनि सकारात्मक दृष्टिले हेऱ्यो भने सबै कुरा सकारात्मक नै देखिन्छ । सकारात्मक सोचले सकारात्मक परिणाम दिन्छ र सिर्जनात्मक शक्तिको प्रवर्द्धन गर्छ । सिर्जनाले जीवन र जगतलाई थप सुन्दर र सुखदायी बनाउँछ । त्यसैले जीवनमा सधैँ फूलको आँखाले हेर्नुपर्छ अर्थात् सधैँ सकारात्मक सोच्नुपर्छ ।

जीवनमा सधैँ सकारात्मक सोच्नु पर्छ र सकारात्मक सोच लिएर अगाडि बढ्नुपर्छ भन्ने जान्दाजान्दै पनि अभाव, असफलता र अप्राप्तिले गर्दा मान्छे नकारात्मक सोच्न र नकारात्मक बन्न विवश छन् । सर्वसाधारणदेखि पेसाकर्मी, उद्योगी, व्यवसायी सबै नै निराशा अभिव्यक्त गर्न र राज्यप्रति गुनासो, असन्तुष्टि र आक्रोश पोख्न आतुर देखिन्छन् । जुनसुकै भेटघाट र जमघटमा मान्छेहरू देशको व्यवस्था र अवस्थाप्रति गुनासो, असन्तुष्टि र चिन्ता व्यक्त गरिरहेको सुनिन्छ ।

पछिल्लो समय विशेषगरी अवसरका आकांक्षी युवापुस्ताले त्यो अवसर नपाउँदाको निराशाले देशको व्यवस्था र अवस्थाका बारेमा नकारात्मक सोच्न र नकारात्मक बन्न अभिप्रेरित छन् । हरेक युवाको मुखबाट निराशाको सुस्केरा र नकारात्मक अभिव्यक्ति मात्रै प्रस्फुटन भएको सुनिन्छ । यस्तै निराशा देख्दा र नकारात्मक कुरा सुन्दा देशमा निराशा मात्रै छ र नकारात्मकता मात्रै छ जस्तो लाग्छ । अब देश कहिल्यै उँभो लाग्दैन । समृद्ध नेपाल र सुखी नेपालीको सपना अब कहिल्यै पूरा

हुँदैन भन्ने लाग्छ। तर वास्तविकता त्यस्तो होइन । नकारात्मक सुन्ने र नकारात्मक सोच्ने प्रवृत्तिले गर्दा हरेक कुरालाई नकारात्मक दृष्टिले हेर्ने र नकारात्मक व्याख्या गर्ने बानी परेको छ। यस्तै बानीले गर्दा देशमा कुनै अवसर नै छैन र भविष्य अन्धकार छ भन्ने भाष्यको निर्माण भएको छ।

देशको राजनीतिमा विद्यमान बेथितिहरूले गर्दा केही हदसम्म अवसरहरू खुम्चिएको र विकास निर्माणमा गतिरोध देखिएकै हो । अवसरको अभाव र अविकासले गर्दा महत्वाकांक्षी युवामा निराशा बढेकै हो । त्यही निराशाले नै अधिकांश युवामा आफ्नो भविष्यप्रतिको चिन्ता बढेको हो । अनि त्यही निराशा र चिन्ताले युवामा आक्रोश जन्माएको हो । भविष्यप्रतिको चिन्ताले आक्रोशित युवाले नकारात्मक सोच्ने, नकारात्मक बन्ने र नकारात्मक भाष्यको निर्माण गर्ने प्रवृत्ति बढ्दै जाँदा देशैभरि नकारात्मकताको सञ्जाल फैलिएको छ। तर जुन निराशा र नकारात्मकताको भाष्य निर्माण गरिएको छ, यथार्थ त्यस्तो पनि छैन। देशमा अवसर र सकारात्मक पाटो हुँदै नभएको भने होइन। त्यसलाई उजागर गर्ने राष्ट्रिय नीति, योजना र कार्यक्रमको मात्रै खाँचो हो । युवालाई आशाको इन्द्रेनी सजाउन र सकारात्मक सोचको विकास गर्न अभिप्रेरित गर्ने नीति, योजना र कार्यक्रम तर्जुमा गर्दै प्रभावकारी कार्यान्वयन गर्ने हो भने निराशाको बादल फाट्ने र नकारात्मकताको जालो पनि च्यातिने आशा र अपेक्षा गर्न सकिन्छ।

आधा भरिएको गिलासलाई हेर्दा खाली आधा भागलाई मात्रै देख्ने प्रवृत्तिले नकारात्मकतालाई जनाउँछ भने भरिएको आधा भागले सकारात्मकतालाई जनाउँछ। त्यो भरिएको आधा भागलाई देख्न सक्नु सकारात्मकता हो । सकारात्मक दृष्टि र सकारात्मक सोचले सकारात्मकताको संवर्द्धन गर्छ।

व्यवस्था परिवर्तन भए पनि देशको अवस्था परिवर्तन हुन नसकेको सत्य हो। प्राप्त उपलब्धि र केही गर्ने अवसरको सदुपयोग बेलैमा गर्न नसक्दा जनअपेक्षा मात्रै कुण्ठित भएको छैन, देश नै अव्यवस्था र अविकासको चक्रव्यूहमा फस्न पुगेको छ । लोकतन्त्र अथवा गणतन्त्रकालमा पनि देश विकासको पथमा अघि बढ्न नसक्नु, आमनागरिक अझै पनि गरिबी, अभाव र पछौडेपनको नियति भोग्न बाध्य हुनु र देशको राजनीति चाहिँ सधैँ सत्ताको दाउपेचमा अल्झिरहनुले आमनागरिकमा एक किसिमको असन्तुष्टि र उकुसमुकुस बढेको हो। त्यो असन्तुष्टि र उकुसमुकुसको समाधान खोज्न राजनीतिक दलहरूले जिम्मेवारी र उत्तरदायित्वबोध नगर्दा नागरिकमा निराशा बढ्दै गएको हो। त्यही निराशाले गर्दा अवसरलाई लत्याएर

समस्या र चुनौती मात्रै देख्न थालेका हुन् । हामीले देख्ने गरेझैँ अथवा हामीले सोच्ने गरेझैँ देशमा समस्यैसमस्या मात्रै पनि छैन । सम्भावनाहरू पनि उत्तिकै छन् । हामी नकारात्मक सोच्छौँ, त्यसैले समस्या मात्रै देख्छौँ । सकारात्मक सोच्ने हो भने सम्भावनालाई देख्न सकिन्छ । हामीले खोज्दै नखोजीकन यहाँ केही छैन भनिरहेछौँ । केही प्रयासै नगरीकन यहाँ केही हुँदैन भनिरहेछौँ । हामीले आफूभित्र उत्प्रेरणा जगाएर उद्यमशीलताको सोच बनाउने हो भने जताततै सम्भावनाहरू देखिने छन् ।

उद्यमशीलता पनि एउटा सोच नै हो । सकारात्मक सोचले सम्भावनालाई देख्छ भने नकारात्मक सोचले समस्यालाई देख्छ । म केही गर्छु, म केही बन्छु र म केही प्राप्त गर्छु भन्ने सकारात्मक सोच राखेको एउटा उद्यमशील व्यक्तिले जताततै सम्भावनालाई देखिरहेको हुन्छ र त्यसलाई अवसरमा बदलेर पुँजीकृत गर्ने बारेमा सोचिरहेको हुन्छ । सकारात्मक सोच नभएको एउटा सर्वसाधारण व्यक्तिले भने जताततै समस्या मात्र देखिरहेको हुन्छ र समस्याबाट कसरी मुक्त हुने भन्ने बारेमा मात्रै सोचिरहेको हुन्छ । जहाँ समस्या छ, त्यहाँ अवसर पनि हुन्छ भन्ने सकारात्मक सोच राखेर हेर्ने र त्यस्तो अवसर खोज्ने हो भने मान्छेले कतै र कहिल्यै निराश हुनु पर्दैन । चिन्तकहरूले यस्तै भन्दै आएका छन् ।

नकारात्मक सोचले नकारात्मक भावना र नकारात्मक धारणाको विकास हुन्छ । नकारात्मकताले निराशालाई बढाउँछ । नकारात्मक सोचे सबै कुरा नकारात्मक लाग्छन् । सकारात्मक सोचे सबै कुरा सकारात्मक लाग्छन् । त्यसैले सकारात्मक हुनु र सकारात्मक सोच्नु आवश्यक छ ।

वर्तमान देश र देशले अंगीकार गरेको व्यवस्थाका बारेमा सधैँ नकारात्मक मात्रै सोच्दा नकारात्मक भाष्यको निर्माण भइरहेको छ । शीर्ष नेतृत्वप्रतिको नकारात्मक सोचले देशप्रति नै नकारात्मक भावना र धारणाको विकास भइरहेको छ । देशमा केही छैन । देशमा केही भएन । देशले केही दिएन र देशमा बसेर भविष्य सुरक्षित छैन भनेर सधैँ नकारात्मक सोच्ने प्रवृत्तिले विशेषगरी युवापुस्तामा निराशा बढ्दै गएको छ । भविष्य अँध्यारो देखेर युवापुस्तामा भय र चिन्ता पनि बढेको छ । त्यही निराशा, भय र चिन्ताले डोऱ्याइएका युवाले सुरक्षित भविष्यको खोजीमा धमाधम देश छोड्दैछन् । यसरी युवाशक्ति विदेशपलायन हुनु देशका लागि दुर्भाग्य हो, विडम्बना हो ।

सामाजिक सञ्जाल, सञ्चार माध्यम, सामाजिक जमघट आदिका माध्यमबाट आशालाई बेवास्ता गर्दै खाली निराशाको मात्रै सञ्चार र सम्प्रेषण भइरहेको छ । सम्भावना र अवसरको खोजी नगर्ने, तर निराशाको मात्रै खेती गर्ने प्रवृत्तिले

नकारात्मक भाष्य घनिभूत बन्दै गइरहेको छ । यस्तो अवस्थामा युवापुस्तामा छाएको निराशालाई आशामा बदल्नका लागि सकारात्मक सोचको विकास र विस्तार आवश्यक छ। सुख र समृद्धिका लागि स्रोतको भन्दा पनि सकारात्मक सोचको खाँचो छ। सकारात्मक सोच भए सकारात्मक परिणाम प्राप्त हुन्छ र जीवन सुखी बन्छ। त्यसैले काँडाको आँखाले होइन, फूलको आँखाले हेर्ने बानी बसालौँ । ♦♦♦

## मुक्तक



✍ **घनबहादुर थापा**

सँगै बाँचौला भन्नेले जिउँदै मार्‍यो अब के गर्ने ?
उचाइमा पुर्‍याउँछु भन्थ्यो झन् तल झार्‍यो अब के गर्ने ?
सङ्लिएला जीवन भनेर पछि लागेँ उसकै आशामा,
तातो भात निल्नु न ओकल्नु पार्‍यो अब के गर्ने ?

परिवर्तन जीवनचक्रको स्वभाव हुँदो रहेछ
जे खोजिन्छ त्यै जहिल्यै अभाव हुँदो रहेछ
शाकाहारी भन्नेले नै मुटु खान खोजेपछि,
सम्भावनाका ढोका बन्द गर्ने दबाब हुँदो रहेछ।

कसैले आफैले आफैलाई महान भन्दा रहेछन्
एक शिरो सहयोग पनि पटक-पटक गन्दा रहेछन्
एक हातले ताली बज्दैन भन्ने ज्ञात हुँदाहुँदै पनि,
डोजर चलाई कुरा काट्ने बाटो खन्दा रहेछन् ।

तिम्रो दिलबाट निस्किएर जान मन छ
तै पनि एकपटक जिस्किएर जान मन छ
सम्बन्ध भत्काउने डोजरको पनि माया लाग्ने रैछ,
सम्झनाको एउटा रूमाल दिएर जान मन छ।

छिरेको छु तिम्रो शहरमा अनौठो आशा बोकेर
कि त हार्ने कि त जित्ने समयको पासा बोकेर
दोबाटोमा कटौरी थाप्दैमा धेरै थोक त पाइँदैन,
तैपनि तड्पिएको छु आफ्नै छुट्टै परिभाषा बोकेर ।

# उत्तिस र गुराँस



✍ यशु श्रेष्ठ

गर्मी गर्मी नै थियो । हिँड्दा हिँड्दै थकाइ लाग्यो । पानी प्यास पनि लाग्यो । यसो पानीको बोतल हेरेँ । रित्तो भइसकेको थियो । 'कसरी प्यास मेटाउने त ?' मैले यताउता हेरेँ । बाटो तल उत्तिस घारी थियो । बाटो माथि ताप्रे घारी । 'उत्तिस धेरै भएको जङ्गलमा पानीका मुहानहरू हुन सक्छन् । उत्तिसको जङ्गलमा पानीका मुहान हत्तपत्त सुक्दैनन् ।' मैले यस्तो सुनेको थिएँ । 'न त्यहाँ पानी छ कि !' मैले पुछारसम्म आँखा घुमाएँ । अलि तल बाख्राहरूले पानी पिउँदै गरेको देखेँ । मेरो मन खुसी भयो । शरीरमा के के हिँडेजस्तो सरररर पो भयो । म त्यतै तिर लागे ।

लौ न अनौठो ! त्यहाँ त बाख्राहरू कथा सुन्दै रहेछन् । ढुङ्गा, बोटबिरूवा र चराहरू कथामा रमाउँदै रहेछन् । कुवा मरीमरी हाँस्दै कथा भन्दै थिई । कुवाभन्दा अलि तल सानो खोला पनि थियो । कुवाको पानी त्यही खोलामा मिसिदै थियो । खोला पनि कुवातिर हेर्दै हाँस्दै बग्दै थिई । मलाई अचम्म माथि अचम्म लाग्यो ।

"यो कथा होइन है । साँच्चैको कुरा हो ।"कुवाले सुनाई, "यो उत्तिस पहिलाको कुरा सम्झीसम्झी रून्छ । यसकै आँसु हो यो पानी । यसको आँसुले म भरिएको भरिएकै गर्छु । सुक्नै पाउँदिनँ ।"

"हैट, यो कथा हो व्यारे कथा !" उत्तिस कराउँदै थियो । कुवा झन्झन् चर्को स्वरमा सुनाउँदै थिई ।

"हो हो साँच्चै हो ।" कुवा हाँसी, "यसैले सुनाएको हो मलाई आफ्नै कथा ।" कुवा अझै हौसिँदै थिई, एकाएक चुप भई । छड्के नजरले मतिर हेरी । "उःउः..." गर्दै साथीहरूलाई सुस्तरी भनी "कोही आयो । चुप है चुप !" सबै जना चुपचाप लागे ।

आफ्नै सुरमा बाख्राहरू चर्न थाले । चराहरू चिरविराउन लागे । बोटहरू हावासँगै हल्लिन लागे । कुवा कुलकुल बग्न लागी । यस्तो लाग्थ्यो कि अघिसम्म यहाँ केही भएकै थिएन ।

म पानी प्यास लागेको मान्छे । कहाँको कथा सुन्न लाग्नु ! एउटा पात टिपेँ । खोची बनाएँ । तनतन पानी पिएँ । साह्रै आनन्द आयो । झोला बोकेर उकालो लाग्न थालेँ । मन तुलबुल तुलबुल गर्‍यो ।

फरक्क पछाडि फर्किएर हेरेँ ।

बाख्राहरू कुवातिर आउँदै थिए । चराहरू कुवा वरिपरि पुगिसकेका । “खुचिङ् खुचिङ् !” उत्तिस रमाउँदै हल्लिदैँ भन्दै थियो “अब कथा नभन् है, जति भनिस् भनिस् । सक्यो अब !”

बाख्राहरू भने कुवालाई जोस्याउँदै थिए, “भन् के भन् ।”

पानीको प्यास त मेटियो । यो अनौठो कुराको प्यास कहाँ मेटिएको थियो र ! म फरक्क फर्किएर कुवामै गएँ ।

म्याँ...बाख्रा जस्तै कराएँ । चिरिउँ चिरिउँ...चरा जस्तै चिर्बिराएँ । कुवानेरै बसेर भनेँ “कुवा नानी, लौ, अब कथा सुनाऊ त,लाज नमानी ।”

अहँ, कतैबाट केही आवाज आएन । म एक्लै बोलेँ, “म एउटा एक्लो यात्री न हुँ । जसको पनि साथी हुन सक्छु । बाख्रा, भेडा, रूख, कुवा, खोला, चरा जसको पनि । कथा सुन्न मलाई पनि धेरै मजा लाग्छ । सुनेका कथा सम्झिँदै हिँड्दा बाटो कटेको पत्तै हुँदैन । लौ सुनौँ न कथा । लौ त कुवा नानी !” ऊभै पनि अहँ, कहीँकतैबाट केही आवाज आएन । मैले लामो हाइ...गरेँ । निद्रा पो लाग्यो । झोलाको सिरान बनाएँ । त्यहीँ सुतेँ पुल्टुङ्ङ । केही क्षणपछि चरा बोले, “निदायो निदायो । यो यात्री निदायो । भन्न ओइ अघिको कथा, भन्न ।” बाख्रा पनि कथा सुन्नका लागि जोड गर्न लागे । “यो कथा होइन के, उत्तिसको साँच्चैको घटना हो ।” कुवा खितिति हाँसी । “भन् न त भन् !”अरूले जोड गर्न लागे ।

“यो उत्तिसको नाम पहिला उत्तिस थिएन रे । खै के के थियो रे । यो भिरभिरमा पनि हुँदैन थियो रे ।” कुवा जोसिई, “यो उत्तिसका पुर्खाका कुरा हुन् । एक दिन बाबुचाहिँले छोराको विहे गरि दिन लागेछन् । विहे गर्न त केटी चाहियो । होइन त ?” कुवाले साथीहरूलाई सोधी । “हो हो ।” साथीहरूले हो मा हो मिलाए । कुवा कथामा अगाडि बढी, “केटी हेर्दै जाँदा गुराँस भएकोमा पुगेछन् । गुराँसका बालाई उत्तिसका बाबुले भेटेछन् ।

“लौ, तपाईंकी छोरी, मेरा छोरालाई दिनु पर्‍यो । कुरा मिले यही मङ्सिरमा बाजा बजाई दिनुपर्‍यो ।” उत्तिसका बाबुले अनुरोध गरेछन् ।

“भइहाल्छ नि, हुर्केकी छोरी । केटा र केटीको मन मिले मेरो भन्नु केही छैन ।” गुराँसका बाले मञ्जुरी जनाएछन् । त्यसपछि केटा र केटीको भेट गराएछन् । लौ न नि, ती किच्चिक्क परेको खस्रो पात, बाङ्गाटिङ्गा हाँगा भएकी, पोथ्रापोथ्रीलाई केटाले मन पराएनछ ।”

“एए !” कथा सुन्दै गरेको ढुङ्गाले भन्यो । “अँअँ अनि के भएछ ?” पानीले चासो दिई ।

"अब म हेर्दै खाइलाग्दो ! सर्लक्क परेको ! नरम पात भएको ! यस्तो राम्रो केटा छु । केटी भने बाङ्गीटिङ्गी ! कच्रक्क पात ! म यस्तीलाई बिहे गर्दिनँ ।" केटोले भाउ खाएछ । उसले अर्कै केटी खोज्ने विचार गरेर त्यहाँबाट हिँडेछ । गुराँस पनि के कम थिई र ! तिमीले मलाई होच्याउने ? तिमी जस्ता केटा कति छन् कति । मलाई पनि तिमी चाहिएको छैन भनेर हकारिछ ।" कुवाले हासिँदै सुनाई, 'समय बित्दै गयो । बसन्त ऋतुको समय आयो । गुराँस त सबैलाई लोभ्याउने गरी राताम्मे फुल्न थाल्यो । गुराँसले गरेर जङ्गलै सुन्दर देखियो । के जन्तु ! के बोटबिरूवा ! के मानिसहरू ! सबैलाई लोभ्याउँदै गुराँसले रङ रूप फेऱ्यो। आहा, गुराँस ! भन्दै जीवजनावरहरू गुराँसको प्रशंसा गर्न लागे ।"

कुवाले जोसिदै भनी, "केटोले भने अझै केटी पाएको थिएन । उसले पनि गुँरासलाई देखिहाल्यो । गुराँसको रूप देखेर केटो मोहित भयो । ऊ फेरि गुराँस भएकोमा गयो । त्यतिबेला आफूले गल्ती गरेको भन्दै माफी माग्यो । अब तिमी र म बिहे गरौँ भन्यो । गुराँसले पहिलेको कुरा सम्झिई । "तिमी जस्तासँग त बिहे कल्पना पनि गर्दिनँ । बरू म कहिले कोहीसँग पनि बिहे गर्दिनँ" भनेर रिसाई । केटोले अनेक प्रयत्न गऱ्यो गुराँसलाई मनाउन । गुराँसले मान्दै मानिन । केटो रूँदैरूँदै घर फर्कियो ।"

"अनि के भयो ?" साह्रै उत्सुक भएर चरोले सोध्यो । "पख् न, भन्दै त छु नि," कुवाले कथा बढाई, 'केटो घर आएर बाबुको अगाडि ग्वाँग्वाँ रून लाग्यो । जसरी पनि गुराँस चाहियो । म गुराँससँग बिहे गर्छु । गुराँसलाई फकाइदिनुस् भन्दै बुबासँग अनुरोध गऱ्यो ।

छोराले हत्ते गरेपछि केटाको बाबु केटोलाई लिएर गुराँसको घर गए । "पहिलाको कुरा भुलिदिनुस् । हाम्रा छोराछोरीको यही वैशाखमा बिहे गरिदिऔँ" भनेर उत्तिसको बाबुले गुराँसको बालाई भने । ओहो ! केटाले जसरी पनि अवसर गुमाइसकेछ ! गुराँसको बिहे त अर्कै केटोसँग गर्ने भनेर कुराकानी छिनी सकिएछ । त्यसपछि केटोले यो कुरा सहनै सकेन । ऊ जुरूक्क त्यहाँबाट उठ्यो । गुराँस मलाई लिन आऊ ! नभए म यहाँ बस्दै बस्दिनँ । यो संसारमै बस्दिनँ भन्दै सरासर गएर भिरबाट हुत्तियो । उत्तिस भिरबाट त हुत्तियो तर त्यहाँ न गुराँस लिन आई, न ऊ भिरबाट माथि आउन सक्यो ।"

कुवाले लामो सास फेर्दै भनी, "मोरा, बेलामा बुद्धि पुऱ्याइनस् । अहिले भिरबाट हुत्तिस हैन ? भनेर बाबुले पनि गाली नै गरेछन् । भिरबाट हुत्तिस, भिरबाट हुत्तिस भन्दाभन्दै यिनका नाम नै हुत्तिस भएछ।

हु त्तिस...हु त्तिस...भन्दाभन्दै यसको नाम 'उत्तिस' भएको रे । यो कुरा

यसैले सुनाएको हो मलाई । ओई हो कि होइन भन त !" कुवाले उत्तिसलाई नै सोधी ।

"भए भरको कुरा बनाएर । जे पायो त्यही मिसाएर । मेरो एउटा कथा नै बनाइस् हैन ? तर तेरो दिमागलाई चाहिँ मान्नै पर्छ ।" उत्तिस मुस्कुरायो ।

"त्यही भएर त उत्तिस जहिले पनि भिरमा मात्र उम्रन्छ नि ।" कुवाले उत्तिसलाई हेरी, "त्यो बेलाका कुरा सम्झेर यो घरिघरि रून्छ । यसको आँसु पानी बनेर बगिरहन्छ । त्यही पानीले म भरिइरहन्छु । त्यही भएर मानिसहरू भन्छन् नि "उत्तिसको जङ्गलमा हत्तपत्त पानी सुक्दैन ।"

'एउटा कथा के सुनाएको थिएँ । साँच्चै हो भन्दै सबैलाई सुनाइस्, होइन ?" उत्तिस मजाले हाँस्यो, "तेरो बारेमा पनि सुनेको छु मैले । ढुङ्गाले मलाई सुनाएको छ । सुनाइदिऊँ ?"

"ओइ सुना न सुना !"बाख्राले हौस्याउन लाग्यो । चराले पनि उक्सायो । मलाई पनि खुब कौतूहत जाग्यो ।

"सुनौँ उत्तिस सुनौँ । कति मजाका कथा हाल्दा रहेछौ तिमीहरू त । अघिको कथा पनि राम्रो थियो ।" प्वाक्क बोलिहालेछु । लौ, सबै चिज चुपचाप भए । एकाएक त्यहाँ शान्त भयो । कोही बोल्ने, बातचित गर्ने केही भएन । "साँच्चै भनेको हुँक्या ! अघिको सबै कथा मैले सुनेँ । त्यो त सुनिसकेँ । अब अर्को सुन्दा के फरक पर्‍यो र ! ल सुनाऊ कथा । तिमीहरूले भनेका कथा, तिमीहरू बोलेका कुरा म कसैलाई भन्दिनँ । लौ न, कथा सुनौँ !" म एकोहोरो बोलेँ ।

मेरा कुरा उनीहरूले विश्वास गरे । "यात्री, हाम्रा कुरा अरूसँग गर्दै नहिँड्नु है ?" कुवाले अनुरोध गरी । बाख्रा, चरा, रूख, पानी सबैले अनुरोध गरे ।

"हुन्छ, म कसैलाई केही भन्दिनँ ।" मैले उनीहरूलाई विश्वास दिलाएँ । त्यस पछि त म उनीहरूको साथी भएँ । उत्तिसले पानीको कथा सुनाउन लाग्यो । हामी सुन्न लाग्यौँ । साह्रै रमाइलो पो भयो ।

"यी पानी बग्दै समुन्द्रमा किन जान्छन् थाहा छ ...?" उत्तिसले कथा सुरू गर्‍यो ।

"ओहो ओहो ! उनीहरूले सुनाएका कथा तपाईँहरूलाई पनि पो सुनाएँ । गल्ती पो गरेँ कि ? ठिकै छ । कथा न हुन् । सुनाएँ तर तपाईँहरू चाहिँ कुवा, रूखहरूलाई सोध्दै नहिँड्नुस् नि ! एक त उनीहरूले सबैलाई कथा सुनाउँदैनन् । अर्को चाहिँ कसैलाई नभन्नु है भन्दै मलाई भनेका छन् । उनीहरू मसँग पनि रिसाउलान् । किनकि, उनीहरूको कुरा कसैलाई सुनाउँदिन भनेको थिएँ नि त । हुन्छ हगि?

"हुन्छ त ? हुन्छ भने म उनीहरूले भनेको कथा सुनाउँछु । हुँदैन भने त सुनाउँदिनँ नि । ल भन्नुस् के गरौँ ?"

◆◆◆

निबन्ध

# चिठी लेख्नुको अर्थ



✍ **दशराज शाक्य**

कागजमा लेखिने चिठीहरू खाली चिठीपत्र मात्र होइन, त्यो आफ्नो समयको अभिलेख एवम् दस्तावेज हो । जसमा अनुराग, पीडा, स्मरण, इच्छा, आत्मीयता, विछोडको दुःख र मिलनको आश हुने भएकोले समकालीन लोक संस्कृति झैँ सबै जीवन्त रहेको हुन्छ। एक एक शब्दमा हजारौँ भावहरूको गाँठो बाँधिएको हुन्छ।

पुरानो जमाना यस्तै पचास वर्ष अघि आफ्नो आत्मीय आफन्तको चिठी जब आउँछ त्यो पढेर महसुस हुन्छ कि नजिकै बसेर गफ गरे जस्तो, ख्याल ठट्टा गरे जस्तो लाग्दथ्यो तर अगाडि केही देखिँदैन। त्यस्तै त्यो वेला दैनिक पत्रिकामा पत्रमित्र, पेनपल छापेको हुन्थ्यो, त्यसमा आफूलाई मन परेको नाम ठेगाना टिपेर चिठी लेखेर पठाउने र मित्रता झल्काउने गाँस्ने गरिन्थ्यो पनि। त्यति मात्र होइन त्यो वेला पत्रमित्रता मार्फत् बिहे गरेको खबर पनि पढ्न पाइन्थ्यो त्यसकारण बिहे गरेर विदेश गएको मायालु एवम् दुलाहाको चिठीपत्र आउँदा हर्षले गद्गद् भइ बारम्बार पढ्ने गरिन्थ्यो पनि।

पहिलेका पिँढीहरूलाई थाहा हुन्छन् कि कुनै चिठीको पर्खाइमा कति रोमाञ्च हुन्छ या कति तडप हुन्छ भनेर। जब चिठी हातमा लाग्छ तब खुसीको साथसाथै आफ्नो शरीर नै हलुका भएको महसुस हुन्छ। यही हो चिठीपत्र लेख्नुको जादु र चिठी पाउनुको परम् आनन्द। आजकलको मोबाइल जमानामा यस्तो चिठीपत्र लेख्नु र पाउनुको आनन्द आजको पिँढीले पाएको छैन होला भन्नु पर्दा दुःख लाग्नेछ।

वास्तवमा भन्ने हो भने चिठीपत्र लेख्नु एक प्रकारको कला हो, आफ्नोपनाको शैली हो । जब मान्छेले आफ्नो मनको कुरा कागजमा व्यक्त गर्छ त्यसलाई पढेर आनन्द महसुस गर्छ र पढ्नेको मनमा गहिरो स्मृतिको छाप अंकित भएको हुन्छ। आजको मोबाइलमा भएको 'च्याट बक्स' मा टाइप गरेको कुरा भन्दा पनि कता कता स्थायी र प्रभावी भएको महसुस हुन्छ। हातले लेख्ने चिठीपत्रले मान्छेको दिमागमा असर परेको हुन्छ, चाहे त्यो राम्रो या नराम्रो असर होस् । चिठीपत्र लेख्ने बेलामा लेख्नेको दिमाग एकोहोरो, एकाग्र भएको हुन्छ । आकर्षक शब्द चयन गरेर लेख्ने बेलामा दिमागले

गम्भीररूपले विचार गरेको हुन्छ भने कलम हातमा ठप्प अडिरहेको हुन्छ।

यसरी चिठीपत्र पत्र लेख्नु भनेको दिमागको अभ्यास पनि हो । जब पत्र लेख्न सिद्धिन्छ त्यो वेला मन पनि एकप्रकारले आनन्द खुसी भएको हुन्छ, त्यस्तो आनन्द खुसी अमूल्य मान्नु पर्छ । साथै उक्त पत्रले आफ्नो मनलाई पनि टाढा पुर्याइदिन्छ। जस्तै, मेसेन्जरमा टाइप गरेको कुरा सिद्धिनासाथ मन हलुका हुनुका साथै छुट्टी लिएको महसुस हुन्छ र एकछिन पछि के के टाइप गरेको हो भन्ने पनि बिर्साइदिन्छ । जसलाई आजकल' डिजिटल मेसेज' भनिन्छ, त्यो त्यति प्रभावशाली हुँदैन जति कागजमा लेखेको चिठीपत्र झैँ ।

हातले लेखेको चिठीपत्रको अलग्गै महत्व छ, त्यो भन्दा विद्वान, नेता या महान व्यक्तिले लेखेको पत्रलाई धरोहर मान्ने गरिन्छ। विक्रम सम्वत् २०२९/३० साल ताका हामीलाई १० कक्षामा पढाएको 'Neharu's Letter' भन्ने पुस्तक छ जुन पुस्तक वास्तवमा चिठीपत्रहरूको संग्रह हो । जुन पुस्तक जवाहरलाल नेहरूले आफ्नो छोरी इन्दिरा गान्धीलाई लेखेको पाठ्य योग्य चिठीहरू हुन् । त्यो अंग्रेजी पुस्तकमा उपलब्ध छ जसलाई नेपाल भाषामा पनि अनुवाद गरी "म्ह्यायया नामय् बौया पौ" भन्ने पुस्तक निकालिएको रहेछ। अनुवादक को हो भन्ने स्मृतिमा रहेन ।

कुनै ठूलो मान्छेले कुनै साधारण मान्छेलाई हातले लेखेर चिठीपत्र पठाएको छ भने त्यसलाई अमूल्य सम्पदाको हिस्सा मान्ने गर्छ। त्यो पत्रलाई जीवनभर सम्हालेर राख्ने गर्छ, जुन जीवित भावना हुन् ।

आजकल पत्रपत्रिकामा चिठीपत्र लेखेर पठाउने चलन छ जुन चिठीलाई महत्वपूर्ण र सामयिक ठानी पत्रिकामा छापिदिने गरेको पनि पाइन्छ। 'सम्पादकलाई पत्र', 'पाठकको पत्र' र ' पत्रांश' आदि नामकरण गरेर पत्रपत्रिकामा अलग्गै स्तम्भ राख्ने गरेका पाइन्छन् ।

चलचित्रमा पनि चिठी पठाउने र आएको चिठी पढ्ने गरेको पाइन्छ मनभित्र खुसी साट्ने र मनोभाव व्यक्त गरेका दृष्यहरू । त्यस्तै नेपाली टेलिफिल्म 'उजेली' मा चिठी आएको पढी दिन एकजना बालिकाले गाउँकी दिदीलाई बोलाउँछे, जुन दिदी खेतमा काम गरिरहेकी थिइन् । उक्त दृष्य असाध्यै रमाइलो लाग्छ नै। चिठी लेख्नुको महत्व धेरै रोमाञ्चकारी छन्, आजको यथार्थ त्यस्तै हुन् । ◆◆

रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट WWW.nepalpolice.gov.np मा समेत सुन्न सकिने छ ।

# सहानुभूतिबाट जिम्मेवारीसम्मः आत्महत्या रोक्न सामाजिक सञ्जालको सचेत प्रयोग



✍ प्र.स.नि. जिवन बिष्ट

सामाजिक सञ्जाल अहिले हाम्रो जीवनको दैनिक डायरी बनेको छ। हामी खुसी छौँ भने पनि, दुःखीमा छौँ भने पनि, हाम्रो पहिलो प्रतिक्रिया सामाजिक सञ्जालमै देखिन्छ। तर कहिलेकाहीँ त्यही सामाजिक सञ्जाल जीवनलाई सहज बनाउन होइन, संकटमा पार्ने माध्यम बन्छ। अहिले नेपालमै बढ्दो क्रममा रहेका आत्महत्याका घटनाहरू हेर्दा धेरै जसो पोस्ट र भिडियोहरू प्रेममा असफलता, पारिवारिक तनाव वा अन्य व्यक्तिगत समस्यासँग जोडिएका देखिन्छन् । अझ चिन्ताको कुरा के हो भने, यस्ता घटनाहरूलाई सामाजिक सञ्जालमा रोमाञ्चक वा भावनात्मक शैलीमा प्रस्तुत गर्न थालिएको छ। "अब म पनि जान्छु","दुनियाँले हाम्रो माया बुझेन" जस्ता स्टाटसहरू फोटो वा भिडियोसँगै राखिन्छन्। त्यसपछि त्यही सामग्री TikTok, Facebook वा YouTube मा भाइरल हुन्छ । दर्शकहरू कमेन्ट गर्छन्, बिचरा, साच्चिकै माया थियो, सहानुभूतिको वर्षा हुन्छ। तर यस्ता पोस्टहरूले मानसिक रूपमा कमजोर रहेका अरूलाई के सन्देश दिइरहेका छन् ?

मनोविज्ञान भन्छ, यस्तो प्रस्तुतिले अरूलाई पनि त्यस्तै गर्न प्रेरित गर्न सक्छ। यसलाई Werther Effect भनिन्छ।

यो प्रभावको नाम १७७४ मा प्रकाशित Goethe को प्रसिद्ध उपन्यास The Sorrows of Young Werther बाट आएको हो। उपन्यासको मुख्य पात्रले प्रेममा असफल भएपछि आत्महत्या गर्छ। उपन्यास प्रकाशित भएपछि युरोपमा धेरै युवाले उसकै जस्तै आत्महत्या गरे। त्यसबेलादेखि नै यो प्रभावलाई "Werther Effect" भनिन थालियो। सन् १९७४ मा समाजशास्त्री डा. डेविड फिलिप्सले पहिलो पटक यसलाई वैज्ञानिक रूपमा प्रमाणित गरे । उनको अनुसन्धानले कसैको आत्महत्या सम्बन्धी समाचार सार्वजनिक भएपछि केही हप्ताभित्रै त्यस्तै घटना बढ्छ भन्ने देखायो । विशेष गरी यदि आत्महत्या गर्ने व्यक्ति चर्चित वा सेलिब्रेटी हो भने, यसको असर अझ गहिरो हुन्छ। किन यस्तो हुन्छ ? कारण स्पष्ट छ। जब मानिसले आत्महत्या गर्ने व्यक्तिको कथा

सुन्छ वा पोस्ट पढ्छ उनीहरू त्योसँग पहिचान (Identification) गर्छन् । आत्महत्या समाधानको सामान्य उपायजस्तो सामान्यीकरण (Normalization) हुन्छ । कहिलेकाहीँ आत्महत्यालाई प्रेमपूर्ण वा साहसी कार्यजस्तो रोमाञ्चक चित्रण (Romanticization) गरिन्छ । अनि मानसिक रूपमा कमजोर व्यक्तिमा यसको असर घातक रूपमा बलियो (Vulnerability) हुन्छ । आज सामाजिक सञ्जालले यसलाई झन् व्यापक बनाएको छ । Goodbye पोस्ट, उदास गीतसहितको TikTok, श्रद्धाञ्जली भिडियो यी सबै सहानुभूतिका नाममा नकारात्मक प्रेरणा दिइरहेका छन् । हामीलाई लाग्छ, हामी सहानुभूति जनाइरहेका छौँ । तर कहिलेकाहीँ त्यही सहानुभूति अर्को जीवन समाप्त गर्ने कारण बन्छ ।

**यसको समाधान के हो ?**

मनोविज्ञानमा यसको उल्टो प्रभावलाई Papageno Effect भनिन्छ । Mozart को ओपेरा The Magic Flute को पात्र Papageno आत्महत्या गर्न लाग्छ, तर उसका साथीहरूले उसलाई वैकल्पिक समाधान देखाउँछन् । त्यसैले Papageno Effect भन्नाले गम्भीर तनाव भए पनि आत्महत्या नगरी जीवन रोज्ने प्रेरणादायी कथाले अरूलाई पनि आशा दिन्छ भन्ने बुझिन्छ । हामीलाई चाहिएको यही हो Werther Effect फैलाउने होइन, Papageno Effect जगाउने । हाम्रो पोस्ट, भिडियो वा स्टाटसले कसैलाई आत्महत्या नगरी जीवन रोज्न प्रेरित गर्नुपर्छ । त्यसका लागि हामीले निम्न कुराहरूमा विशेष ध्यान पुऱ्याउन सक्छौः

- सामाजिक सञ्जालहरूमा आत्महत्या सम्बन्धी समाचारलाई glorify गर्न बन्द गर्नुपर्छ।
- तथ्यमा आधारित संवेदनशील रिपोर्टिङ आवश्यक छ।
- प्रत्येक समाचार वा पोस्टसँगै हेल्पलाइन नम्बर उल्लेख गर्नुपर्छ र सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले भावनामा होइन, जिम्मेवारीका साथ पोस्ट गर्नुपर्छ।

जीवनमा समस्या आउँछन्, प्रेममा धोका हुन सक्छ, पारिवारिक तनाव हुन सक्छ, आर्थिक कठिनाइ हुन सक्छ, तर त्यसको समाधान आत्महत्या भने हुँदै होइन कसैको लागि मर्नु महान होइन, आफ्ना लागि, आफ्ना परिवारका लागि, आफ्नो भविष्यका लागि बाँच्नु नै महान हो । यदि तपाईं वा तपाईंको चिने जानेको कोही मानसिक तनावमा हुनुहुन्छ भने यि नम्बरमा सम्पर्क गर्न सक्नुहुन्छ ।

📞TPO Nepal (टोल-फ्री): १६६०-०१-५०००५ 📞Pahilo Kadam हेल्पलाइन: ९८०१५७५५५३

एक पोस्टले अर्को जीवन खोस्न नदिऔं, सहानुभूतिलाई जिम्मेवारीसँग बाँधौं, आशाको कथा लेखौं, मृत्यु होइन जीवन रोजौं।◆◆

बालकथा

# छोटुको जुक्ति

रामपुरको जङ्गलमा एकजोडी गैंडा बस्थे । उनीहरूको एउटा सानो केटो थियो । उसको नाम छोटु थियो । ऊ निकै चलाख थियो । जङ्गली जनावर र शिकारीहरूले आक्रमण गर्ने डरले उनीहरू छोटुलाई धेरै टाढा जान दिँदैनथे । तर छोटु भने धेरै टाढा टाढासम्म  घुम्न जान मन गर्थ्यो ।

एकदिन आमाबाको आँखा छलेर छोटु निकै परसम्म घुम्न गयो । साँझ पर्न लागिसकेको थियो । छोटु भने निकै रमाउँदै डुलिरहेको थियो । अँध्यारो हुन लागिसकेको थियो । उसलाई अनायसै आमाबाले टाढा एक्लै नजाऊ भनेको सम्झना आयो । ऊ हतार हतार गरेर फर्कदै थियो । बाटोमा उसले शिकारीहरूको समूह देख्यो । उसलाई निकै डर लाग्यो । शिकारीहरूले भेटे भने मार्छन् भनेर आमाबाले भनेको कुरा उसलाई याद आयो । उसले ती शिकारीहरूबाट कसरी भाग्ने होला भनेर मनमनै सोच्यो ।

ए ! छोटे त हतार हतार कहाँ गएर आएको हँ एक्लै ? अब त हाम्रो शिकार हुने भइस्, शिकारीको नाइकेले भन्यो । तँ अलि सानै छस् । शिकार त तेरो आमाबाको गर्न मन थियो  । तर के गर्नु तँ फेला परिस्,सानै भए पनि केही छैन भन्दै शिकारी समूहको



✍ **देवकी के.सी.**

अर्को नाइकेले छोटुलाई बन्दुक तेर्सायो ।

छोटुको मनमा निकै डर थियो । तर कत्ति पनि डर नभएझैं गरी उसले शिकारीहरूबाट बच्ने जुक्ति लगायो । उसले नम्र हुदै भन्यो-शिकारी दाइहरू म अलि पर घुम्न गएको थिए । मैले त सैनिकहरूको समूह बन्दुक बोकेर जङ्गलमा आफै भएतिर आउँदै गरेको देखे । मलाई त ती सैनिकहरूको समूह देखेर नै डर लाग्यो । लौ म मर्नु नै छ भने तपाईंहरूको हातबाट नै मर्छु । मलाई मार्ने भए मारिहाल्नुस्, शिकारी दाइ सैनिकहरू यता आइरहेका छन् । फेरि सैनिकहरू आइपुगे भने तिनीहरूले तपाईंहरूलाई पनि देख्न सक्छन् । छोटुको कुरा सुनेर शिकारीहरू आबुइ सैनिकहरू यता आउँदै छन् रे । हामीहरू पनि भागौ फेरि सैनिकहरूले हामीलाई भेटे भने पक्रेर लैजान्छन् । यो छोटे अलि सानै छ, यसलाई आज त्यतिकै छाडिदिउ भन्दै शिकारीहरू त्यहाँबाट भागे ।

शिकारीहरूबाट मुक्ति पाएपछि छोटुले लामो श्वास फेर्यो । अनि दर्गुर्दै आमाबा भएको ठाउँमा पुग्यो । आमाबा छोटेलाई नदेखेर पिरोलिएका थिए । छोटुलाई देख्ने बित्तिकै उनीहरूले खुसी हुँदै छोटुलाई चुम्बन गरे । छोटुलाई एक्लै कहाँ गएको । हामीले तिमीलाई कतै नजाऊ । खतरा हुन्छ भनेको होइन भन्दै आमाबाले उसलाई गाली गरे । छोटुले आमाबालाई सबै कुरा भन्यो । सानो भए पनि छोटुले जुक्ति निकालेर आफ्नो ज्यान बचाउन सकेकोमा आमाबा निकै खुसी भए । यसरी अबदेखि एक्लै टाढा कतै नजानु भनेर उनीहरूले छोटुलाई सम्झाए । आमाबाको कुरामा ध्यान नदिई आफूखुसी गएर दुःख पाएको र अबदेखि तपाईंहरूले भनेको मान्छु भनेर छोटुले बाचा गर्यो । त्यसपछि उनीहरू सबै खुसी भए । ♦

कविता

# खुसी



✍ **प्र.स.ह.प्रेमा भुषाल**

कतै बास नहुनेहरू बास पाउँदा खुसी हुन्छन्
वृद्ध बाआमा सन्तान घरमा आउँदा खुसी हुन्छन्
महलमा बस्नेहरू खुसी होलान् घर टल्काउँदा
झुपडीमा बस्नेहरू खरले छानो छाउँदा खुसी हुन्छन् ।

एक जोर कपडा फेर्न विदेश पलायन हुनेहरू
आफ्नै आर्जनले किनेका लुगा लगाउँदा खुसी हुन्छन्
शहरका गल्ली गल्लीमा डुल्नेहरू
सोह्र श्रृङ्गारले सजिन पाउँदा खुसी हुन्छन् ।

माया ममताको विश्वास गर्नेहरू
आमाको काखमा लुटपुटी गर्दा खुसी हुन्छन्
धर्ममा विश्वास राख्नेहरू
मन्दिरको लाइनमा बसी पूजा गर्दा खुसी देखिन्छन् ।

पैसा कमाउन हिंडेका बटुवाहरू
बेलुका घरमा फर्किंदा खुसी हुन्छन्
गजब त यो छ कि कोही अनायासै खुसी देखिन्छन्,
कोही मनग्य धन- सम्मानमा पनि खुसी देखिदैनन् ।

# अबको यात्रा कता ?



✍ प्र.स.नि.सुर्यध्वज तामाङ

तिमी त जागिर खाइराछौ देशमै, मेरो त छोराछोरी सबै विदेश गए बाबु, बेला बेलामा बोल्न पाइन्छ फुनमा त्यति मात्र हो। गफगाफको क्रममा मधुरो आवाजमा माइला बाले भन्नुभयो, “के गर्नु बा, सबैले आ-आफ्नो कर्म गर्नै पर्छ । ऊ आफ्नो ठाउँमा मिहेनत गरिराखेको होला । फेरि देशमा बसेर पनि के नै गर्ने हो र, सधैंको बन्द-आन्दोलन अनि अनिश्चित भविष्य बाहेक केही छैन यहाँ” ।

काठमाडौंमा भएको हिंसात्मक जेनजी आन्दोलनबाट केही समयको लागि मुड फ्रेस बनाउन म गाउँ पुगेकै दिन माइला बाको घर पुगेको थिए। राष्ट्रसेवक प्रहरीसहित दर्जनौको ज्यान जाने गरि भएको आन्दोलनले क-कसलाई कति फाइदा पुग्यो, देशलाई कति फाइदा पुग्यो त्यसको मूल्याङ्कन समयले नै गर्ला तर त्यस दिन जे भएको थियो त्यो पक्कै पनि सामान्य कुरा थिएन । तपाईं म सबैजना कुनै न कुनै रूपमा त्यस घटनाको हिस्सा हौं। जिम्मेवारी निभाउने क्रममा, राष्ट्रलाई योगदान गर्ने कुरामा कहाँकहाँ गल्ती भए, कति स्वविवेक प्रयोग गरियो भन्ने कुरा केवल आफ्नो आत्मालाई नै थाहा होला । अनि बा, रोहनले पैसा पठाउछ त ? “अँ पठाउँछ बाबु अस्ति पल्लाघरे श्यामको खातामा १ लाख पठाएको रहेछ, आफ्नो त बैंक खाता पनि छैन, अनि जागिर कस्तो चलिराछ त बाबु ? बाले मलाई प्रश्न गर्नुभयो। “अँ ठिकै छ बा” । राम्रो गर्यौ बाबु। रोहनलाई पनि पढेर सरकारी जागिर खा भनेको मैले, मान्दै मानेन । “ए किन त बा ? मैले प्रश्न गरे । खै पेन्सन पनि आउदैन रे, तलब पनि पुग्दैन रे भन्यो, लखर लखर डुलेर हिँडिरन्थ्यो। पछि त एकैचोटी मेरो भिसा लाग्यो बुबा म विदेश जान्छु अब भन्यो। अब देशको हालत यस्तो छ बाबु। नजाउ भन्न पनि सकिन । तिमी र रोहन त सानोबेलादेखिको मिल्ने साथी होइन ? जाने बेलामा भेटेन उसले ?

“मलाई फोन त गरेको थियो बुबा, उसको फुर्सद मिलेन क्यारे अनि भेट्न पाइन” मैले बाको मन राख्नकै लागि भए पनि बनावटी जवाफ फर्काए। रोहन, मेरो बालापनको साथी। गाउँभरिमा मेरो

उमेर समूहको ऊ मात्रै एकजना थियो जो मेरो मनको करिब थियो । जोसँग मैले मेरो बालापन बिताएको थिए । विद्यालय पढ्ने बेलामा उत्पट्याङ काम त कति गर्यौं गर्यौं हिसाब नै छैन । रोहन र म मिलेर पारी अर्जुन दाइको खुर्पानी चोर्दा रंगे हात समातिएको, खोलामा पाहा समात्दा समात्दै रात परेको अनि आमाको कुटाई खाएको याद अझै पनि मनसपटलमा झलझल आइरहन्छ । ठुलो भएपछि अर्जुन दाइलाई पिट्ने योजना नबनाएको पनि होइन । तर उमेर बढ्दै गएपछि बालापनका कुरा त याद मात्रै त रहेछन् । गोजीमा गुलेली कहिल्यै नछुट्ने अर्जुन दाइ उमेरमा हामीभन्दा ५ वर्ष जेठो हुनुहुन्थ्यो । स्कुल जान अल्छी लागेपछि उहाँले ४ कक्षाबाटै स्कुलबाट सन्यास लिईसक्नु भएको थियो । गाउँमा घर बनाउने, सडक बनाउने लगायतका काममा उहाँको काकासँगै जाने गर्नुहुन्थ्यो । उहाँको काका गाउँकै सिपालु कर्मिमध्येमा गनिनुहुन्थ्यो । यस्तै धेरै किस्साहरूबिच रोहन र मेरो बाल्यकाल बितेको थियो । आज धेरैपछि म आफ्नो जन्मथलो पुग्दा ती सँगै खेलेका मैदानहरू, डाँडा र खोल्साहरू केही नौलो देखिन्थे तर हामीले सँगै खेलेका रमाएका यादहरू भने ताजा भइरहेका थिए । रोहनको बुबा उमेरले ६५ भइसक्नुभयो । सानैदेखि म माइला बालाई बा भनेर नै सम्बोधन गर्ने गर्थे । सानोमा मैले बा भन्दा “म बुढो भएको छैन बा भन्दा बुढो भएझै लाग्छ” भन्ने माइला बा अहिले भने साँच्चै बुढो देखिनु भएको थियो । आफै पनि भन्दै हुनुहुन्थ्यो “उमेरले नेटो काटिसक्यो छोराको बिहे गरेर मर्न पाए आनन्द हुन्थ्यो बा” जिम्मेवारी नै त होला सायद । उहाँको एउटै रहर थियो रोहनको विवाह गरिदिने । बज्यैको निधनपछि माइला बा पूरै फेरिनु भएको थियो । हामी त्यस समय १० कक्षामा पढ्दै थियौ । बर्खाको समयमा रोहनको आमाले संसार छोडेको दिन, पानी परेको दिन, अनि रोहनले २ हप्तासम्म स्कुलमा पाईला नराखेको दिनहरू । माइला बाका दुई सन्तानमध्ये रिता दिदी बिहे गरेर भिनाजुसँगै अमेरिकामा बस्दै आउनुभएको छ रे । फेसबुकमा कहिलेकाहीँ फोटोमा हुने लाईक कमेन्ट बाहेक मसँग पनि खुलेर कुराकानी नभएको धेरै वर्ष भइसकेछ । हुन पनि उहाँको बिहे हुने बेला हामी सानै थियौ । बिहे पनि सामान्य टिकाटालो भएको सम्झना छ । त्यसपछि उहाँ अमेरिका जानुभएको थियो । एसईई सकिएपछि रोहन र हाम्रो बाटो अलग्गिएको थियो । एसईईको दोस्रो ब्याच हामी । त्यस समय एसईई भर्खर सुरू भएको हुँदा त्यसको महत्व खासै धेरै छैन भन्ने हल्ला सुनिन्थ्यो “फेल नै हुँदैन रे सि प्लस ल्यायो भने त पुगिहाल्छ रे” यस्तै हल्ला सुनिन्थ्यो । हामी दुबै पढ्नमा अब्बल थियौ । दुबैले राम्रो अंकमा परीक्षा पनि

पास गर्यौं । काठमाडौंमा आएर पत्रकारिता पढ्ने सोच थियो मेरो सानैदेखि । रेडियोमा सानैबाट बिबिसी नेपाली सेवा, सिआईएन र उज्यालो रेडियो नेटवर्कको समाचार नछुटाउने म, पत्रकारिता पढ्न उत्साहित थिए । अर्कोतर्फ रोहनको बुबाले उसलाई गाउँमै पढाउने बिचार गर्नुभएछ । पछि रिता दिदीले बनेपामा आफूसँगै राखेर रोहनलाई पढाउने कुरा राखेपछि माइला बाले मान्नुभएको थियो । कलेजको पहिलो दिन १६ वर्षको कलिलो उमेर, नयाँ शहर, नयाँ परिवेश र अपरिपक्व क्षमता । दाइले मलाई स्वयम्भु नजिकै प्राइभेट कलेजमा भर्ना गराईदिनुभएको थियो । बिस्तारै म शहरको माहोलमा अभ्यस्त हुँदै गए । कलेज जाने कोठामा फर्किने र शहरमै चिनेका साथीसँग घुम्न निस्किने । नयाँ सम्बन्ध बनाउन सक्नु, घुलमिल हुन सक्नु पनि मानिसको गुण हो । तर कस्तो र कुन अवस्थामा कोसँग घुलमिल हुने भन्ने कुराले धैरै महत्व राख्ने रहेछ । फेसबुकबाटै सयौं जना साथीहरू काठमाडौंमा बनिसकेका थिए । रोहनसँग पनि बेलाबेलामा कुराकानी हुन्थ्यो । तर कहीं न कतै सम्बन्धमा दुरी थपिएको महसुस हुन्थ्यो । हुन त घर जाँदा बनेपा हुँदै जानुपर्थ्यो । तर पनि हाम्रो भेटघाट लुकामारी खेल जस्तै भइसकेको थियो । प्लस टु सकेपछि म पत्रकारिता पेसामै आबद्ध भइसकेको थिए । कलेजमा पढाउने एकजना म्यामले नै मलाई एउटा खेलकुद सम्बन्धी अनलाइन पोर्टलमा जागिर लगाइदिनुभएको थियो । "सुरूमा ४ हजार खाजा खर्च दिन्छौ भाइ, काम सिकेपछि बढाउला नि है" उक्त अनलाइन पोर्टलका सम्पादक दाइले भन्नुभएको थियो ।

१३औं दक्षिण एसियाली खेलकुदको समय, नेपाल र भुटानको खेल हेर्न दशरथ रंगशाला दर्शकले खचाखच भरिएको थियो । रंगशालाको दर्शक क्षमताभन्दा धेरै मानिसहरू हुने देखिएपछि रंगशालाको गेट पनि बन्द भइसकेका थिए । भिडलाई चिर्दै म रंगशालाको मैदानतर्फ प्रवेश गर्न खोजिरहेको थिए । घाँटीमा कार्ड झुन्डिरहेकाले मलाई भित्र प्रवेश गर्न कुनै समस्या भएन । तर त्यो भिडमा क्यामेरालाई कसरी जोगाउने भन्नेमा मेरो ध्यान केन्द्रित थियो । म मेन गेटबाट छिर्दै सिधैं नेपाली खेलाडीको गोलपोष्ट नजिक गएर कुर्सिमा बसे जहाँ पहिलेबाटै क्यामेरा तेर्साएर फोटो ग्राफरहरू बसिसकेका थिए । रंगशालामा टिकट पाउन पनि मुस्किल भइरहेको बेला ग्राउण्डको मध्य भागमा यसरी क्यामेरा लिएर नेपालको खेल हेर्न पाउँदा म खुसीले गदगद् भएको थिए । १५ हजारभन्दा धेरैको संख्यामा रहेको दर्शकको "नेपाल-नेपाल" हुटिङले माहोल तातिरहेको थियो । केही हप्तामै म सोचेभन्दा धेरै राम्रो फोटो खिच्ने भइसकेको थिए । मलाई रंगशाला पुगेपछि

खेलाडीको साथसाथै दर्शकको हर्कत हे र्न रमाईलो लाग्थ्यो । दर्शकको हाँसो, भावुकता र खुसीलाई कैद गर्दा छुट्टै महसुस हुन्थ्यो । त्यस दिन पनि मैले धेरै दर्शकलाई आफ्नो लेन्समा कैद गरेको थिए । उनीहरूको भावनाको साथमा । खेलको पहिलो हाफ सकिएपछि म भिडलाई छिचोल्दै बाहिर निस्किएर चिया पसलमा पुग्नासाथ आफूले खिचेका फोटो छान्नमा व्यस्त थिए । यतिकैमा मेरो नजर एक फोटोमा पुगेर टक्क अडियो। हातमा नेपालको झण्डा लिएको युवकको जोश उसको आँखामा झल्किन्थ्यो । उसको जाँगर र भावुकता देख्दा यस्तो लाग्थ्यो कि यो देशलाई सबैभन्दा धेरै माया उसले मात्रै गर्छ। “नेपाल-नेपाल” नारा लगाउँदा उसको निधारमा ज्वाला चम्किएझैं देखिन्थ्यो। मैले फोटो जुम गरेर राम्रोसँग नियाले। रोहन! हो मेरो क्यामेराको लेन्समा कैद भएको युवक मेरै बालापनको साथी रोहन थियो। रोहन जो सानैदेखि देशलाई माया गर्थ्यो। सानोमा सबैभन्दा पहिले कक्षामा राष्ट्रिय गान भन्न सक्ने रोहन नै थियो । हामीलाई अल्छी लाग्ने इतिहासका कुरा रोहनले चाख लिएर सुन्थ्यो र जिज्ञासाका साथ प्रश्न गर्थ्यो पनि। सानोमा गुरूले ठुलो हुँदा के बन्ने भनेर सोध्दा रोहन गर्वका साथ ठुलो भएर ठुलो डाक्टर बन्छु र देशमै बसेर गरिब मानिसको निःशुल्क उपचार गर्छु भन्थ्यो । तर घरको आर्थिक स्थितिको अगाडि उसको त्यो बाल्यकालको सपना बाल्यकालमै सहिद भएका थिए । स्कुलबाट छुटेको लगभग ३ वर्षपछि मैले रोहनलाई देखेको थिए । त्यो पनि क्यामेराको लेन्समा। मैले तुरून्त म्यासेन्जरमा उसलाई फोन गरे। मानिसहरू धेरै भएर होला नेटवर्कले काम गरिरहेको थिएन । तैपनि मैले उसलाई आफू पनि रंगशालामा भएको र खेलपछि भेट्न लोकेसन दिए। नेपालले खेलमा शानदार प्रस्तुती दिँदै विजयी हासिल गर्यो । मेरो लागि भने नेपालको जितसँगै आफ्नो बालापनको साथीसँग धेरै वर्षपछि भेट्न पाउँदा भिन्नै अनुभूति भइरहेको थियो।

“तँ त ख्याउटे भएछस् त रोहन ? “तँ चै मोटाएछस् त काठमाडौंको हावाले हो ? मेरो प्रश्न सकिन नपाउदै रोहनले प्रतिप्रश्न गर्यो ।” गाउँबाट शहर छिरेपछि त बोल्नै छाडिस्, नयाँ साथीहरू भेटेर त होला नि है ? “त्यस्तो होइन नि, तैँले पनि बोलाउदा हुन्थ्यो त, मलाई मात्र भन्छस्। जाम हिँड खाजा खाँदै कुरा गरौ” मैले एकअर्काको आरोप प्रत्यारोपलाई बिट मार्दै उसलाई खाजा खाने ठाउँमा लिएर गए।

कुराकानीकै सिलसिलामा रोहनले आफ्नो दैनिकी, कलेज लगायतका कुराहरू सुनायो। मैले पनि काठमाडौं आएदेखिको अनुभव सुनाए । हामी दुईजना युद्धमा नयाँ जीवन प्राप्त गरेर फर्किएको सिपाही

जस्तो आफ्नो भावना र कथाहरू सुनाइरहेका थियौ । "अनि के हो क्यामेरा बोकेर तँ पत्रकार महोदय भएछस् त ?

"हैन मैले यही विषय पढेको भएर, यतै तिर लागियो । ए अनि हेर त मैले तेरो फोटो खिचेको छु"

"मेरो फोटो ? खै खै"

"ओहो दामी आएछ है, मलाई पठाइदेउ ल म प्रोफाइल हाल्छु भोलि" ।

यस्तै कुराकानीकै क्रममा रोहनले कमजोर आर्थिक अवस्थाकै कारण आफूले चाहेको विषय पढ्न नपाएको गुनासो गर्यो । "जसले जे भने पनि लास्टमा पैसामै आएर कुरा अड्किने रहेछ, हामी जस्तो पैसा-पावर नहुनेले त यो देशमा केही गर्न सक्छ जस्तो लागेन" । धेरै वर्षपछिको हाम्रो भेट बालापनको कुराकानी भन्दा धेरै देशको राजनीति, भविष्य लगायतका विषयमा तर्क वितर्कमा केन्द्रित थियो । सायद परिपक्वता झल्किएको हुनुपर्छ । खाजा खाएर हामी फेरि भेट्ने र फोन कलमा कुरा गर्ने सर्तमा छुट्यौ । त्यसको केही समयसम्म हाम्रो कुराकानी हुन्थ्यो । तर केही महिनापछि रोहनको फोन अफ आयो । फेसबुक पनि डिएक्टिभ गरेको रहेछ । उसका नजिकको साथीलाई सोध्दा रोहनले मोबाइल बोक्न छाडेको र आफूहरूसँग पनि नबोलेको धेरै भयो भन्ने जवाफ फर्काए । एक हिसाबले सम्पर्क नै टुट्यो ।

माघको महिना थियो । रोहनसँग नबोलेको धेरै भइसकेको थियो । म भरतपुरको मैदानमा "सतर्क-गोडाफाट" मा व्यस्त थिए । म प्रहरीमा भर्ती भएको कुरा रोहनले थाहा पायो कि पाएन होला ? के गर्दै होला ऊ ? तालिम केन्द्रमा प्रवेश गरे पछि केही महिनासम्म मलाई यस्तै कुराले सताइरह्यो । पिटी, परेड, निरीक्षण....... यस्तै यस्तै गरि दैनिकी बितिरहेको थियो । तालिम सुरू भएदेखि नै मोबाइल प्रयोग गर्न रोक लगाइएको थियो । त्यो तालिमको एक अंग नै थियो । तालिमको कठोर कन्फाईन्मेन्ट पिरियड सकिएपछि पहिलोपटक हामीलाई मोबाइल दिइएको थियो । हामी तालिम केन्द्र भित्र तालिममै व्यस्त थियौ । बाहिरी दुनियाँबाट छुट्टै, अनभिज्ञ । फोन पाएको पहिलो मिनेटमै घरमा फोन गरेर कुराकानी गरे । त्यसपछि मोबाइलमा एमबि लिएर फेसबुक खोले । धेरै साथीहरूले हालखबर सोधेका रहेछन् । कसैको त बधाईको म्यासेजको जवाफ पनि फर्काउन भ्याएको रहेनछु । म्यासेज बक्स स्क्रोल गर्दै जाँदा मेरो आँखा रोहनको म्यासेजमा पुगेर अडियो । उसले फेसबुक फेरि एक्टिभ गरेर म्यासेज गरेको रहेछ । मैले उत्सुकताका साथ उसको म्यासेज खोले- "के छ साथी ? तिमीलाई धेरै बधाई छ, सरकारी जागिरे भएकोमा । तिमी सानैबाट देशप्रेमी थियौ । तर यसको मतलब यो होइन कि म मेरो देशलाई माया

गर्दिन । देशलाई माया गर्नु भनेको देशको झण्डा बोक्नु मात्र होइन रहेछ साथी । देशको लागि कहीँ न कतैबाट सेवा गर्नु रहेछ। जुन अवसर तिमीलाई प्राप्त भएको छ । मैले पनि देशको सेवा गर्ने सपना नदेखेको त होइन तर तिमीलाई त थाहै छ। घरको सबै जिम्मेवारी मेरो काँधमा थुप्रिएको छ। बुबा दिनदिनै बुढो हुँदै हुनुहुन्छ। त्यहीमाथि ऋणको बोझले मेरो बुबाको काँध दिनदिनै गलिरहेको छ। मलाई पनि सरकारी जागिर खान, देशको सेवा गर्न मन थियो। तर मैलै देखेका, सुनेका र थाहा पाए अनुसार मेरो देशमा इमान्दार भएर परिवार पाल्न धेरै मुस्किल हुने रहेछ साथी । जाँदैछु, आज मेरो कतारको फ्लाइट छ। परदेशको भूमिमा के कस्ता समस्या आउलान् थाहा छैन तर म ती सबै चुनौतीको सामना गर्न तयार छु। सम्भव भएसम्म घर जाँदा मेरो घरमा पनि पुगिदेउ । देशले मलाई धेरै थोक दिएको छ । देशले मलाई पहिचान दिएको छ । स्वाभिमान दिएको छ। असफलता दिएको छ । नेपाल कहिले बन्छ थाहा छैन तर मैले पनि अब देशलाई केही दिन सक्नेछु। खाडीको चर्को गर्मीमा बग्ने पसिना मिश्रित रेमिट्यान्स म मेरो देशलाई दिनेछु, जसले मेरो देशलाई उर्वर बन्न मद्दत मिलोस् । कहिलेकाहीँ देशसँग पनि हामीलाई दिन राहदानी बाहेक केही नभएपछि सोच्नै पर्ने हुँदो रहेछ साथी। बोल्दै गरौला। देश सेवाका लागि तिमीलाई शुभकामना छ।"

"ए बाबु के सोचेको घोत्लिएर ? माइला बाको प्रश्नले म झसङ्ग भए । "केही होइन बा" । एकातिर देशको अवस्थाले पिरोलिएको मन, अर्कोतिर अफ्नो अनिश्चित भविष्यको विशाल चुनौती । देशको बद्लिँदो परिवेश, आन्दोलन र जागिरे हुँदाहुँदै पनि प्राप्त गर्न नसकेको आत्मसन्तुष्टिका माझ आफूसँग भएको समय, प्रतिष्ठा र क्षमताबिचको द्वन्द्वले पिरोलिएको मनलाई सम्हाल्नु बाहेक छ नै के ? माइला बालाई मैले आफूले तालिमको दौरान भोगेका दुःख, जागिरको अनुभव सबिस्तार सुनाए। उहाँले पनि मेरो कुरा बुझेझैँ गरि भन्नुभयो "के गर्नु त बा हाम्रो पालामा त यो जागिर पाउन पनि मुस्किल थियो, अहिले तिमीहरूलाई टिक्न मुस्किल परेको छ, यो देश कहिले पो राम्रो होला खै ?" उहाँको प्रश्नमा मैले देश प्रतिको नैराश्यता, गुनासोबाहेक केही भेटाउन सकिन । "म चिया बनाउछु बाबु, खाएर जाउ, तिमी आउँदा त मलाई आफ्नै छोरो आएजस्तो लाग्छ, ठिकै छ अलि दुःख त हुन्छ नै, पुलिसको जागिर पनि नराम्रो त होइन, विदेश जानेबारे चै नसोच्नु" कुरालाई बिट मार्दै चकटीबाट म उठ्दै गर्दा उहाँले अर्तिको भाषामा भन्नुभयो । "होइन बा, म भोलि काठमाडौँफर्किनु छ, डियुटी भ्याउन पुग्नुछ। म अहिलेलाई जान्छु"। मैले

माइला बालाई छुट्टीमा फेरि गाउँ फर्कने आश्वासन दिँदै त्यहाँबाट बिदा भए । बतासे डाँडाको विशाल पिपलको रूख जस्तै टक्क आँगनमा उभिएर माइला बाले मलाई पर नपुगेसम्म हेरिरहनुभएको थियो । बेलुका घर आईपुग्दासम्म पनि माइला बासँगको बातचितले मेरो मनमा प्रश्न चिन्ह खडा गरिरह्यो । अब के ? अबको गन्तव्य कहाँ ? देश साँच्चै विकास होला त अब ? यस्तै अवस्थाबाट गुज्रिरहने हो भने म जस्तै युवाहरू अझै राष्ट्रसेवाको लागि तत्पर होलान त ? के अबको यात्राको बारेमा सोच्नुपर्ने बेला भएको हो ? डाँडामा उभिएर कोशिपारिको डाँडालाई हेर्दै गर्दा मनमा उठेका कयौँ यस्तै प्रश्नको उत्तर म अझै पनि भेट्टाउन सकिरहेको छैन । भनिन्छ, भाग्यमा भएभन्दा धेरै र समयभन्दा अघि केही चिज प्राप्त हुँदैन रे । सायद कुनै दिन कुनै समय मैले पनि मेरा अनुत्तरित प्रश्नको जवाफ पाउनेछु । बस् त्यही क्षणको प्रतिक्षामा..............।

◆◆◆

कविता

# मगमग मनको



✍ **बिन्दु अधिकारी ढकाल**

तिमी मेरो लालीगुराँस
मगमग मनको
शीतल शान्त यो तनको
मझेरी फुलेका छौ

तिमी मेरो सयपत्री
सुनाखरी गोदावरी यो तनको
शिरपाउ सजेका छौ

तिमी मेरो धरोहर
धर्ती आकाश यो तनको
अटल विश्वास बढेका छौ

तिमी मेरो सपना विपना
तृष्णा यो तनको
चर्को तिर्खा चर्किएका छौ

तिमी मेरो बादल वर्षा
हुरी बतास यो तनको
आशा भरोसा बनिदिएका छौ

तिमी मेरो तेजहर्ष
उज्जर/उज्यालो यो तनको
सप्तरङ्गी इन्द्रेणी घोलिएका छौ

तिमी मेरो जून तारा
मगमग मनको
विश्वास माला फूलको
प्रतिक्षा ओइलाउने पो हो कि ?

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०४५ साल अङ्क, ३ को **प्रहरी द्वैमासिक प्रकाशनमा** प्रकाशित **प्र.नि. राजबहादुर बिष्टद्वारा लिखित 'बाल अपराधको रोकथाम'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।


*-सम्पादक*

बाल अपराधलाई कसैले "बाल दुराचार" वा "युवा अपचार" भनि नामाकरण गरे तापनि आधुनिक अपराधशास्त्रीहरूले "बाल अपराध" भन्ने शब्दहरू नै बढी प्रयोग गर्छन् । आजको बालक भविश्यको कर्णधार हुन् । तर विश्वको हरेक देशमा बाल अपराधको संख्या बढ्दै गैरहेको छ तापनि अमेरिका, ब्रिटेन जस्ता विकसित देशहरूमा बढी भयावह रूपमा यो समस्या देखापरेको छ ।

**परिभाषा**

बाल अपराधको  परिभाषा विभिन्न देशहरूमा उमेरको आधारमा भिन्नभिन्नै प्रकारले गरिएको छ । बाल अपराध बालकद्वारा गरिने अपराध भएको र हरेक राष्ट्रले आफ्नो संस्कृति, शिक्षा, जलवायु आदिको आधारमा बालकको उमेर तोकेको पाइन्छ । जस्तैः भारतमा १२ वर्ष, जापानमा २० वर्ष, थाइलैण्डमा १४ देखि १८ वर्ष, फिलिपिन्समा ९ देखि १५ वर्ष, ब्रिटेनमा ११ देखि १६ वर्ष, अमेरिकामा १८ देखि २१ वर्षका केटाकेटीलाई नाबालकको श्रेणीमा राखिएको छ । बालकलाई केही सजाय वा सजायमा पूरै छुट दिएको पाइन्छ ती देशका कानूनहरूमा । त्यस्तै गरी हाम्रो देश नेपालमा ८ वर्षदेखि १६ वर्ष मुनिका केटाकेटीलाई नाबालकको संज्ञा दिइएको छ । सो अनुसार (क) ८ वर्ष मुनिकाले अपराध ठहरिने कुनै काम गरेमा त्यस्तोलाई कुनै सजाय हुन सक्तैन । (ख) ८ वर्ष वा सो भन्दा माथि र १२ वर्ष भन्दा कम उमेरकोले जरिवानासम्म हुने अपराध गरेकोमा हप्काई छाड्ने र कैद हुने अपराध गरेकोमा कसुर हेरी २ महिनासम्म कैद गर्ने, १२ वर्ष वा सो भन्दा माथि र १६ वर्ष भन्दा कम उमेरकाले कुनै अपराध गरे उमेर पुगेको व्यक्तिलाई कानून वमोजिम हुने सजायको आधा सजाय हुनेछ ।

नाबालकले उमेर पुगेका व्यक्ति सरह आफूले गर्ने कामको प्रकृति र परिणाम थाहा नपाउने हुन्छन् । नाबालकहरूमा कुनै दुरासय नपाइने हुँदा यिनीहरूलाई सजायबाट माफी वा आंशिक सजायको व्यवस्था गरिएको छ ।




**डाक्टर**: "तपाईँलाई के समस्या हो ?"
**बिरामी**: "मोबाइल बिना जिन्दगी खाली लाग्छ !"
**डाक्टर**: "यो त सबैलाई हुन्छ, म पनि फेसबुक चलाउँदै उपचार गरिराछु !"

♦ ♦ ♦

**शिक्षक**: 'बिहान सबेरै उठेर के गर्नु पर्छ ?'
**विद्यार्थी**: 'पुनः सुत्नु पर्छ सर ! निद्रा अधुरो भयो भने पढाइमा मन लाग्दैन !'

♦ ♦ ♦

**छोरो**: "बाबा ! मलाई माया गर्नुहुन्न !"
**बुबा**: "ए त्यस्तो नबोल, मैले तँलाई फेसबुकको पासवर्ड पनि दिएको छु !"

♦ ♦ ♦

**शिक्षक** : चोरीको फल एकदम नराम्रो हुन्छ, त्यसैले कहिले पनि चोरी नगर्नु ।
**रामले बिचमै उठेर भन्यो**: सर हिजो मैले एउटा स्याउ चोरेर खाएको थिए त्यो त एकदम मिठो थियो त ।

♦ ♦ ♦

स्कुलको एउटा बिल्डिङ्गमा आगो लागेछ । स्कुलको सबै विद्यार्थी टाढाबाट हेर्दै "ल अब स्कुल आउनु परेन" भन्दै खुसी भइरहेका थिए । तर त्यही विद्यार्थीहरूको भिडमा एउटा विद्यार्थी उदास थियो त्यो देखेर **शिक्षकले सोधेछन्**:–बाबु तिमी किन उदास छौ ? अरु सबै त खुसी भइराखेका छन् त ?
**विद्यार्थी**: बिल्डिङ्गमा आगो लागेर के गर्नु सर, तपाईँ त जिउदै हुनुहुन्छ नि !!

♦ ♦ ♦

(**पति र पत्नी मन्दिर गएर फर्किदै** )
**पति** : तिमीले भगवानसँग के माग्यौ ?
**पत्नी** : तपाईँ र म सात जनमसम्म सँगै हुन पाउँ, अनी तपाईँले के माग्नु भयो नि ?
**पति** : यो हाम्रो सातौँ जन्म होस् ।

**संकलनः– प्र.स.नि.रबिन्द्र कलौनी**

## नेपाल प्रहरी सम्बन्धी केही जानकारीहरू

➲ २०१६ सालमा विराटनगर, वीरगन्ज र नेपालगन्जमा ट्राफिक प्रहरीको व्यवस्था भएको थियो ।

➲ वि.स. २०३० सालमा घोडाचढी तालिमको सुरुवात भएको थियो ।

➲ वि.सं.२०३१ सालमा इन्जिनियरिङ्ग शाखाको स्थापना भई प्राविधिक समूहमा इन्जिनियर र ओभरसियरलाई खुल्ला प्रतियोगिताद्वारा प्रहरी सेवामा भर्ना लिन थालिएको थियो ।

➲ वि.स. २०४९ सालमा प्रहरी नियमावली अनुसार पुनः प्रहरी सेवाको वर्गिकरण जनपद, सशस्त्र, ट्राफिक, पहरा प्रहरी र दङ्गा प्रहरी भएको थियो ।

**संकलनः– प्र.व.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**इन्द्रदेव यादव विरुद्ध निजामती किताबखाना पुल्चोक (ने.का.प. २०७५, अंक ७, पृष्ठ १२३५ नि.नं. १००४२)**

विपक्षी निजामती किताबखानाले आफ्नो दायित्व समयमा नै पूरा गर्न नसकेको कारण निवेदक अधिक अवधि कार्यरत रहेको अवस्थामा निवेदकले राज्यकोषबाट प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर भन्नु प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने ।

विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावली अनुरुप निवृत्त हुने अवधि किटान गरी अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनु पर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९ 'क' को उपनियम (४) र (५) मा भएको कानुनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य होइन । त्यसैले विपक्षी निजामती किताबखानाको कमजोरी वा भुलको परिणाम निवेदकले बेहोर्नु पर्छ भन्न कानुन र न्यायको मान्य सिद्धान्तको विपरीत हुने ।

विना पारिश्रमिक काममा लगाउदा श्रम शोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन् हुन जाने ।

**संकलनः– प्र.व.ना.नि. प्रमोद उपाध्याय पण्डित**

**मुक्तक**



✍ **रन्जना पराजुली लम्साल**

तीजमा चेलीलाई माइतीको आँगन टेक्ने रहर,
मिठो मानी आमाको हातले पकाएको खाने दर ।
दिदीबहिनी संगीसँगै भेट हुने यो चाडलाई
रमाइलो मान्दै नाच्छन् बिर्सिएर पराई घर ।।

पहेँलै छन् धान खेतमा गाईबस्तु गोठैमा,
आँगनी राम्रो सयपत्री मखमली फूलैमा ।
विदेश जाने फर्की आउ वर्ष दिनको चाड सम्झी,
खुसी ल्याई साथीसंगी बाआमाको ओठैमा ।।

यता उज्यालो हुँदा उता हुने राती,
बोल्ने समय नमिल्दा पोल्ने गर्छ छाती ।
दुःख सुख जे जस्तो बाँडीचुँडी गर्दै,
सँगै बसी दुई गाँस खाएकै थियो जाती ।।